बोधिपक्खिय दीपनी

बौ.द.५३३

७. आठ मग्गङ्ग

६. सात बोज्झङ्ग

४. पाँच इन्द्रिय

५. पाँच बल

३. चार इद्धिपाद

१. चार सति-पट्ठान

२. चार सम्मप्पधान

अनु. नानीमैयाँ मानन्धर

३

बोधिपक्खिय दीपनी

~~बौ.द.~~ ९२३९ ...

बौ.द. ५३३

मूल लेखकः

अग्गमहापण्डित लेदी सयादो डी. लिट्.

द ९२३९

अनुवादिकाः

नानीमैयाँ मानन्धर

प्रकाशक समूह :

(१) भिक्षु अनिरुद्ध महास्थविर (राजकीय बुद्ध मन्दिर, लुम्बिनी) रू. १५००।-
(२) अनागारिका विरती (उपासिकाराम, किण्डोल विहार) रू. १०००।-
(३) श्री नन्दसिद्धि बज्राचार्य (मखन) रू. १०००।-
(४) श्री योगसिद्धि बज्राचार्य (मखन) रू. २००।-
(५) श्री हिराकाजी सुजिकार (नागबहाल) रू. ५००।-
(६) श्रीमती लक्ष्मीप्रभा तुलाधर (असन) रू. ५००।-
(७) श्रीमती हिरादेवी मानन्धर (मरुहिटी, क्याम्प होटल) रू. ५००।-
(८) श्रीमती कृष्णमाया मानन्धर (क्षेत्रपाटी) रू. ६००।-
(९) श्रीमती चम्पावती बनियाँ (इतुंबहाल) रू. १००।-

बुद्ध-सम्वत्– २५२५
विक्रम-सम्वत्– २०३८
प्रथम संस्करण– १०००
मूल्यः ८।–

थाकू :
शाक्य प्रेस
ओम्‌बहाल, जोरगणेश
फोन : १३६०४

समर्पण

विपश्यना - आचार्य
श्री सत्यनारायण गोयन्काजीका
कर कमलमा
सादर
समर्पित्!

विषय-सूचि

विषय	पृष्ठ
भूमिका	क–ट
दुइ-शब्द	ट–थ
परिचय	१–३६
(क) चार प्रकारका पुद्गल :	
(i) उग्घाटितञ्ञु पुग्गल	
(ii) विपञ्चितञ्ञु पुग्गल	
(iii) नेय्य पुग्गल	
(iv) पदपरम पुग्गल	
(ख) तीन प्रकारका पुद्गल	५
(ग) पच्छिम भविक भए पनि	८
(घ) मुक्त हुन सक्ने गरी आचरण गर्न सके मात्र	६
(ङ) पुद्गल चार प्रकारका र तीन प्रकारका :	११
(i) नेय्य र पदपरम पुद्गलको आवश्यक अभ्यास काल :	११
(च) यी दुइ जातिका पुद्गलहरूमा :	१२
(i) नेय्य पुग्गल	१२
(ii) पदपरम पुग्गल	१३
(छ) आर्य-काल	१३

(ज) सील १३
(झ) समाधि १५
(ञ) पञ्ञा १६
(ट) गहिरिएर सोच्नु पर्ने कुरा १६
(ठ) चार महाभूतलाई जान्न सकेमा १७
(ड) विज्जा र चरण १८
(ढ) चरण मात्र भएको व्यक्तिको परिणाम १८
(ण) विज्जा मात्र भएका व्यक्तिका परिणाम १६
(त) मुख्य कुरो २१
(थ) सद्धम्मको अर्थ २३
(द) भावी भगवान बुद्धका प्रतीक्षा गर्नेहरूका निमित्त अभ्यास नियम २४
(न) निर्दिष्ट अभ्यासका नियममा लाग्नु अनावश्यक २५
(प) वर्तमान समयका महत्वमा अनभिज्ञ रहँदा विज्जा-बीज प्राप्त गर्ने अवकाशबाट बञ्चित् २७
(फ) अधिकार ३०
(ब) आजको मिथ्या धर्म । सल्लाह र चेताउनी ३२
(i) त्रिपिटकको सार ३२
(ii) निच्च सील ३३
(भ) धम्मन्तराय ३४

I बोधिपक्खिय धम्म ३७-१५०
१. चार सतिपट्ठान ३८-५३
(i) कायानुपस्सना-सतिपट्ठान

(ii) वेदनानुपस्सना-सतिपट्ठान
(iii) चित्तानुपस्सना-सतिपट्ठान
(iv) धम्मानुपस्सना-सतिपट्ठान ।
(क) चित्त शान्त हुने कम ४०
२. चार सम्मप्पधान ५४-८०
(i) उप्पन्नानं अकुसलानं धम्मानं पहानाय वायामो,
(ii) अनुप्पन्नानं अकुसलानं धम्मा नं अनुप्पादाय वायामो,
(iii) अनुप्पन्नानं कुसलानं धम्मानं उप्पादाय वायामो,
(iv) उप्पन्नानं कुसलानं धम्मानं भिय्योभावाय वायामो ।
(क) सिद्ध हुने गरी कोशिश गरेन ५५
(ख) उप्पन्न र अनुप्पन्न अकुसल कम्म ५९
(ग) उप्पन्न र अनुप्पन्न कुसल कम्म ६३
(i) वीतिक्कम भूमि
(ii) परियुट्ठान भूमि
(iii) अनुसय भूमि
(घ) उप्पन्न र अनुप्पन्न सील ७१
(ङ) उप्पन्न र अनुप्पन्न समाधि ७३
(च) उप्पन्न अनुप्पन्न पञ्ञा ७६
IV चार इद्धिपाद ८१-९०
१. इद्धिपाद ८३
(i) छन्दिद्धिपादो
(ii) वीरियिद्धिपादो
(iii) चित्तिद्धिपादो
(iv) वीमंसिद्धिपादो

V पाँच इन्द्रिय ९१-१०९
(i) सद्धिन्द्रिय
(ii) वीरियिन्द्रिय
(iii) सतिन्द्रिय
(iv) समाधिन्द्रिय
(v) पञ्ञिन्द्रिय
(क) मानिसलाई कार्यले जित्नु ९४
VI पाँच बल ११०-१२४
(i) सद्धा-बल
(ii) वीरिय-बल
(iii) सति-बल
(iv) समाधि-बल
(v) पञ्ञा-बल
(क) इद्धिपाद बल ११८
(ख) अरिय वंस पटिपत्ति लोप ११८
(ग) अज्ञातको कारण १२०
(घ) लोक कार्य १२०
VII सात सम्बोज्झङ्ग १२५-१३२
(i) सति सम्बोज्झङ्ग
(ii) धम्मविचय सम्बोज्झङ्ग
(iii) वीरिय सम्बोज्झङ्ग
(iv) पीति सम्बोज्झङ्ग
(v) पस्सद्धि सम्बोज्झङ्ग
(vi) समाधि सम्बोज्झङ्ग
(vii) उपेक्खा सम्बोज्झङ्ग

VII आठ मग्गाङ्ग १३३-१४६
(i) सम्मा-दिट्ठि
(ii) सम्मा-संकप्प
(iii) सम्मा-वाचा
(iv) सम्मा-कम्मन्त
(v) सम्मा-आजीव
(vi) सम्मा-वायाम
(vii) सम्मा- सति
(viii) सम्मा-समाधि।
(क) सीलक्खन्ध मग्गङ्ग १३६
(ख) समाधिक्खन्ध मग्गङ्ग १३७
(ग) पञ्ञाक्खन्ध मग्गङ्ग १३९
(घ) सम्यक्-दृष्टि स्रोत १४१
IX बोधिपक्खिय धम्म कसरी
अभ्यास गर्ने? १४७-१५०
X सासन-दायाद १५१-१८२
१. आमिस दायाद १५२
२. धम्म दायाद १५२
३. लोकिय धम्म दायाद दुइ प्रकारका छन् १५३
(i) वट्ट निस्सित धम्म-दायाद
(ii) विवट्ट निस्सित धम्म-दायाद
४. सात सासनाधिकारी १५५
(i) भिक्खु
(ii) भिक्खुणी

(iii) सामणेर
(iv) सामणेरी
(v) सिक्खमाना
(vi) उपासक
(vii) उपासिका
(क) लोकिय सील दायाद १५६
(ख) लोकुत्तर सील दायाद १५७
(ग) धम्मानुधम्म पटिपत्ति १५८
(घ) आंशिक गुणले परिपूर्ण पुद्गल १५९
(ङ) अनियत अंशियार १७३
(च) दिट्ठिको विषयमा पनि १७६
(छ) महानभूल १७६
(ज) नियत अंशियार १७७
(झ) प्रेरणा १७९
(ञ) नियत-अंशियार वट्टाभिरत स्रोतापन्न १८१

भूमिका

"बोधिपक्खिय दीपनी" बर्माका अग्गमहापण्डित लेदी सयादो, डी. लिट.का अनेक दीपनीहरू मध्ये एक अमूल्य दीपनी हो । उहाँका अरू दीपनीहरूमा त्रिपिटक ग्रन्थहरूमा आधारित सत्य, तथ्य, सैद्धान्तिक, यथार्थ र क्रमबद्ध रूपमा भाव अभिव्यक्त भए झैं यस दीपनीमा पनि उपर्युक्त गुणाङ्गले भरपूर भई अरू पुद्‌गलको जाति विशेषता, अभ्यासको क्षमता, दृढ प्रतीज्ञाको बल-वीर्य उत्साह-उमङ्ग अनुरूप सात बोधि-अङ्ग सहित आठ मार्ग-अङ्गमा सही रूपले अगि बढ्न सके यस मानव जीवन सार्थक मात्र बन्ने होइन अपितु परम शान्तमय निर्वाण प्राप्ति अवश्यंभावी भएको सारयुक्त निर्देशन किटेर दर्शाइएको छ ।

विश्वका अरू ब्रह्माण्डका समस्त मानव-जातिलाई चार जातिमा विभाजित गरी उनीहरूको पूर्व सञ्चित् पारमी अनुसार **उग्घाटितञ्ञु, विपञ्चितञ्ञु** पुद्‌गल भई तथागत सम्यक् सम्बुद्धलाई स्वयं दर्शन-भेट गरी उहाँको उपदेश सुनेर तद्‌अनुसार आचरण गरी अचीर कालमा नै जीवनमुक्त हुने अवसर पाएका र वर्तमान समयका विशेषतः बुद्ध-शासन छँदै यस शासन भित्र परेका **नेय्य र पदपरम** जातिका पुद्‌गलले मन, वचन, कर्म परिशुद्ध गरी शील, समाधि, प्रज्ञालाई उत्तरोत्तर

अविवृद्धि गर्दै बोधि-अङ्ग र मार्ग-अङ्ग परिपूर्ण गर्न सके यसै जीवनमा अमृत निर्वाण प्राप्त गर्न सक्ने शक्ति सम्पन्न भएको तथ्य र कथंकदाचित् यस जीवनमा प्राप्त गर्ने अवकास नपाएमा अपाय-भूमिबाट विमुक्त भई अर्को जन्ममा देव-भूमि वा मनुष्य-भूमिबाट अवश्य प्राप्त गर्न सक्ने क्षमता निहित भएको कुरा उल्लेख गरिएको छ ।

"बोधिपक्खिय दीपनी"मा चार जातिका पुद्गल विशेषताका वर्णन अतिरिक्त सैंतीस बोधिपक्षीय-धर्म समावेश गरिएको छ । तद्-अनुसार चार **सतिपट्ठान**— (१) **कायानुपस्सना-सतिपट्ठान**, (२) **वेदनानुपस्सना-सतिपट्ठान**, (३) **चित्तानुपस्सना-सतिपट्ठान** र **धम्मानुपस्सना-सतिपट्ठान**लाई उल्लेख गर्दै उक्त स्मृतिप्रस्थानको परिभाषा पालि संक्षेपमा यसरी दिइएको छ—

"भुसं तिट्ठतीति पट्ठानं, सति एव पट्ठानं सतिपट्ठानं ।"

अर्थात् दृढ रूपले स्थिर हुनेलाई **पट्ठान** भनिन्छ । स्मृति दृढ भइरहने हुनाले **सति-पट्ठान** भनिएको हो ।

–(पृष्ठ– ३८)

(१) **"उप्पन्नानं अकुसलानं धम्मानं पहानाय वायामो,**
(२) **अनुप्पन्नानं अकुसलानं धम्मानं अनुप्पादाय वायामो,**
(३) **अनुप्पन्नानं कुसलानं धम्मानं उप्पादाय वायामो,**
(४) **उप्पन्नानं कुसलानं धम्मानं भिय्यो भावाय वायामो ।"**

यी चार **सम्मप्पधान** हुन् । **सम्मप्पधान**को परिचय यसरी

पनि दिइएको छ––

"मुसं वहति वहतीति पधानं,
सम्मदेव पधानं सम्मप्पधानं।"

अर्थात् वढी मात्रामा वहन गर्नु पर्ने भएकोले प्रधान भनिन्छ। धर्मलाई राम्रोसंग वढी मात्रामा बहन गर्नु पर्ने भएकोले **सम्मप्पधान** भनिएका हुन्।

–(पृष्ठ– ५४)

चार इद्धिपाद–– (१) **छन्दिद्धिपादो**, (२) **वीरियिद्धिपादो**, (३) **चित्तिद्धिपादो** र (४) **वीमंसिद्धिपादो** मध्ये केवल '**इद्धिपाद**' शब्दको अर्थ मात्रै यसरी अभिव्यक्त गरिएको छ––

"इद्धिया पादो इद्धिपादो।"

अर्थात् मूल वा आधार प्राप्तिको पूर्णावस्था अथवा परिपक्वावस्था। यसर्थ यसलाई '**इद्धिपादो**' भनिन्छ।

–(पृष्ठ– ८३, ८४)

पाँच इन्द्रिय (१) **सद्धिन्द्रिय**, (१) **वीरियिन्द्रिय**, (३) **सतिन्द्रिय**, (४) **समाधिन्द्रिय**, र (५) **पञ्ञिन्द्रियमा** केवल '**इन्द्रिय**'को अर्थ हो––

"इन्दस्स कम्मं इन्द्रियं।"

यसको भावार्थ हो– शासक अथवा नियन्त्रकले जसमाथि नियन्त्रण गर्दछ, त्यही '**इन्द्रिय**' हो। यसको तात्पर्य हो– चित्त-

लाई नियन्त्रण गर्नु ।

–(पृष्ठ– ६१)

पाँच इन्द्रिय भए झैं पाँच बल छन्– (१) सद्धा-बल, (२) वीरिय-बल, (३) सति-बल, (४) समाधि-बल र (५) पञ्ञा-बल ।

"पटिपक्ख धम्मे बलियन्तीति बलानि ।"

अर्थात् विपक्ष धर्ममा थिचिराख्ने हुनाले बल भनिन्छ ।

पालि पिटक अनुसार:

"अकम्पनट्ठेन बलानि"

अर्थ– विपक्षताको समागम हुँदा निःडर भई स्थिर रहने भएकोले 'बल' भनिन्छ ।

–(पृष्ठ– ११०)

सात सम्बोज्झङ्ग— (१) सति-सम्बोज्झङ्ग, (२) धम्मविचय-सम्बोज्झङ्ग, (३) वीरिय-सम्बोज्झङ्ग, (४) पीति-सम्बोज्झङ्ग, (५) पस्सद्धि-सम्बोज्झङ्ग, (६) समाधि-सम्बोज्झङ्ग र (७) उपेक्खा-सम्बोज्झङ्ग, मध्ये केवल 'सम्बोज्झङ्ग' को शाब्दिक अर्थ यसरी व्यक्त गरिएको छ–

"चतुसच्चधम्मे सुट्ठु बुज्झतीति सम्बोधि। सम्बोधिया अङ्गो सम्बोज्झङ्गो ।"

अर्थात् चार आर्य-सत्य यथार्थतः अववोध गर्न सक्ने भएकोले 'सम्बोधि' भनिन्छ । अर्को शब्दमा: मार्ग-ज्ञानसंग

सम्बन्धित् भएकोले **'सम्बोज्झङ्गो'** भनिएको हो ।

–(पृष्ठ– १२५)

यी सम्बोध्यङ्गमा स्मृति, धर्मविचय, वीर्य, प्रीति, प्रश्रब्धि, समाधि र उपेक्षा गुणाङ्गले परिपूर्ण हुँदा अथवा पुद्गल यी सातै सम्बोधि-अङ्गले युक्त हुँदा साँच्चै "चार द्वीपका मालिक, सप्त रत्नले संयुक्त भएका चक्रवर्ती राजाले संसारमा अतुलनीय र अद्वितीय सुख-सुविधा अनुभव गरे झैं यी सात सम्बोधि गुणाङ्ग समभावले विभूषित भएको योगावचरले यस शासनमा सांसारिक कुनै सुखसंग तुलना गर्न नसकिने अतुलनीय र अद्वितीय श्रमणसुख आनन्द अनुभव गर्दछ ।"

(१) **सम्मा- दिट्ठि**, (२) **सम्मा- संकप्प**, (३) **सम्मा- वाचा**, (४) **सम्मा-कम्मन्त**, (५) **सम्मा-आजीव**, (६) **सम्मा-वायाम**, (७) **सम्मा- सति** र (८) **सम्मा-समाधि**— यी आठ मार्ग-अङ्गमा **मग्गङ्ग**को परिचय यसरी दिइएको छ–

"किलेसे मारेन्तो निब्बानं गच्छति एतेनाति मग्गो ।"

अर्थात् यी धर्मले सत्काय-दृष्टि, आदि क्लेशलाई हटाई अपाय-दुःख र वट्ट-दुःख अन्त गरी निर्वाण सम्म पुऱ्याइदिनमा समर्थ भएकोले **'मग्ग'** (मार्ग) भनिन्छ ।

–(पृष्ठ–१३३)

यी नै आठ मार्ग-अङ्गलाई शील-स्कन्ध, समाधि-स्कन्ध र प्रज्ञा-स्कन्धमा विभाजित गरिए अनुसार शील-विशुद्धिलाई

पूर्ण गरी कायगता-स्मृतिप्रस्थान, आदि भावना-कृत्य स्थापना गरेको क्षणदेखि सतत् जागरुक रही समाधि-स्कन्ध र विपश्यना ज्ञानद्वारा प्राप्त प्रज्ञा-स्कन्ध पनि नित्य नियाम रूपमा परिणत भइसकेपछि पुद्गल (सत्व) पृथक्जन अवस्थाबाट अतिक्रमण गरी सत्काय-दृष्टि र अनुसय भूमिमा फर्कन योग्य नभई आर्य अवस्थामा पुग्दछ । त्यस्तै लौकिक भूमि-निवासीवाट लोकुत्तर भूमि-निवासी र **वट्ट-दुक्खसंग** सम्बन्ध नरहेको निर्वाण-भूमि निवासीमा गनिन्छ र **स-उपादिसेस निब्बान**को पहिलो अवस्थामा स्थायी रूपले आरूढ भई (**वट्टाभिरत** स्रोतापन्न भएमा) अनेक भव-चक्र र लोक-चक्रको अवधिमा इच्छानुसार मनुष्य, देव र ब्रह्माको सुख-सुविधा अनुभव गर्दछ ।

यसरी "बोधिपक्खिय दीपनी" मा सम्पूर्ण सैंतीस बोधि-पक्षीय-धर्म– चार स्मृति-प्रस्थान, चार सम्यक्-प्रधान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच वल, सात बोध्यङ्ग र आठ मार्गङ्ग र यी बोधि-अङ्गका अङ्ग-प्रत्यङ्ग स्वरूप अरू अनेक अङ्ग– पुद्गल-जाति विशेषता ; **विज्जा** र **चरण**का महत्ता; **धम्मन्तराय-पुण्यन्तराय**का व्याख्या; शमथ-विपश्यना भावनामा अनेक उपमा उपमेयको विवरण; **वीतिक्कम, परियुट्ठान, अनुसय** भूमि विनष्ट गर्ने उपाय, **उप्पन्न-अनुप्पन्न** र नियाम-अनियामका भेदले शील, समाधि, प्रज्ञाको विश्लेषण ; पाँच **पटिपक्ख— तण्हा, कोसज्ज, मुट्ठसच्च, विक्खेप** र **सम्मोह** अकुशल धर्मका विवरणका साथै **सासन-दायाद** र **सासना-धिकारी-**

हरूका कुरा समेत छर्लङ्गयाई आजका गृहस्थ, श्रमण र भिक्षु-हरूलाई **भव - सम्पत्ति, भोग - सम्पत्ति, इस्सरिय - सम्पत्तिको** लोभ-लालचमा नलागी; **पच्चयामिस, लोकामिस र वट्टामिस** तण्हाको भूमरीबाट बच्न चार **अरियवंस**-धर्मको अनुगमन गरी **आजीवट्ठ-मक** शील राम्रोसंग पालन गरी **कायगता-सति** भावना स्थापना गरी पञ्चस्कन्ध धर्ममा कम से कम दिनको तीन घण्टा भाव-नामा अभ्यास गरी त्रि-लक्षण मध्ये कुनै एक लक्षण साक्षात्कार गरी नियत-अंशियार र **वट्टाभिरत** स्रोतापन्न भावमा पुग्न अग्गमहापण्डित लेदी सयादोले हार्दिक आह्वान गर्नु भएको छ। कारण, "राजा, देव र इन्द्रले जुन लौकिक सुख अनुभव गर्दछन्। त्यस सुखमा सात सम्बोधि-अङ्ग पूर्ण गरी विपश्यना भावना गर्ने योगावचर पुद्गलले अनुभव गर्ने सुख-आनन्द भन्दा २५६ भागको एक भाग पनि बराबर हुँदैन।" यसकारण भगवान बुद्धले भन्नु भएको छ–

"सब्बरसं धम्मरसो जिनाति।"

अर्थात् सबै रसलाई धर्म रसले जित्दछ।

–(पृष्ठ-१२९)

अग्गमहापण्डित लेदी सयादोका सयौं 'दीपनी' मध्ये प्रस्तुत "बोधिपक्खिय दीपनी" "मग्गङ्ग दीपनी" पश्चात्‌को मेरो दोस्रो अनुदित 'दीपनी' हो। केवल अंग्रेजी अनुवादले मात्र यस गम्भीर पुस्तकमा रहेको सही तथ्य छर्लङ्गयाउन पर्याप्त नभ-एको महसूस गरी लेखकको मूल पुस्तक बर्मीजसंग शुरूदेखि

अन्तसम्म सामन्जस्यता ल्याउन श्रेयस्कर देखी श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरसंग यस विषयमा सादर निवेदन गर्दा उहाँले आफ्नो अमूल्य समय दिई अथक परिश्रम गर्नुभई संशोधन जस्तो गाहारो कार्यमा मैत्रीपूर्ण सहयोग गर्नु भयो । त्यति मात्र होइन, 'बुद्ध-शासन चिरस्थायीको निमित्त भिक्षु, भिक्षुणी, उपासक, उपासिकाले के कस्तो जिम्मेदारी वहन गर्नु पर्दछ' भन्ने सही निर्देशनको साथै लेखक अग्गमहा-पण्डित लेदी सयादोको विद्वताको सङ्केत र वर्तमान युगमा "बोधिपक्खिय दीपनी"को महत्ता समेत उल्लेख गरिएको "दुइ-शब्द" लेखी दिनुभई ठूलो उपकार गर्नु भयो । साँच्चै भन्ने हो भने प्रस्तुत पुस्तक यस रूपमा निस्कन सकेको श्रेय उहाँलाई नै छ । अतएव म उहाँलाई हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु ।

यस पुस्तकका मूल लेखक अग्गमहापण्डित (भद्दन्त ञाण महास्थविर) लेदी सयादोको ऋणी त म छँदैछु । साथै "बोधि पक्खिय दीपनी"का अंग्रेजी भाषाका अनुवादक स्वर्गीय "ऊ सैं न्यो थ्वँ I. C. S." (U. SEIN NYO TUN, Late of Indian civil service) जसले गर्दा प्रस्तुत पुस्तक राष्ट्रिय भाषा नेपालीमा अनुदित गर्ने अवसर पाएँ; अतः उहाँलाई पनि मेरो साधुवाद छ ।

"THE MANUALS OF BUDDHISM" पुस्तक हेर्न दिइराखेकोमा भिक्षु सुमङ्गल पनि धन्यवादका पात्र हुनु-हुन्छ ।

यस पुस्तक लेख्नमा मलाई समयको स्वतन्त्रता दिने मेरा माता-पिता र परिवारका अन्य सदस्यहरूका साथै कुनै कुनै कठिन अंग्रेजी शब्दका अर्थ शब्दकोष हेरी लेखिदिई मद्दत गर्ने भाइ सुभद्रकुमार, प्रुफ पढेर मद्दत गर्ने भाइ भाइराजा समेत सबैलाई मेरो हार्दिक धन्यवाद छ ।

पुस्तक लेख्दैमा अथवा सम्पादन र अनुदित गर्दैमा विना प्रकाशक ग्रन्थ पाठकवर्ग समक्ष नपुग्ने कुरा सर्व विदितै छ । तर पनि "वोधिपक्खिय दीपनी" को अनुदित कार्य मात्र के सिद्धिएको थियो, साधना कै कुराले ओतप्रोत प्रस्तुत पुस्तक प्रकाशनार्थ साधक-साधिकाहरूबाट नै आ-आफ्ना स्वेच्छाले श्रद्धापूर्वक चन्दा प्रदान गर्नु भई 'पुल' समको कार्य गरिदिनु भएकोमा श्रद्धेय भिक्षु अनिरुद्ध महास्थविर, अनागारिका विरती, श्री नन्दसिद्धि बज्राचार्य, श्री योगसिद्धि बज्राचार्य, श्री हिराकाजी सुजिकार, श्रीमती लक्ष्मीप्रभा तुलाधर, श्रीमती हिरादेवी मानन्धर, श्रीमती कृष्णमाया मानन्धर, श्रीमती चम्पावती बनियाँ, आदि समस्त चन्दा दाताहरूलाई मेरो अभ्यन्तरदेखि 'साधुवाद' छ । 'फेरि फेरि पनि यस्तो कल्याणकारी क्षेत्रमा अघि बढ्न सकोस्' भन्ने हार्दिक मङ्गल कामना गर्दछु ।

यसको अतिरिक्त यसै पुस्तकको निमित्त भनी चन्दा दिएका तर १००० कपिलाई बढी हुन गएकोले अग्गमहापण्डित लेदी सयादोले नै लेख्नु भएको अर्को अमूल्य पुस्तक "नियाम दीपनी" अनुदित गर्ने प्रयास गर्दैछु । आशा छ, यस पुस्तकलाई पनि

पर्याप्त चन्दा-दाताहरू अथवा प्रकाशक प्राप्त भएमा समय मै यस पुस्तक पनि पाठक-वर्ग समक्ष प्रस्तुत गर्नेछु । अहिलेसम्म प्राप्त "नियाम दीपनी"का चन्दा दाताहरू– श्रद्धेय भिक्षु अनिरुद्ध महास्थविर, अनागारिका विरती, श्रीमती तुल्सीमाया (रानीपौंवा), श्रीमती रत्नमाया शाक्य (लगन), श्रीमती तुल्सीमाया रञ्जितकार (लगन) हुनुहुन्छ। अतः उहाँहरूलाई फेरि एकचोटि अग्रीम धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत पुस्तक "बोधिपक्खिय दीपनी" "अंग्रेजी इडिटोरियल बोर्ड, युनियन बुद्ध-सासन काउँसिल; गबाई, रंगुन, वर्मा–१९६५" (EDITED BY THE ENGLISH EDITORIAL BOARD UNION BUDDHA SASAN COUNCIL, KABA-AYE, RANGOON, BURMA–1965)बाट अनुदित गरेकी छु । यसमा कहीं कहीं सबै पालि शब्दका ठीक संस्कृत शब्द अनुवाद गर्न अमिल्दो र अप्ठेरो जस्तो देखिएको र साथै बुद्धका मौलिक भाषा (बुद्ध-कालीन जन-भाषा, मागधि) भनिएका पालिका केही शब्द भए पनि मूल रूपमा अविछिन्न रूपले चलिरहोस् र हामीले पनि ती शब्दलाई यथावत् उच्चारण गर्ने मौका मिलिरहोस् भन्ने मनसायले पालि शब्द र गाथालाई सानो अक्षरमा उल्लेख गर्ने यथाशक्य प्रयास गरेकी छु ।

अंग्रेजी अनुदित पुस्तक बर्मीज पुस्तकसंग तुलनात्मक अध्ययन गर्दा कहीं कतै केही फरक देखिन आएको ठाउँमा जहाँ जुन

कुरा राख्नाले भाव स्पष्ट हुन आउँछ त्यसैलाई प्रस्तुत पुस्तकमा प्राथमिकता दिएकी छु र साथै अंग्रेजीमा नभएको बर्मीजमा भएको पाद-टिप्पणी (Foot-notes) र उप-शिर्षक (Sub-title) का अधिकांश भाग पनि यसमा समावेश गरेकी छु ।

तैपनि मेरो भाषाको अल्पज्ञता र बुद्ध-धर्ममा अनभिज्ञाताको कारणबाट यसमा अनेक कमजोरीहरू र प्रुफ सम्बन्धी त्रुटीहरू नहोला भन्न सकिन्न । यी सबै दोष मलाई नै पन्छाई "बोधिपक्खिय दीपनी"मा समुल्लेख भएका अमूल्य, प्रणीत रत्न समानका गम्भीर ज्ञानको ज्योति पुञ्जलाई प्रज्ञाद्वारा प्राप्त गरी निर्वाण लाभी हुन सकुन् । समस्त पाठक-वर्गमा यही मेरो हार्दिक शुभेच्छा छ ! अस्तु ।

निब्बानस्स पच्चयो होतु !

१२/५५९, क्षेत्रपाटी,
काठमाडौं, नेपाल । —नानीमैयाँ
माघ ६, २०३८

दुइ शब्द

बुद्ध-शासनमा समागम भएका भिक्षु, भिक्षुणी, गृहस्थ-हरूले 'धर्मलाई राम्रोसंग गौरव राखी धर्म-पालन गरिएमा शासन चिरस्थायी हुन्छ । तर शासनलाई अगौरव गरी धर्म-पालन गरिएन भने लोकमा बुद्ध उत्पन्न हुने बेलामा मात्र जान्न सकिने धर्म अचीर कालमा नै लोप भएर जानेछ' भनी "निदान वग्ग, संयुत्त पालि, कस्सप संयुत्त" को अन्तिम सूत्रमा भगवान बुद्धले भन्नु भएको छ– "काश्यप, यस शासनमा भिक्षु, भिक्षुणी, उपासक, उपासिकाले (१) बुद्ध प्रति अगौरव गर्दछ, (२) धर्म प्रति अगौरव गर्दछ, (३) संघ प्रति अगौरव गर्दछ, (४) शिक्षा प्रति अगौरव गर्दछ (५) समाधि प्रति अगौरव गर्दछ । काश्यप, यी पाँच सत्पुरुष धर्म लोप भएर जाने, हीन भएर जाने कारण हुन् ।

काश्यप, यस शासनमा भिक्षु, भिक्षुणी, उपासक, उपासि-काले (१) बुद्ध प्रति गौरव राख्दछ, (२) धर्म प्रति गौरव राख्दछ, (३) संघ प्रति गौरव राख्दछ, (४) शिक्षा प्रति गौरव राख्दछ, (५) समाधि प्रति गौरव राख्दछ । काश्यप, यी पाँच सत्पुरुष धर्म स्थिर गराउनको निमित्त, मलिन हुन नदिनको निमित्त, लोप हुन नदिनको निमित्त हुन्छ ।"

त्यसकारण अत्यन्त दुर्लभले मात्र प्राप्त हुने बुद्ध-शासन चिरस्थायी गर्नको निमित्त विभिन्न समयका अनेक विद्वान-हरूले ग्रन्थ लेख्नमा विशेष ध्यान दिइएका छन् । ती विद्वान-हरूका पंक्तिमा वर्माका अग्गमहापण्डित लेदी सयादो महास्थविर पनि सम्मिलित हुनुहुन्छ ।

भगवान बुद्धले उपदेश गर्नु भएका अति गम्भीर धर्मलाई बुझाइदिनको लागि अग्गमहापण्डित लेदी सयादोले धेरै संख्यामा ग्रन्थहरू लेख्नु भयो । उहाँका ती ग्रन्थहरूमा "दीपनी" मात्र सयौं भन्दा बढी संख्यामा छन् । ती "दीपनी" हरू मध्ये "बोधिपक्खिय दीपनी" पनि एउटा हो ।

भगवान बुद्धले अन्तिम यात्रा गर्नु हुँदा वैशालीको कुटा-गार शालामा भिक्षुहरूलाई एकत्र गर्न लगाउनु भई आनन्दलाई सम्बोधन गर्नु भई सप्ततींस बोधिपक्षीय-धर्म देशना गर्नु भएको कुरा 'दीघ निकाय' को 'महापरिनिर्वाण सूत्र'मा समुल्लेख भएको पाइन्छ ।

सप्ततींस बोधिपक्षीय-धर्म हुन्– चार स्मृति-प्रस्थान, चार सम्यक्-प्रधान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच बल, सात बोध्यङ्ग र आठ मार्गाङ्ग । यी नै सैंतीस बोधिपक्षीय-धर्म नै सम्पूर्ण त्रिपिटकका सार हुन् ।

प्रस्तुत पुस्तकमा ग्रन्थकारकले सैंतीस बोधिपक्षीय-धर्म-लाई दियो बाली देखाए झैं स्पष्ट रूपले दर्शाउनु भएको छ । अतएव यस पुस्तकको नाउँ "बोधिपक्षीय दीपनी" रहन गएको

हो ।

यहाँ 'लेदी सयादो' को केही कुरा उल्लेख गर्ने प्रयास गर्दछु ।

यस पुस्तकका मूल लेखक अग्गमहापण्डित भद्दन्त ञाण महास्थविर हो । उहाँ बौद्ध-जगतमा 'लेदी सयादो' को नामले परिचित हुनुहुन्छ । उहाँ आधुनिक युगको एक प्रसिद्ध पण्डित हुनुहुन्छ । बर्मामा ब्रिटिश राज्य-कालमा बर्मी सम्वत् १२७७ (सन् १९१५) मा उहाँलाई नै सर्व प्रथम 'अग्गमहापण्डित' उपाधि प्रदान गरेको थियो । फेरि बर्मी सम्वत् १२८३ (सन् १९२१) मा रंगुन युनिभर्सिटी उद्घाटन समारोहमा युनिभर्सिटीका कुलपतिले उहाँलाई डी. लिट् (DOCTOR OF THE LITERATURE) को उपाधि प्रदान गरे ।

उहाँले बर्माको विभिन्न स्थानमा धर्म प्रचार गर्नु भयो । उहाँ धर्म-कथिक र ग्रन्थकार मात्र होइन 'भने अनुसार गर्ने, गरे अनुसार भन्ने' "यथावादी तथाकारी" पनि हुनुहुन्छ ।

उहाँले जन-साधारण भाषामा पुस्तक लेख्नु हुन्थ्यो । एक ठाउँमा उहाँले यसरी भन्नु भएको छ– "मैले लेखेको पुस्तकमा जङ्गल-पर्वतको ध्वनि गुञ्जिएको हुन्छ" ।

अग्गमहापण्डित लेदी सयादोको विद्वतामा प्रभावित भई बर्माका छट्ठ-संगायनका द्वितीय नायक हुने अग्गमहापण्डित "अभिधजमारट्ठ गुरु मासोयें सयादो"ले आफू कहाँ आउने एक जना मानिसलाई भनेर पठाउनु भयो– "बुद्ध-धर्म प्रचार

गर्ने हो भने लेदी सयादोले लेख्नु भएका सबै दीपनी प्रकाशन गर्नु भनी बुद्ध-शासन काउँसिलका अफिसर ऊ. ल्हा माउँलाई भन्नु ।" उहाँको आज्ञानुसार बुद्ध-शासन काउँसिलले आठ आठ पुस्तकको एक एक ग्रुप गरी 'दीपनी' हरू प्रकाशित गरे । यो भन्दा पहिल्यै सबै 'दीपनी'हरू पब्लिकबाट पनि प्रकाशन भइसकेका थिए ।

उहाँका दीपनीहरू अंग्रेजी र सींहली भाषामा पनि अनुदित भइसकेका छन् ।

करिव चार-पाँच वर्ष अगाडिको कुरो हो, 'सुश्री नानीमैयाँ मानन्धरले सैंतीस बोधिपक्षीय-धर्म सम्बन्धी एउटा पुस्तक लेख्ने विचार मलाई व्यक्त गर्नु भयो ।' 'बोधिपक्षीय-धर्म सम्बन्धी पुस्तक नै लेख्ने हो भने यता-उतीको पुस्तक हेरिरहन नपर्ने गरी अग्गमहापण्डित लेदी सयादोले लेख्नु भएको अंग्रेजी अनुदित पुस्तकबाट अनुवाद गर्नु भए राम्रो होला' भनी उहाँलाई सूझाव दिएँ । उहाँले आयुष्मान सुमङ्गलसंग उक्त पुस्तक लिई अनुवाद गर्नु भयो । बर्मी हेरी भाव-स्पष्ट नभएको ठाउँमा स्पष्ट पार्न मैले सक्दो सहयोग गरें । अनुवादको कार्य पूरा गर्नु भयो । मलाई यस पुस्तकको अनुवाद राम्रो लाग्यो । अनुवाद गर्ने कार्य सजिलो होइन; त्यसमा पनि गम्भीर धर्मको विषयमा ।

सुश्री मानन्धरज्यूले समय-सुहाउँदो लेदी सयादोले लेख्नु भएको अमूल्य पुस्तक "वोधिपक्षीय दीपनी"को अनुवाद गरी

राष्ट्रिय भाषा-भाषीहरूको समक्ष राख्नु भई साँचै जनसेवा गर्नु भयो ।

किनभने यी एक-दुइ वर्ष भित्रमा कर्मस्थानाचार्य अग्ग-महापण्डित महासी सयादो, श्री सत्यनारायण गोयन्का, "सास-नधज सिरिपवर धम्माचरिय दोपञ्ञाचारी" जस्ता ध्यान गुरु-गुरुमाहरू नेपालमा आउनु भई काठमाडौं र लुम्बिनीमा ध्यान-शिविर लगाउनु भयो । उहाँहरूले साधक-साधिकाहरूलाई साधना सिकाउनु र प्रवचन दिनुभई लाभान्वित पार्नु भयो । जसले गर्दा नेपालीहरूमा 'साधना गर्नु पर्ने रहेछ' भन्ने महसूस भयो । फलस्वरूप कहीं दिन-दिनै, कहीं सप्ताहको एक चोटी सामूहिक भावना गर्ने व्यवस्था पनि भइसकेको छ । यसकारण 'प्रस्तुत पुस्तक समय-सुहाउँदो छ' भन्ने मलाई लाग्दछ ।

भगवान बुद्धले 'यस संसार र यस संसारका प्रत्येक वस्तु कारण र परिणाम भित्र सीमित छ' भनी भन्नु भएको छ । यही प्रतीत्यसमुत्पाद-धर्मलाई आजका वैज्ञानिकहरूले पनि स्वीकारेका छन् । यसैले पनि 'यो पुस्तक समय-सुहाउंदो प्रस्तुत हुँदैछ' भन्ने मेरो धारणा हो ।

'सज्जन-वर्गहरूले स्वयं अध्ययन गर्नु भएपछि यस पुस्तकको महत्व स्वतः स्पष्ट हुनेछ' भन्ने मलाई विश्वास छ ।

"वोधिपक्षीय दोपनो"मा शील, समाधि र प्रज्ञाको विषयमा स्पष्ट उल्लेख भएको छ । जुन जीवन-मुक्तिको निमित्त अत्यावश्यक पनि हो ।

सुश्री नानीमैयाँ मानन्धर "नेपाल बौद्ध परियत्ति शिक्षा" को एक शिक्षिका पनि हुनुहुन्छ ।

उहाँले भारतमा भएको श्री सत्यनारायण गोयन्काज्यूको 'विपश्यना साधना-शिविर'मा बस्नु भइसकेपछि खिप्पपञ्ञो भिक्षु (वियतनामको एक भिक्षु) नेपाल आउनु भएको बेलामा वलम्बुमा भएको ध्यान-शिविरमा पनि अनेक पटक भाग लिइ-सक्नु भएको छ । पछि लुम्बिनीमा भएको महासी सयादोको 'ध्यान-शिविर'मा पनि सम्मिलित हुनु भयो । एक गृहस्थ भएर पनि उहाँ धर्म प्रति श्रद्धा एवं ध्यान-भावनामा विशेष अभिरूची राख्नु हुन्छ । उहाँका अरू राम्रा राम्रा मौलिक तथा अनुदित पुस्तकहरू केही संख्यामा प्रकाशित भइसकेका छन् ।

मलाई आशा छ "बोधिपक्खिय दीपनी"ले पाठक-वर्गलाई बुद्ध-धर्म सम्बन्धी गम्भीर रूपले अध्ययन गर्न प्रेरणा मिल्ने छ ।

अन्तमा, अमूल्य ग्रन्थ अनुवाद गर्नु भएकोमा सुश्री नानी-मैयाँ मानन्धरलाई 'साधुवाद' छ । साथै 'लेदी सयादोका अरू दीपनीहरू पनि अनुवाद गर्दै लैजान सकुन्' भनी शुभ-मङ्गल कामना गर्दछु । अस्तु ।

श्री सुमङ्गल विहार,
८ भाद्र, २०३८

—भिक्षु बुद्धघोष

बोधिपक्खिय दीपनी

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"

उनी भगवान अर्हत् सम्यक् सम्बुद्धलाई नमस्कार ।

परिचय

चार प्रकारका पुद्गल–

पुग्गल पञ्ञत्ति[A] र **अंगुत्तर निकाय**[B] अनुसार बुद्ध-शासनमा समागम हुने संयोग परेका पुद्गलहरू चार जातिमा विभाजन गर्न सकिन्छ । जस्तै––

(१) **उग्घाटितञ्ञु पुग्गल** (उद्घाटितज्ञ पुद्गल),
(२) **विपञ्चितञ्ञु पुग्गल** (विपश्चितज्ञ पुद्गल),
(३) **नेय्य पुग्गल** (नेय्य पुद्गल) र
(४) **पदपरम पुग्गल** (पदपरम पुद्गल) ।

(१) उग्घाटितञ्ञु पुग्गल– यी चार जातिका पुद्गलहरू मध्ये भगवान बुद्धलाई स्वयं दर्शन-भेट गर्ने अवसर

A. अभिधम्म पिटक, पुग्गल पञ्ञत्ति ।

B. सुत्तन्त पिटक, अंगुत्तर निकाय, चतुक्क निपात । (Page 452, 6th Syn. Edn.)

प्राप्त गरी उहाँको उद्देस[I] सुनेर मात्र नै आर्य मार्ग र फल प्राप्त गर्ने समर्थ भएको पुद्गललाई उग्घाटितज्ञ पुद्गल भनिन्छ ।

(२) **विपञ्चितञ्ञु पुग्गल–** विपञ्चितज्ञ जातिका पुद्गलमा संक्षिप्त देशना सुनेर मात्र आर्य मार्ग र फल प्राप्त गर्ने समर्थ हुँदैन । त्यस संक्षिप्त देशनालाई विस्तार पूर्वक व्याख्या गरिदिएको खण्डमा उसले आर्य मार्ग र फल प्राप्त गर्न सक्तछ ।

(३) **नेय्य पुग्गल–** **नेय्य** जातिका पुद्गलमा **उद्देस–निद्देस**[II] पूर्वक गर्नु भएको उपदेश सुनेर मात्र आर्य मार्ग र फल प्राप्त गर्ने समर्थ हुँदैन । तर आवश्यकता अनुसार अध्ययन गरेर उपदेश र अर्थलाई लामो अवधि सम्म सम्झी त्यस अनुसार दिनहुँ, महिनौं, वर्षौं अभ्यास गरेको खण्डमा उसले मार्ग र फल प्राप्त गर्न सक्तछ ।

यस **नेय्य** जातिका पुद्गलहरूको आफूमा भएको परिपक्व र अपरिपक्व पारमी र कडा र नरम क्लेशहरू अनुसार अभ्यासको अवधि पनि घट-बढ हुन सक्तछ । कसैलाई अभ्यासको अवधि सात दिन भए पुग्दछ भने कसैलाई तीस वर्ष वा साठी वर्ष सम्म पनि लाग्दछ ।

I. **संक्षिप्त देशना ।**

II. **संक्षिप्त र विस्तार ।**

यी जातिलाई अरू विभाजित गर्न सकिन्छ। जस्तै–अभ्यासको अवधि सात दिन हुने पुद्गलहरूको सम्बन्धमा जीवनको प्रथम बयस वा दुतीय वयसमा[I] अभ्यास गर्न सके उसले अर्हत्वको स्थितिसम्म प्राप्त गर्न सक्तछ। तर तृतीय वयसमा अभ्यास गरे अर्हत्व भन्दा तल्लो तहका अर्थात् अनागामि, सकृदागामी, स्रोतापत्ति मार्ग र फल मात्र प्राप्त गर्न सक्तछ।

फेरि सात दिनको निमित्त अभ्यास गर्नुको अर्थ हो, आफूमा भएको शक्ति भावनामा प्रयोग गर्नु। चाहिंदो मात्रामा अभ्यास गर्न नसकेको खण्डमा उसको शिथिलता अनुसार अभ्यासको अवधि सात दिनको सत्ता सात वर्ष वा यो भन्दा बढी समय लाग्न सक्छ।

यस जीवनमा मार्ग र फल प्राप्तार्थ आवश्यकतानुसार अभ्यास गर्न नसकेमा उसले बर्तमान बुद्ध-शासनमा सांसारिक दुःखबाट छुट्कारा पाउन सक्तैन। भावी बुद्ध-शासनमा पनि त्यस पुद्गल समागम हुने संयोग परेमा मात्र उसले छुट्कारा पाउँदछ। बुद्ध-शासनमा समागम हुने संयोग नपरेमा मुक्त हुन सक्तैन। **नियत–व्याकरण**[II] प्राप्त भएको पुद्गल मात्र पारमी

I. जीवनको तीन अवस्था यसरी विभाजित गरिन्छ—जवानी, अधबैसे र वृद्ध।

II; 'निश्चय नै मुक्त हुन्छ' भनी भगवान बुद्धले भविष्यवाणी गर्नु भएका पुद्गल।

परिपक्व भएको जन्ममा भविष्यवाणी भए अनुसार भगवान् बुद्धसंग दर्शन-भेट गरी मुक्त हुने निश्चित छ। **नियत-व्याकरण** नपाएको पुद्गल यी दुवै कार्यसिद्धि सम्भव हुने पारमिता पूर्ण भएता पनि उसको निमित्त बुद्ध-शासनमा समागम हुने संयोग अनिश्चित हुन सक्तछ अथवा ऊ सांसारिक दुःखबाट मुक्त नहुन पनि सक्तछ। **नियत-व्याकरण** प्राप्त नभएका तर सात दिन सम्म अभ्यास गरी मार्ग र फल प्राप्त गर्न सक्ने **अनियत-नेय्य** पुद्गल-हरूको जस्तै यहाँ भिन्न भिन्न रूपले दर्शाइएका हुन्।

एक पक्ष वा पन्ध्र दिन सम्म अथवा त्यस भन्दा बढी समय सम्म उद्योगाभ्यास गरी मार्ग र फल प्राप्त गर्न सक्ने क्षमता भएको पुद्गलहरूको सन्दर्भमा यस्तै तथ्यहरू लिन सकिन्छ।

(४) **पदपरम पुग्गल— पदपरम** जातिका पुद्गललाई बुद्ध-शासनमा समागम हुने संयोग प्राप्त भए पनि र उसले परियत्ति धर्ममा चरम सीमा सम्म उद्योगाभ्यास गरे पनि यस जीवनमा मार्ग र फल प्राप्त गर्न सक्तैन। उसले गरेको यी सबै कार्य **बासना भागी**[I] **पारमी सम्भारको**[I] रूपमा मात्र सञ्चित हुन्छ।

यस्तो व्यक्ति यस जीवनमा सांसारिक दुःखबाट छुट्कारा

I. **आदत र उपकार, संस्कार।**

II. **पारमी सञ्चय गर्ने उपकरण (साधन) हरू।**

पाउन सक्तैन । उसको **समथ** (शमथ) र **विपस्सना** (विपश्यना) भावनामा दखल भइसकेपछि मृत्यु भएको खण्डमा र मनुष्य वा देव भूमिमा उत्पन्न हुन गएमा ऊ वर्तमान बुद्ध-शासनमा नै सांसारिक दुःखबाट मुक्त हुन सक्तछ ।

यसरी भगवान बुद्धले चार जातिका पुद्‌गलहरूको सन्दर्भमा भन्नु भएका थिए ।

तीन प्रकारका पुद्गल--

माथि उल्लेख गरिएका पिटकहरूमा दिइए अनुसार भगवान बुद्धले प्राणीहरूलाई तीन जातिमा वर्गिकरण गर्नु भएका छन्, जसलाई तीन प्रकारका रोगी (व्यक्तिहरू) संग तुलना गर्न सकिन्छ । तीन प्रकारका रोगीहरू हुन्–

पहिलो प्रकारको रोगी औषधी वा उपचार नगरे तापनि समय भएपछि स्वास्थ्य लाभ गर्नमा निश्चित छ ।

दोस्रो प्रकारको रोगी जतिसुकै औषधी वा उपचार गरे पनि निको नहुने र त्यो त्यसै रोगबाट मर्ने निश्चित छ ।

तेस्रो प्रकारको रोगी ठीक औषधी वा उपचार पाएमा निको हुन्छ; ठीक औषधी र उपचार नपाएमा रोग चर्को भई मर्दछ ।

पहिलेका बुद्धहरूद्वारा **नियत-व्याकरण** पाएको र यस जीवनमा सांसारिक दुःखबाट मुक्त हुने निश्चित भएको व्यक्ति

पहिलो प्रकारको रोगी समान हो।

पदपरम जातिको पुद्गल दोस्रो प्रकारको रोगी समान हो। दोस्रो किसिमको रोगी रोगबाट मुक्त हुन नसके झैं **पदपरम** जातिको पुद्गल यस जीवनमा सांसारिक दुःखबाट मुक्त हुन सक्तैन। तर उसको भावी जन्ममा या त वर्तमान बुद्ध-शासनमा अथवा भावी बुद्ध-शासनमा मात्र ऊ मुक्त हुन्छ। **छत्तमाणव**A, **मण्डुक देवपुत्र**B र **सच्चक परिब्राजक**C अर्को जन्ममा वर्तमान बुद्धकै शासनमा सांसारिक दुःखबाट मुक्त भएका बुद्धकालीन घटनाहरू उदाहरण स्वरूप लिन सकिन्छ।

नेय्य जातिको पुद्गल तेस्रो प्रकारको रोगी समान हो। जसरी तेस्रो प्रकारको रोगीको दुइवटा बाटो छन् – निको हुने वा मर्ने। यस्तै **नेय्य** पुद्गल दुइ सम्भाव्य घटनाहरू–सांसारिक दुःखबाट मुक्त हुने वा नहुनेसंग सम्बन्धित छ।

नेय्य जातिको पुद्गलले आफ्नो आयु अनुसार आफूलाई सुहाउने किसिमले छोड्नु पर्ने छोडेर कल्याण-मित्रको खोजी गर्दछ भने उनको सही निर्देशनानुसार सम्यक्-व्यायामद्वारा यसै जीबनमा ऊ सांसारिक दुःखबाट मुक्त हुन सक्तछ। मिथ्या-दृष्टि भई, अकुशल आचरणमा लागी, उसले पञ्चकाम विषय-

---

A. **विमानवत्थु** (p. 76, 6th Syn. Edn.)

B. **विमानवत्थु** (p. 73, 6th Syn. Edn.)

C. **सुत्तन्त पिटक, मज्झिम निकाय, मूल–पण्णास** (p. 288–299, 6th Syn. Edn.)

लाई छोड्न नसकेमा; पञ्चकाम विषयलाई छोड्न सके पनि उसले कल्याण-मित्रको निर्देशन प्राप्त गर्न नसकेमा; कल्याण-मित्रको निर्देशन पाएता पनि उसले पर्याप्त मात्रामा सम्यक्-व्यायाम गर्न नसकेमा; पर्याप्त मात्रामा सम्यक्-व्यायाम गर्न चाहे पनि बुढेसकाल (बुढापा) ले गर्दा गर्न नसकेमा; तन्नेरी भए पनि ऊ रोगी भएमा यस जीवनमा ऊ सांमारिक दुःखबाट मुक्त हुन सक्तैन। राजा अजातशत्रु[A], करोडपति महाधन-पुत्र[B] भिक्षु सुदिन्न[C], वर्तमान जीवनमा सांसारिक दुःखबाट मुक्त हुन सक्ने खालका व्यक्तिहरू भएर पनि मुक्त हुन सकेनन् ।

राजा अजातशत्रुले पितृ-हत्या गरेकोले मुक्त हुन सकेन । भनिएको छ कि ऊ भावी संसार-चक्रमा[I] दुइ असंख्य र एक लाख कल्प[II] सम्म घुमिसकेपछि मात्र ऊ प्रत्येक बुद्ध हुनेछ । करोडपति महाधन-पुत्रले आफ्नो जवानीमा पञ्चकाम विषयको अति सेवन गरेको कारणले वृद्धावस्थामा शान्ति पाउन सकेन । सांसारिक

A. सामञ्ञफल-सुत्त (Please see the Light of the Dhamma-Vol. V.-No.1)

B. धम्मपद अट्ठकथा (Book 11, Story 9)
खुद्दक निकाय, पेतवत्थु (Page 216, 6th Syn. Edn.)

C. विनय पिटक पाराजिका (p. 13, 6th Syn. Edn.)

I. जन्म–चक्र (संसार = दीर्घकाल सम्म जन्म लिनु पर्ने क्रमलाई संसार भनिन्छ) पृ. 217.

II. १४० शून्य कल्प ।

दुःखबाट मुक्त हुने कुरा त टाढै रहोस्; त्रिरत्न[I] को नाउँ सम्म लिने अवकाश पनि प्राप्त गर्न सकेन। उसको त्यस्तो दुर्दशा देख्नु भई भगवान बुद्धले आनन्दलाई सम्बोधन गरी भन्नु भयो–"आनन्द, यो महाधन सेठ-पुत्र उसको जीवनको पहिलो अवस्था अर्थात् जवानीमा मेरो शासनमा भिक्षु भएको भए यसै जीवनमा अर्हत् भई परिनिर्वाण[II] प्राप्त गर्ने थियो। उसको जीवनको दोस्रो अवस्थामा भिक्षु भएको भए अनागामी[III] हुने थियो र मृत्यु पश्चात् शुद्धावास ब्रह्मलोकमा[IV] उत्पन्न भई त्यहीं परिनिर्वाण प्राप्त गर्ने थियो। उसको जीवनको तेस्रो अवस्थाको शुरूमा मेरो शासनमा भिक्षु भएको भए सकृदागामी[V] वा स्रोतापन्न हुने थियो र अपाय-लोकबाट[VI] सदाका लागी मुक्त हुने थियो।

पच्छिम भविक भए पनि–यस प्रकार त्यस करोडपति महाधन-पुत्रले उसको वर्तमान जीवन नै अन्तिम जीवन (**पच्छिम**

I. बुद्ध–रत्न, धर्म–रत्न र संघ–रत्न।

II. पूर्ण निर्वाण, अर्हत्को स्कन्ध-देहका निवृत्तिलाई परिनिर्वाण प्राप्त गर्नु भनिन्छ।

III. कामलोकमा नफर्कने।

IV. 'शुद्ध–आवास', साकार ब्रह्मलोकका पाँच समूहका भूवन जहाँ फेरि नफर्कने गरी उत्पन्न हुन्छ र त्यहीं अर्हत् भई परिनिर्वाण प्राप्त गर्दछ।

V. एकपल्ट फर्कने।

VI. चार प्रकारका दुर्गति। ती हुन्—नर्क, प्रेत, तिर्यक, असुर।

भविक)[I] हुन सक्ने गरी पारमिता पूर्ण गरी बुद्ध-शासनमा समागम हुने संयोग परे तापनि **नियत-व्याकरण** प्राप्त नभएको व्यक्ति हुनाले र चरित्र भ्रष्ट भएको कारणले सांसारिक दुःखबाट मुक्त हुन सकेन । यति मात्र होइन, यस जीवनमा त्यसले अकुशल कर्म गरेको कारणले अपाय-लोकमा उसको आयु यति सम्म लम्बिन्छ कि भावी मैत्रीय बुद्धको शासन-कालमा पनि त्यस अपाय-लोकबाट ऊ मुक्त हुन नसकिने हुन्छ । त्यसपछि कल्पानकल्प[II] सम्म बुद्ध उत्पन्न हुँदैन । अनि बुद्ध-उत्पन्न नहुञ्जेल सम्म शून्य कल्प रहन्छ । हाय ! करोडपति महाधनपुत्र **पच्छिम भविक** भई यसै जीवनमा सांसारिक दुःखबाट मुक्त हुन सक्ने पारमिता पूर्ण भएर पनि मुक्त हुने अवस्थाबाट टाढा रहनु पऱ्यो !

मुक्त हुन सक्ने गरी आचरण गर्न सके मात्र— आजकल मानिसहरूको भनाई छ कि पारमिता पूर्ण भइसकेको व्यक्ति इच्छा नभए पनि बुद्ध-शासनमा समागम हुने संयोगबाट बञ्चित् हुँदैन र साथै ऊ सांसारिक दुःखबाट मुक्त हुन नचाहे पनि उसको मुक्ति निश्चित छ । तर यिनीहरूले **नियत**[III] र **अनियत**[IV] को महत्तामा ध्यान दिएनन् । माथि उल्लेख गरिएका दुइ पिट-

---

I. अन्तिम जन्म अर्थात् यसै जन्ममा अर्हत् भई उनको स्कन्ध देह शान्त भई जाने पुद्गललाई 'पच्छिम भविक' भनिन्छ ।

II. संसार चक्रको शून्य कल्प ।

III. भगवान बुद्धद्वारा भविष्य वाणी प्राप्त गरेको पुद्गल ।

IV. भगवान बुद्धद्वारा भविष्य वाणी प्राप्त नगरेको पुद्गल ।

कहरूमा वर्णन गरे अनुसार र करोडपति महाधन-पुत्रको कथा अनुसार यो बुझ्नु पर्दछ कि सांसारिक दुःखबाट मुक्त हुन सक्ने पारमिता पूर्ण भइसकेको र त्यसै अनुपातमा सम्यक्-व्यायाममा लाग्न सके मात्र **अनियत-नेय्य** पुद्गलहरू यसै जीवनमा मुक्त हुन सक्तछन् । सम्यक्-व्यायाम शिथिल हुन गएमा तिनीहरूले वर्तमान बुद्ध-शासनमा मार्ग र फल प्राप्त गर्न सकिन्दैनन् ।

यी जातिका पुद्गलहरू बाहेक अरू पनि असंख्य प्राणीहरू छन् । जस्तै– आलार र उद्दक तपस्वीहरू[A] सांसारिक दुःखबाट मुक्त हुनको निमित्त पारमिता पूर्ण गरिसकेका तर संयोग प्राप्त गर्न नसकिने अष्टदोष (**अट्ठक्खण**)[B] सम्पन्न भएको भूमि मध्ये कुनै एक भूमिमा पुगेका थिए ।

A. **सुतन्त पिटक, मज्झिम निकाय, मूलपण्णास, पासरासि सुत्त** (Page 220, 6th syn. Edn)

B. **दीघ निकाय, पाथिक-वग्ग, दसुत्तर सुत्त ।**
(Page 248, 6th Syn. Edn.)
अंगुत्तर निकाय III, **अट्ठक-निपात, अक्खण-सुत्त**
(Page 60, 6th Syn. Edn)

(क) पच्चन्तरो (=बुद्ध-शासन नभएको प्रदेश),
(ख) अरूपिनो (=चार निराकार ब्रह्मलोक),
(ग) वितलिङ्गो (=मानिसमा जन्म-जात हुने अन्धा, बहिरा, आदि दोष),
(घ) असञ्ञसत्ता (=असंज्ञा रूप ब्रह्मलोक),
(ङ) मिच्छादिट्ठि (=मिथ्यादृष्टि भएका जन समूहमा जन्म लिनु),
(च) पेत (=प्रेत लोक),

सुत्तन्त पिटकको **अंगुत्तर निकाय** र अभिधम्म पिटकको **पुग्गल पञ्ञत्ति** अनुसार चार जातिका पुद्गलहरू र तीन प्रकारका व्यक्तिहरूका विभाजन समाप्त ।

पुद्गल चार प्रकारका र तीन प्रकारका :—

नेय्य र पदपरम पुद्गलको आवश्यक अभ्यास काल– उल्लेखित चार जातिका पुद्गलहरू मध्ये उद्घाटितज्ञ पुद्गल र विपश्चितज्ञ पुद्गल–विशाखा महाउपासिका र अनाथपिण्डिक महाजनले[A] झैं केवल देशना मात्र सुनेर नै स्रोतापत्ति मार्ग[I] र अझ यो भन्दा पनि उच्च प्रज्ञा ज्ञानको अवस्था प्राप्त गर्न सक्छन् । यी पुद्गलहरूले पहिल्यै **सील विसुद्धि** (शील-विशुद्धि)[II] **चित्त-विसुद्धि** (चित्त-विशुद्धि)[III], आदि विशुद्धिहरू क्रमिक-रूपमा अभ्यास गरिराखेका हुँदैनन् । जति पनि देव, ब्रह्माहरू मुक्त भए 'यही नियमानुसार मुक्त भएका हुन्' भनी जान्नु । पालि पिटक अनुसार **नेय्य** र **पदपरम** जातिका पुद्गलहरूले मात्र स्रोतापत्ति मार्ग प्राप्त गर्नु भन्दा पहिले शील-विशुद्धि, चित्त-

---

(छ) तिरच्छान (=तिर्यकलोक) र

(ज) निरय (=नर्क)

A. धम्मपद अट्ठकथा, गाथा १ १८ कथाहरू अनुसार ।

I. आर्य मार्गको स्रोत ।

II. चरित्र शुद्धयाई ।

III. चित्त शुद्धयाई ।

विशुद्धि, आदिको अभ्यास गर्नु पर्दछ ।

पहिलो तीन जातिका पुद्‌गलहरूको लागि पनि आर्य मार्ग र फल उच्च अवस्थामा प्राप्तार्थ यी विशुद्धिहरूको क्रमिक रूपमा अभ्यास गर्न आवश्यक हुन आउँछ । अर्हत् पद प्राप्त भइसके पछि पनि, हुनत अर्हत्‌हरूले यी विशुद्धिहरूका अभ्यास गरिसकेका हुन्छन्, तैपनि **दिट्ठ-धम्मसुख-विहार**[I]को उद्देश्यले यी अभ्यासका तरिकाहरू अपनाउँछन् ।

बुद्ध-शासनको पहिलो एक हजार वर्ष **पटिसम्भिदापत्त अर्हत्-काल**[II] हुन् । बुद्ध-शासनको वर्तमान समय **नेय्य** र **पदपरम** जातिका पुद्‌गलहरूको लागि मात्र सीमित रहन्छ । आजकल यी दुइ जातिका पुद्‌गलहरू मात्र बाँकी रहेका छन् ।

यी दुइ जातिका पुद्‌गलहरूमा :

नेय्य पुग्गल--

यी दुइ जातिका पुद्‌गलहरू मध्ये **नेय्य** जातिका पुद्‌गलले **सतिपट्ठान** (स्मृति-प्रस्थान), **सम्मप्पधान** (सम्यक्-प्रधान), आदि बोधिपक्षीय धर्मको श्रद्धापूर्वक अभ्यास गर्न सकेमा यही जीवनमा

I, (वर्तमान भवमा सुखपूर्वक बस्नको लागि)। अर्हत्‌मा आफू मुक्त भएको ज्ञान उत्पन्न हुन्छ, उनले यो पनि थाहा पाउँदछ कि 'मेरो फेरि जन्म हुँदैन, म निःक्लेश भइसकेको छु; म कृत कृत्य भइसकें । अर्हत्वको लागि अब मैले गर्नु पर्ने केही बाँकी छैन ।' यसरी उनी शान्तिपूर्वक बस्दछ ।

II. प्रतिसम्भिदा प्राप्त अर्थात् विश्लेषनात्मक ज्ञान भएका अर्हत् ।

स्रोतापन्न हुन सक्तछ । यस अभ्यासमा शिथिल हुन गएमा अर्को जन्ममा ऊ देवलोकमा उत्पन्न भई त्यहीं स्रोतापन्न हुन सक्छ । **स्तिपट्ठान** आदि वोधिपक्षीय धर्मवाट अलग भई मरेको खण्डमा वर्तमान बुद्ध-शासनलाई उसले बिल्कुलै गुमाएको हुन्छ । तर भावी बुद्धको शासनमा समागम हुने मौका पाएछ भने उसले सांसारिक दु:खवाट छुटकारा पाउन सक्नेछ ।

पदपरम पुग्गल--

पदपरम जातिको पुद्गलले वर्तमान जीवनमा श्रद्धापूर्वक वोधिपक्षीय धर्म अभ्यास गरेमा अर्को जन्ममा देवलोकमा उत्पन्न भई त्यहीं यसै बुद्ध-शासनमा उसले मुक्ति प्राप्त गर्दछ। अभ्यास नगरेको खण्डमा **नेय्य** पुद्गल कैं नै हुन्छ ।

आर्य-काल--

वर्तमान बुद्ध-शासन पाँच हजार वर्षसम्म रहन्छ र ती सबै आर्य-काल हुन् । विश्वमा त्रिपिटक रहेसम्म आर्य-कालको अस्तित्व रहन्छ । **पदपरम** जातिका पुद्गलले वर्तमान बुद्ध-शासनमा समागम हुने मौका प्राप्त भएको बेला **वासनाभागी** र **पारमी सम्भार**लाई आफ्नो शक्तिले भ्याएसम्म उम्कन नपाउने गरी जोगाई उपयोगमा ल्याउनु पर्दछ । **सील** (शील, सदाचार) रूपी बीज सञ्चित गर्नु पर्दछ; **समाधि** (एकाग्रता) रूपी बीज सञ्चित गर्नु पर्दछ; **पञ्ञा** (प्रज्ञा) रूपी बीज सञ्चित गर्नु पर्दछ ।

सील—

तीन प्रकारका सञ्चित पुण्य कार्य हुन्– **सील**, **समाधि** र

पञ्ञा । सील-बीजका अर्थ हुन् – पञ्चसीलI, आजीवट्ठमक सीलII,

I. पाँच शिक्षापदहरू : यी आधार हुन्। प्रत्येक स्त्री वा पुरुषले कम्तिमा यी पाँच शिक्षापदलाई पालन गर्नु पर्दछ। ती हुन्—

(क) प्राणी हिंसाबाट विरत रहनु,
(ख) चोरीबाट विरत रहनु,
(ग) कामभोग सम्बन्धी मिथ्याचारबाट विरत रहनु,
(घ) मृषावादबाट विरत रहनु र
(ङ) मादक पदार्थको सेवनबाट विरत रहनु ।

II. आर्य-अष्टांगिक मार्गका शील-स्कन्धका तीन समूह – सम्यक्-वचन, सम्यक्-कर्मान्त र सम्यक्-आजीविका । यसैलाई विस्तारपूर्वक लिइएमा आजीवट्ठमक सील हुन्छ—

(१) आजदेखि जीवनभर म जीव हिंसाबाट विरत रहन्छु ।
(२) आजदेखि जीवनभर म चोरीबाट विरत रहन्छु ।
(३) आजदेखि जीवनभर म कामभोग सम्बन्धी मिथ्याचारबाट विरत रहन्छु ।
(४) आजदेखि जीवनभर म झुठ बोल्नुबाट विरत रहन्छु ।
(५) आजदेखि जीवनभर म परस्पर विभेद गर्ने प्रिय शून्य वचनबाट विरत रहन्छु ।
(६) आजदेखि जीवनभर म कसैको जाति र धर्ममा आघात पर्ने गालि र असभ्य शब्द पौरुष वचन प्रयोगबाट विरत रहन्छु ।
(७) आजदेखि जीवनभर म प्राणीको यस सांसारिक अथवा लोकुत्तर जीवनमा हित नहुने बेकारका गफ (सम्फप्रलाप वचन) बाट विरत रहन्छु ।
(८) आजदेखि जीवनभर म अनुचित जीविका गर्नुबाट विरत रहन्छु ।

अट्ठङ्ग उपोसथ सील[I] र दसङ्ग शील[II] उपासक र उपासिकाहरूका लागि र भिक्खु सील[III] भिक्षुहरूका लागि ।

समाधि—

समाधि बीजका अर्थ हुन्– दस कसीण, आदि ४० प्रकारका कर्मस्थान मध्ये कुनै एक माध्यमबाट परिकम्म समाधि[IV] प्राप्त गर्नु; अरु बढी उद्योगाभ्यास गर्न सकेमा उपचार समाधि[V] प्राप्त

I. आठ शिक्षापदहरू हुन् — (१) प्राणी हिंसा, (२) चोरी, (३) व्यभिचार, (४) झुठ, (५) मादक पदार्थ सेवन, (६) विकाल भोजन, (७) नृत्य, गीत, बाद्य, नाटक, माला, अत्तर, श्रृङ्गार प्रसाधन, आभूषण आदि र (८) आरामप्रद उच्चासनबाट विरत रहनु ।

II. दश शिक्षा । यसले अष्टाङ्ग शीललाई अझ मजबूत तुल्याउँछ । अष्ठ शीलको (७) नं लाई दुइ भागमा विभक्त गर्दछ । यसको दशौं शील हो— सुन, चाँदी ग्रहण गर्नुबाट विरत रहनु ।

III. भिक्षु शील—चार प्रकारका पारिशुद्धि शील । ती हुन्—

(१) विनय-नियम सम्बन्धी २२७ नियमहरूमा संयम रहनु ।

(२) इन्द्रियहरूमा संयम रहनु ।

(३) आफ्नो जीविकामा संयम रहनु ।

(४) चतु प्रत्ययको सम्बन्धमा नैतिकता ।

IV. परिकम्म निमित्त उग्गह निमित्त दुइ अवस्थामा भावना गर्ने समाधिलाई परिकम्म भावना समाधि भनिन्छ ।

V. थपना-कालमा अप्पना ध्यानमा नपुग्दै पटिभाग निमित्तलाई आलम्बन गरी भावमा गर्ने समाधिलाई उपचार भावना समाधि भनिन्छ ।

गर्नु; यस भन्दा पनि बढी उद्योगाभ्यास बढाउन सके **अप्पना समाधि**[I] प्राप्त गर्नु ।

पञ्ञा—

पञ्ञा-बीजका अर्थ हुन्– **नाम** (=चित्त), **रूप** (=भौतिक पदार्थ), **खन्ध** (=स्कन्ध), **आयतन** (=आयतन), **धातु** (=धातु) **सच्च** (=सत्य) **पटिच्चसमुप्पाद** (=प्रतीत्यसमुद्पाद)लाई विश्लेषण गर्नु, अझ अरू समर्थ भएमा त्यस धर्मलाई विपश्यना ज्ञानद्वारा **अनिच्च** (=अनित्य), **दुक्ख** (=दुःख) र **अनत्त** (=अनात्मा)लाई साक्षात्कार गर्नु ।

गहिरिएर सोच्नु पर्ने कुरा– **मग्ग-ञाण**[II] र **फल-ञाण**[III] का मूल बीज **सम्भार** भनिएका **सील, समाधि** र **पञ्ञा** मध्ये **सील, समाधि** शासन नभएको बेला शून्य कल्पमा समेत स्थायि रूपले आभूषण जस्तै संसारमा सदा विभूषित भइरहन्छ । **सील** र **समाधि**का बीज जुनसुकै समयमा प्राप्त गर्न सकिन्छ । तर **पञ्ञा-मूल** भएका **नाम, रूप, खन्ध, आयतन, धातु, सच्च** र **पटिच्चसमुप्पाद** केवल बुद्ध-शासनमा समागम हुने बेलामा मात्र प्राप्त गर्न सकिन्छ । बुद्ध-शासन भन्दा बाहिर असंख्य शून्य-कल्प बिते पनि

I. चतुक्क नय अनुसार प्रथम, द्वितीय, तृतीय, चतुर्थ ध्यान नामक रूपावचर ध्यान चारलाई अप्पना भावना समाधि भनिन्छ ।

—("आनापान दीपनी")

II. आर्य-मार्ग ज्ञान ।

III. आर्य-फल ज्ञान ।

पञ्ञा सम्बन्धी शब्द मात्र पनि सुन्ने मौका पाउँदैन । यसकारण, यस अवस्थामा शासनमा समागम हुने मौका पाएका पुद्गल-हरूले अर्को जन्ममा भावी बुद्ध-शासनमा मुक्त हुनको लागि **मग्ग-ञाण** र **फल-ञाणको सम्भार-बीज**लाई उम्कन नपाउने गरी जोगाइ राख्ने हो भने **शील, समाधि** भन्दा पनि अति दुर्लभ भएको **परमत्थ-पञ्ञा**लाई[I] विशेष रूपले कोशिश गरी प्राप्त गर्न सक्नु पर्दछ ।

चार महाभूतलाई जान्न सकेमा—कम्तिमा तिनीहरूले आफ्ना शरीरमा चार महाभूत—**पथवी, आपो, तेजो,** र **वायो** धातु-हरूलाई[II] छुट्याई देख्न सक्ने भावना गर्नु पर्दछ । अभिधर्मका अरू विषय जान्न नसके तापनि चार महाभूतलाई राम्ररी जान्न र देख्न सकेमा अति दुर्लभ **पञ्ञा-बीज** प्राप्त गर्न सकिन्छ । अनि मात्र 'बुद्ध-शासनमा जन्म लिएको सार भयो' भन्न सकिन्छ ।

I. परमत्थ— परमार्थ-सत्य, यथार्थ-सत्य । अभिधर्म संग्रह अनुसार चार प्रकारका परमार्थ-धर्म – चित्त (मन, विज्ञान), चेतसिक (मन सम्बधी), रूप (भौतिक पदार्थ) र निब्बान (निर्वाण) ।

II. (१) कडा र नरम दुइ तत्व– पृथ्वी धातु,
(२) जमेको र तरल दुइ तत्व– आपो धातु,
(३) तातो र चिसो दुइ तत्व– तेजो धातु,
(४) आधार दिनु र धकेट्नु दुइ तत्व– वायो धातु ।

विज्जा र चरण—

सील र **समाधि**लाई **चरण** भनिन्छ भने **पञ्ञा**लाई **विज्जा** भनिन्छ । यसरी **विज्जा-चरण** बन्दछ । **विज्जा** मानिसका आँखा समान हुन् भने **चरण** हात-खुट्टा समान । **विज्जा** चराहरूका आँखा झैं हुन् भने **चरण** तिनीहरूका पखेता समान । **सील** र **समाधि**ले परिपूर्ण भई **विज्जा-ज्ञान** हीन भएका व्यक्ति हात-खुट्टा आदि अङ्ग पूर्ण भएर पनि दुबै आँखा नभएका अन्धा समान हुन् । **विज्जा**ले पूर्ण भई **चरण**को कमि भएमा दर्शन शक्ति राम्रो भएर पनि अङ्ग-हीन भएका व्यक्ति समान हुन् । **विज्जा** र **चरण** दुबैले युक्त भएको व्यक्ति हात-खुट्टा र आँखा आदि अङ्ग पूर्ण भएको मानिस समान हुन् । **विज्जा** र **चरण** दुबै नभएका व्यक्ति आँखा र हात-खुट्टा आदि अङ्ग नभएका मानिस नै भन्न नसुहाउने व्यक्ति समान हुन् ।

चरण मात्र भएको व्यक्तिको परिणाम—

वर्तमान बुद्ध-शासनमा समागम भएका व्यक्तिहरू मध्ये कोही शील, समाधि **चरण-बीज**ले पूर्णतः सम्पन्न भएता पनि नाम, रूप, स्कन्ध, आदिमा ज्ञानको गोचर भएको विपश्यना ज्ञान नभएका हुन्छन् । **चरण** प्रवल भएकोले तिनीहरू भावी बुद्ध-शासनमा समागम हुन सक्छन् तर **विज्जा**को अभावले गर्दा भावी भगवान बुद्धको व्यक्तिगत रूपमा दर्शन भेट भई उहाँको

उपदेश सुन्ने अवसर प्राप्त भए पनि तिनीहरूले यथार्थ ज्ञान अववोध गर्न सक्तैनन् । तिनीहरू सर्वज्ञ बुद्धका जीवमान कालका **लालुदायी थेर**[A], **उपनन्द थेर**[B], **छवग्गिय भिक्खु**[C] र राजा **कोसल**[D] जस्तै हुन् । दान, शील, आदि पूर्व सञ्चित **चरण**ले गर्दा तिनीहरूलाई भगवान बुद्धको छत्रछाँयामा बस्ने सौभाग्य प्राप्त भयो । तर अतीत बुद्धका समयमा **विज्जा** सञ्चित नगरेको कारणले गर्दा वर्तमान भगवान बुद्धका उपदेश जीवन भरसम्म समय समयमा सुन्ने मौका पाएर पनि केही फाइदा उठाउन सकेनन् ।

विज्जा मात्र भएका व्यक्तिका परिणाम—

कोही व्यक्ति नाम-रूप स्कन्धमा विपश्यना ज्ञान भई **विज्जा**ले युक्त भएका हुन्छन् । तर दान, **निच्चसील** (नित्य-शील) र **उपोसथ सील**,[I] आदि **चरण-बीज** अभाव भएका हुन्छन् । **विज्जा**ले सम्पन्न भएको कारणले यी व्यक्तिहरूलाई भावी भगवान बुद्धका उपदेश सुन्न र उहाँको दर्शन भेट गर्न सुअवसर प्राप्त भएमा

A. धम्मपद— अट्ठकथा, गाथा ६४ (मुर्ख बुद्धिको कथा),

B. धम्मपद— अट्ठकथा, गाथा १५८ (लोभी भिक्षुको कथा),

C. विनय–पिटक, महावग्ग (p.192, 6th. syn. Edn.),

D. धम्मपद–अट्ठकथा, गाथा ६०, बाल वग्ग ।

I. विशेष दिनहरूमा पालम गरिने शील ।

यथार्थ ज्ञान अववोध गर्न सक्छन्। तर तिमीहरूमा चरणका अभावले गर्दा भावी भगवान बुद्धका दर्शन भेट गर्ने सुअवसर प्राप्त गर्न अत्यन्त दुर्लभ हुन्छ। कारण वर्तमान बुद्ध-शासन र भावी बुद्धको बीचमा एक अन्तर-कल्पको फरक हुन आउँछ।

यस अवधि (अन्तर-कल्प) मा प्राणीहरूले मनुष्य-गति वा देव-गतिमा कोटी कोटी जन्म लिई केवल यी लोकमा मात्रै तिनीहरूको जन्म सीमित राख्न सकेमा भावी बुद्धलाई दर्शन-भेट गर्ने अवसर प्राप्त हुन्छ। यसै बीच (अन्तर-कल्प) मा प्राणीको जन्म चार अपाय भूमि मध्ये कुनै एक भूमिमा पर्न गएछ भने भावी भगवान बुद्धलाई दर्शन-भेट गर्ने अवसर किम्वा उपाय गुमाउनु पर्ने हुन्छ। किनभने यी चार अपाय लोकमा प्राणीको एक जन्मपछि अरू अनन्त जन्महरूको क्रम चलि नै रहने हुन्छ।

यस जीवनमा दान गर्ने प्रवृत्ति कम भई व्यक्तिहरूको काय दुराचारी बन्छ; वाक् असंयमित रहन्छ, चित्त दूषित हुन्छ र यी कारणले गर्दा तिनीहरूमा चरण कमि हुन जान्छ; यस प्रकारका व्यक्ति मृत्यु भएपछि चार अपाय भूमिमा पतन हुने प्रवल प्रवृत्तिका हुन्छन्। भाग्यवशः तिनीहरू काम सुगति भूमिमा प्रतिसन्धि ग्रहण गर्न पुगेछन् भने पनि जहाँ तिनीहरूको जन्म हुन्छ त्यहाँ दानादि पूर्व चरण बीजको अभावले गर्दा निर्धनी भई कायिक दुःख र मानसिक दुःख अनुभव गर्नु पर्ने हुन्छ र तिनीहरूको जीवन यापनको निमित्त दुःख, कठिनाई र कडा यातना

भोग्नु पर्ने हुन्छ। जुन कारणले गर्दा तिनीहरू अपाय लोक तिरै ढकेलिंदै जान्छन् । नित्य-शील, उपोसथ-शील, आदि चरणको अभाव भएको कारणले गर्दा अरूहरूसंग झै-झगडा, रीस-इबी, आदिमा फस्नु पर्ने; झन त्यसमाथि पनि रोग र व्यथाले पीडित भएर आखिर अपाय लोकतिर पतन हुने प्रवृतिका हुन्छन्। यसरी तिनीहरूले प्रत्येक जीवनमा दु:ख, दर्द अनुभव गर्नु पर्ने हुन्छ। जसबाट काम सुगति भूमिमा धेरै समयसम्म रहने मौका प्राप्त नभई चार अपाय लोकमा नै पतन हुन्छ। यसप्रकार **चरण** अभाव भएका व्यक्तिहरूका लागि भावी भगवान बुद्धलाई भेट गर्ने सुअवसर असम्भव प्राय: हुन्छ।

मुख्य कुरो—

मुख्य कुरो के भने **बिज्जा र चरण** बीज दुवै युक्त भएको व्यक्तिले मात्र अर्को जन्ममा सांसारिक दु:खबाट मुक्ति पाउन सक्तछ। **विज्जा-बीज** सम्पन्न भए पनि दान, शील, आदि **चरण-बीज** अभाव भएमा भावी बुद्ध-शासनमा समागम हुने अवसर प्राप्त हुँदैन। फेरि चरण-बीजले सम्पन्न भई विज्जा-बीजको अभाव भएमा भावी बुद्ध-शासनमा समागम हुने अवसर प्राप्त भए पनि सांसारिक दु:खबाट मुक्त हुन सक्तैन। यसकारण, वर्तमान **पदपरम** जातिका पुद्गलहरू चाहे स्त्री होस् वा पुरुष जसले भावी बुद्ध-शासनमा समागम हुने इच्छा (आशा) राख्दछ, उसले

वर्तमान बुद्ध-शासनमा नै दान, शील र शमथ भावनाको[I] अभ्यास गरी **चरण-बीज** र कम से कम विपश्यना भावना द्वारा चार महाभूतको ज्ञान अर्थात् **बिज्जा-बीज** संचय गरी; भाबी बुद्ध-शासनमा समागम भई सांसारिक दु:खबाट मुक्त हुने कोशिश गर्नु पर्दछ ।

दानको अर्थ हो **चरण**; यो श्रद्धाको श्रेणीमा पर्दछ । श्रद्धा सात सत्पुरुष धर्ममा समावेश हुन्छ र यो पन्ध्र **चरण**-धर्म भित्र पर्दछ । पन्ध्र **चरण**-धर्महरू हुन्—

(१) **सील** (शील, सदाचरण),

(२) **इन्द्रिय-संवर** (इन्द्रिय-संयमता)

(३) **भोजनेमत्तञ्जुता** (भोजनमा मात्रा ज्ञान),

(४) **जागरियानुयोग** (जागरूकता),

(५–११) **सद्धम्म** (सात सत्पुरुष धर्म),

(१२–१५) चार **झान** (चार ध्यान– प्रथम ध्यान, दुतीय ध्यान, तृतीय ध्यान र चतुर्थ ध्यान) ।

यी पन्ध्र धर्महरू सर्वश्रेष्ठ ध्यान लाभी व्यक्तिका धर्म हुन् । **सुक्खविपस्सक** पुद्गल (विपश्यना-साधक) एघार **चरण**-धर्मले (चार ध्यानहरू बाहेक) सम्पन्न भएको हुन्छ ।

भावी बुद्ध-शासनमा समागम हुने आशा राख्ने व्यक्तिहरूको निमित्त दान, शील, उपोसथ र सात सत्पुरुष धर्म आवश्यक पर्दछ ।

I. एकाग्रताको अभ्यास ।

यसै जीवनमा आर्य-मार्ग र फल प्राप्त गर्ने इच्छित व्यक्ति-हरूले यी एघार प्रकारका **चरण**-धर्म अर्थात् **सील, इन्द्रिय संवर, भोजनेमत्तञ्ञुता, जागरियानुयोग** र सात सत्पुरुष-धर्म पूर्ण गर्नै पर्दछ। यसमा शीलको अर्थ हो, **आजीवट्ठमक सील**–सम्यक् आजीविकाको साथै शीलको आजीवन अभ्यास। **इन्द्रिय संवर**को अर्थ हो, षद-इन्द्रिय– आँखा, कान, नाक, जिभ्रो, शरीर र मन संयम गर्नु। **भोजनेमत्ताञ्ञुता**को अर्थ हो, रूप-कायलाई सन्तुलन राख्न सकिने सम्म गरी मात्र आहार ग्रहण गरी त्यसबाट सन्तुष्ट रहनु। **जागरियानुयोग**को अर्थ हो, दिनमा नसुतिकन रातमा पनि तीन प्रहर मध्ये एक प्रहर मात्र सुती बाँकी दुइ प्रहर भावनामा अभ्यास गर्नु।

सद्धम्मको अर्थ—

(१) **सद्धा** (श्रद्धा)
(२) **सति** (स्मृति)
(३) **हिरी** (लज्जा)
(४) **ओतप्प** (भय)
(५) **बाहुसच्च** (वहुश्रुत)
(६) **वीरिय** (वीर्य, उद्योग) र
(७) **पञ्ञा** (प्रज्ञा)[I]

I. **सद्धा**—त्रिरत्न प्रति विश्वास,

यसै जीवनमा स्रोतापन्न हुने इच्छा भएकाहरूका लागि दान दिने अभ्यास विशेष आवश्यक पर्दैन । तर वर्तमान बुद्ध-शासनमा नै सांसारिक दुःखबाट मुक्त हुने गरी उद्योगाभ्यास गर्न असमर्थ भएकाहरूका लागि भने दान कार्य र उपोशथ व्रतको पालन विशेष रूपले गर्नु पर्दछ ।

भावी भगवान बुद्धका प्रतीक्षा गर्नेहरूका निमित्त अभ्यास-नियम—

भावी भगवान बुद्धका निर्भरमा रहने र प्रतीक्षा गर्ने-हरूका लागि केवल पारमी मात्र सञ्चित गर्ने कार्य हुन आउँछ । तिनीहरूको निमित्त पालि पिटकमा दिइएका निर्देशानुसार शील, समाधि र प्रज्ञाको क्रमिक अभ्यासको जरूरत उति नियमनिष्ठ पूर्वक गर्ने आवश्यकता पर्दैन । 'शील पूर्ण नभइकन समाधिको अभ्यास गर्नु हुँदैन र समाधिको अभ्यास पूर्ण नभइकन प्रज्ञाको अभ्यास गर्नु हुँदैन' भनी तिनीहरू यी कार्यबाट वञ्चित रहनु पर्दैन ।

सति—बुद्ध आदि उत्तम र सत्य आलम्बनमा स्मृति राख्नु,
हिरी— अकुशल कर्म गर्न लाज (शरम) मान्नु,
ओतप्प—अकुशल कर्मदेखि भय-त्रास हुनु,
बाहुसच्च—बहुश्रुत हुनु,
वीरिय—वीर्य, उद्योग,
पञ्ञा—प्रज्ञा, विश्लेशणात्मक ज्ञान ।

(१) **सील-विसुद्धि** (शील-विशुद्धि),

(२) **चित्त-विसुद्धि** (चित्त-विशुद्धि),

(३) **दिट्ठि-विसुद्धि** (दृष्टि-विशुद्धि),

(४) **कङ्खावितरण-विसुद्धि** (कांक्षावितरण-विशुद्धि),

(५) **मग्गामग्ग ञाण दस्सन-विशुद्धि** (मार्गामार्ग ज्ञान दर्शन -विशुद्धि),

(६) **पटिपदा ञाण दस्सन-विशुद्धि** (प्रतिप्रदा ज्ञान दर्शन विंशुद्धि), र

(७) **ञाणदस्सन-विशुद्धि** (ज्ञान दर्शन-विशुद्धि)– यी सात विशुद्धिका अभ्यास क्रमिक रूपमा नै गर्नु पर्दछ भन्ने भाव लिइ-रहनु पर्दैन । जुनसुकै अवस्थामा जुन कुनै विशुद्धिको अभ्यास गर्न सकिन्छ। जहाँसम्म सम्भव हुन्छ तिनीहरूले पारमीका बीजहरू सञ्चय गर्नुमा लाग्नु पर्दछ अर्थात् तिनीहरूको शक्तिले भ्याएसम्म जति सक्दो बढी मात्रामा शील, समाधि र प्रज्ञा बटुल्ने उपाय सोच्नु पर्दछ ।

निर्दिष्ट अभ्यासका नियममा लाग्नु अनाव-श्यक—

पालि-पिटकमा-वर्णन गरिंदा शील-विशुद्धिको अभ्यास पूर्ण भएपछि मात्र चित्त-विशुद्धिको अभ्यास गर्नु पर्दछ; चित्त-विशुद्धिको अभ्यास पूर्ण भएपछि मात्र दृष्टि-विशुद्धिको अभ्यास

गर्नु पर्दछ; दृष्टि-विशुद्धिको अभ्यास पूर्ण भएपछि मात्र कांक्षा-वितरण-विशुद्धिको अभ्यास गर्नु पर्दछ; कांक्षावितरण-विशुद्धिको अभ्यास पूर्ण भएपछि मात्र अनित्य, दुःख र अनात्मको भावना गर्नु पर्दछ। केवल यसै जीवनमा आर्य मार्ग र फल प्राप्त गरी मुक्त हुनेहरूका लागि मात्र यी अभ्यासका नियम निर्धारित गरिएका हुन्। तर आवश्यक मात्रामा उद्योगाभ्यास गरी मुक्त हुन असमर्थ भएका र पारमी-बीज मात्र सञ्चित गर्नेहरूका लागि तिनीहरूले सक्ने जुनसुकै नियमाभ्यास पालन गर्न सक्छन्। अर्थात् 'शील-विशुद्धि परिपूर्ण नभइकन **समथ मनसिकार चित्त-विशुद्धि**[I] को अभ्यास गर्नु हुँदैन' भनी भन्नु हुँदैन। शिकारी र माझीहरू[II]का सम्बन्धमा पनि 'तिनीहरूले आफ्ना व्यवसाय नछोडिकन शमथ-विपश्यना मनसिकारको अभ्यास गर्नु हुँदैन' भनी भन्नु हुँदैन। यदि कसैले 'यसो भनेछ' भने **धम्मन्तराय** (धर्ममा विघ्न) को कारण बन्छ। बरु शिकारी र माझीहरूलाई बुद्ध, धर्म र संघ गुणमा ध्यान दिन प्रेरणा दिनु पर्दछ। तिनीहरूलाई आफ्ना शरीर प्रतिका अशुभ भावनामा सके सम्म ध्यान दिन प्रेरित गर्नु पर्दछ। साथै तिनीहरूलाई 'आफू स्वयं र अरू सबै प्राणी मृत्युका अधीनमा छन्' भन्ने कुरोमा ध्यान दिन लगाउनु पर्दछ। यस्तै प्रेरणाको फलस्वरूप एउटा माझीले आफ्नो पेशा नछोडिकन नै पालि-पिटकका **'अभिधम्मत्थ**

I. **चित्त-विशुद्धिको अभ्यासद्वारा चित्तको स्थीरतामा ध्यान दिनु।**

II. **माछा मारी जीविका चलाउने माझीहरू।**

सङ्गह' र **पट्ठान**का **पच्चय निद्देसका 'निस्सय'** (शब्दार्थ) धारा प्रवाह रूपले कण्ठ भन्न सकेको कुरो मलाई सम्झना छ। यी उपलब्धीहरू **विज्जा** प्राप्तिको निमित्त साह्रै राम्रा आधार हुन्।

आजकाल मैले आफ्नो दायक उपासकहरू[I] भेट्दा भिक्षुका खास परम्परानुसार तिनीहरूलाई भन्ने गर्थें—'व्यवसायले शिकारी र माझी भएता पनि तिनीहरूले त्रि-रत्न गुण र अनित्य, दुःख र अनात्मामा सदा स्मृति राख्नु पर्दछ। त्रि-रत्नका आर्य गुणहरूमा स्मृति राखेमा **चरण-बीज** बन्दछ। अनित्य, दुःख र अनात्मामा स्मृति राखेमा **विज्जा-बीज** बन्दछ।' शिकारी र माझीहरूलाई पनि यी विषयहरूमा स्मृति राख्ने अभ्यासमा प्रेरणा दिनु पर्दछ। तिनीहरूलाई 'शमथ र विपश्यनामा स्मृति राख्नु हुँदैन' भन्नु उचित छैन। बरु तिनीहरूले नबुझेका छन् भने राम्रोसंग बुझाइदिई मद्दत गर्नु पर्दछ। अभ्यास जारी राख्नमा तिनीहरूलाई उत्साह र प्रेरणा दिनु पर्दछ। तिनीहरूले पारमी सञ्चय गर्ने कार्यमा लागिरहँदा र इच्छा गर्दा पनि प्रशंसा गर्नु पर्दछ।

वर्तमान समयका महत्वमा अनभिज्ञ रहँदा विज्जा-बीज प्राप्त गर्ने अवकाशबाट बञ्चित—

पाली-पिटक अनुसार सात विशुद्धि-अभ्यासका नियमानु-

I. भिक्षुहरूको जीविकाको लागि दान दिने गृहस्थहरू।

सार सीधा र स्पष्ट वर्णित कुरामा मात्र ध्यान दिने कोही गुरुहरूले वर्तमान समयको महत्व नबुझिकन 'जतिसुकै उद्योगाभ्यासको प्रगाढता भए पनि पहिले शील-विशुद्धि पूर्ण नभइकन शमथ र विपश्यनाको अभ्यासबाट केही उपलब्धी हासिल गर्न सकिन्दैन' भनी भन्दछन् । जनसाधारण मानिसहरू यी कुराहरूबाट धोका दिइएका हुन्छन् । यसरी धम्मन्तरायको उत्पत्ति हुन्छ ।

वर्तमान समयलाई चिन्न नसकिएको कारणले बुद्ध-शासनमा समागम हुने बेलामा मात्र प्राप्त गर्न सकिने विज्जा-बीज उपलब्ध गर्ने अवकाशबाट वञ्चित रहनु पर्ने हुन्छ । साञ्चै भन्ने हो भने गंगाका बालुका प्रमाणले उत्पन्न भइसकेका बुद्ध-शासनमा यदाकदा देखा परिसकेका भएता पनि विज्जा-बीज नभएको कारणले सांसारिक दु:खबाट मुक्त हुन नसकी अझै पनि तिनीहरू अनन्त भवचक्रमा घुमिरहेका छन् ।

बीज भन्दा ती बीज जुन पाकेका अथवा छिपेका जसबाट अर्को राम्रो टुसा पल्हाउने र बीज उत्पन्न हुने क्षमता भएको हुनु पर्दछ । पाकेको वा छिपेकोको अनेक अवस्था भएको हुन्छ ।

नपाकिएका वा नछिपिएका बीज पनि छन् । भनाइको तात्पर्य हो, त्यस्ता व्यक्तिहरू पनि छन् जसले श्लोक पाठ गर्दछन् तर अर्थ जानेका हुँदैनन् अथवा अर्थ जानेका हुन्छन् तर ठीक तरिकाले अभ्यास गर्न जाँदैनन् । कोही बुद्धका आर्य गुणाङ्ग र अनित्य, दु:ख, अनात्मामा भावना गर्दा, पाठ-पूजा गर्दा र

माला जप्दा आफ्ना रीति अथवा परम्परानुसार गर्दछन् । यस प्रकारका व्यक्तिहरू नपाकिएका र नछिपिएका बीज समान हुन् । यी नपाकिएका बीज क्रमिक भव-गतिमा यस्तो कार्य भइ-रहेमा र हुने अवसर पनि प्राप्त भएमा पाक्न र परिपक्व हुने सम्भावना छ ।

एक पटक मात्र भए पनि **परिकम्म-निमित्त**[I] उत्पन्न नभएसम्म शमथ-भावनाको अभ्यास गर्नु; नाम र रूपमा अन्तर्दृष्टि प्राप्त नभएसम्म विपश्यना भावनाको अभ्यास गर्नु छिपिएको बीजमा गुडी (सार भाग) र सार अंशले पूर्ण हुनु जस्तै हुन् । एक पटक मात्र भएपनि **उग्गह निमित्त**[II] उत्पन्न नभएसम्म शमथ-भावनाको अभ्यास गर्नु र **सम्मसन ञाण**★ प्राप्त नभएसम्म विप-श्यना भावनाको अभ्यास गर्नु त्यस बीजलाई झन बढी छिपिने अवस्थामा पुऱ्याउनु झैं हुन् । एकचोटी मात्र भएपनि **पटिभाग निमित्त**[III] उत्पन्न नभएसम्म शमथ भावनाको अभ्यास गर्नु र

I. II. III.— कुनै एक आलम्बनलाई 'परिकम्म निमित्त' भनिन्छ। त्यस परिकम्म निमित्तलाई आरम्भ गरी चित्तले वार वार भावना गर्नु-लाई 'परिकम्म भावना' भनिन्छ। त्यसरी भावना गर्ने साधकको मनोद्वारमा देखिन आउने आलम्बनलाई 'उग्गह-निमित्त' भनिन्छ। त्यस उग्गह निमित्तलाई आलम्बन गरी चित्तले वार वार भावना गर्नु-लाई परिकम्म भावना भनिन्छ। त्यसरी भावना गर्ने साधकलाई त्यस उग्गह निमित्तको विशेषता भएको पहिलो भन्दा पनि एकाग्र भई सफासँग देखिने परमार्थ स्वभावले मुक्त भएको आलम्बनलाई 'पटिभाग-

उदयब्बय ञाण[I] प्राप्त नभएसम्म विपश्यना-भावनाको अभ्यास गर्नु बीजलाई झन बढी परिपक्व अवस्थामा पुऱ्याउनु झैं हुन् । शमथ र विपश्यना भावनामा अझ यो भन्दा पनि वढी उद्योगाभ्यास गरी बढाएर लैजान सके झन् बढी परिपक्व भएको बीज झैं ठूलो सफलता हासिल गर्न सकिन्छ ।

अधिकार (पूर्ण बीज र सफल अभ्यास)—

'अधिकार' शब्दको अर्थ हो, 'पूर्ण-बीज' । पालि पिटकमा

निमित्त' भनिन्छ ।

("लोकुत्तरको मूल-मार्ग" नामक बर्मी पुस्तकबाट उद्धृत; पृष्ठ-९३)

अथवा

गणना नय, अनुबन्धना नय, ठपना नय भनी तीन प्रकारले क्रमैसंग भावना गर्दा बेलामा निमित्त तीन, भावना समाधि तीन छुट्याउन सकिन्छ । कसरी ? — गणना नय काण्डमा देखिन आउने श्वास-प्रश्वास (आनापान) आलम्बन 'परिकम्म-निमित्त' हुन् । अनुबन्धना काण्डमा देखिन आउने त्यस आलम्बन नै 'उग्गह-निमित्त' हुन् । ठपना काण्डमा देखिन आउने प्रज्ञप्ति आलम्बन 'पटिभाग-निमित्त' हुन् । (—"आनापान दीपनी'बाट उद्धृत)

★ सबै संस्कार अनित्य, दुःख र अनात्मा हुन् भनी विचार गर्दा, निरीक्षण गर्दा, ग्रहण गर्दा र निश्चित गर्दा निर्मल अन्तर्दृष्टिको झलक प्राप्त हुन्छ ।

I. ध्यानद्वारा उत्पत्ति र विनाशका ज्ञान प्राप्त हुनु । यो पटिपदा ञाण दस्सन-विसुद्धिको अन्तर्गत नौ ज्ञान दर्शन (उदय-ब्बय ञाण देखि अनुलोम ञाण सम्म)को पहिलो हो ।

वर्णन गरिए अनुसार पहिलेका बुद्ध-शासनमा अधिकार प्राप्त गरिसकेको भए मात्र भावी बुद्ध-शासनमा ध्यानाङ्ग सहित मार्ग र फल प्राप्त गर्न सकिन्छ। आजकल, शमथ र विपश्यना भावनाको नक्कल मात्र गरी परम्परागत अभ्यासमा जीवन बिताइरहेका मानिसहरू अधिकारको परिधिमा परेका **समथ** र **विज्जा-बीज**ले सम्पन्न व्यक्तिहरूको सीमा भित्र पर्दैनन् ।

दुइ प्रकारका बीज मध्ये बुद्ध-शासनमा समागम भएर पनि विज्जा-वीज सुरक्षित गर्न नसकेका व्यक्तिहरूले वास्तवमा ठूलो मौका चुकाएको हुन्छ। किनभने नाम र रूप धर्मसंग सम्बन्धित् **विज्जा-बीज** केवल बुद्ध-शासनमा राम्रोसंग ग्रहण गर्न सकेमा मात्र प्राप्त गर्न सकिन्छ। अतएव वर्तमान कालमा नाम र रूप धर्मका स्वभाव जान्न असमर्थ भएका ती स्त्री वा पुरुषले जीवन भर चार महाभूतलाई कन्ठस्थ गर्नु पर्दछ । त्यसपछि त्यसको अर्थमा ध्यान दिई ती विषयमा छलफल गरेर अन्तमा ती महाभूतहरू कसरी आफ्ना शरीरमा समावेश भएका छन् भन्ने कुरो विपश्यना भावनाद्वारा जीवनभर अभ्यास गर्नु पर्दछ ।

यहाँ सूत्र र अभिधर्म पिटकमा चार जातिका पुद्गलहरू र तीन प्रकारका व्यक्तिहरूका सम्बन्धमा दर्शाइएका कुरा सारांशमा यसरी लिन सकिन्छ—(१) बुद्ध-शासनको परिधिमा परेका व्यक्तिहरूले शमथ र विपश्यना भावना नगरिकन केवल यसको नक्कल मात्र गरी समय बिताउँछन् भने यस शासनमा मनुष्य भई जन्मेर पनि अनुपम मौका उपयोग गर्न नसकेकोमा

ठूलो नोक्सानी सहनु पर्ने हुन्छ; (२) अहिले **पदपरम** र **नेय्य** जातिका पुद्गलहरूको समय भएकोले तिनीहरूले यस समयमा सावधानीपूर्वक उद्योगाभ्यास गरेको खण्डमा शमथ र विपश्यनाको परिपक्व बीज प्राप्त गर्न सक्छन् र साथै त्यस बीजलाई पाकेको र छिपेको अवस्थामा पुऱ्याई यसै जीवनमा अथवा अर्को जन्ममा देवलोकमा – यही बुद्धको शासनमा अथवा भावी बुद्ध-शासनमा लोकुत्तर सम्पदा सजिलैसंग प्राप्त गर्दछन्; (३) बुद्ध-शासनमा मनुष्य भई यसै भवमा तिनीहरूले महान् लाभ प्राप्त गर्न सक्छन् ।

तीन प्रकार र चार जातिका पुद्गलहरूका व्याख्या समाप्त ।

आजको मिथ्या धर्म । सल्लाह र चेताउनी—

त्रिपिटकको सार--४५ वर्षसम्म भगवान बुद्धले उपदेश गर्नु भएका त्रिपिटकलाई मथन गरी सारांश निकालेमा सैंतीस बोधिपक्षीय-धर्म निस्कन्छ । यी सैंतीस बोधिपक्षीय-धर्म नै त्रिपिटकका सारांश हुन् । यसलाई अझ मथन गरे सात विशुद्धि निस्कन्छन् । सात विशुद्धिलाई अझ निचोडेमा शील, समाधि र प्रज्ञा निस्कन्छ । यसैलाई **अधिसील सासन**[I] , **अधिचित्त सासन**[II]

I, अधिशील शासन—उच्च नैतिक शिक्षा,

II. अधिचित्त शासन—उच्च मानसिक शिक्षा,

र **अधिपञ्ञा सासन**[I] भनिन्छ । यी नै तीन शिक्षा हुन् ।

निच्च सील--शील भन्दाखेरी गृहस्थहरूका लागि मुख्यतया नित्य-शील हुन् । नित्य-शीलले पूर्ण भएको व्यक्ति चरणले सम्पन्न भएको हुन्छ र त्यसलाई **विज्जा** सहित मार्ग र फल प्राप्त गर्नमा समर्थ तुल्याइदिन्छ । यी व्यक्तिहरूले नित्य-शील माथि उपोशथ शीलले परिकृष्ट गर्न सकेमा झन राम्रो हुन्छ। गृहस्थ-हरूका लागि नित्य-शील भन्नु नै **आजीवट्ठमक सील** हुन् । यस शीललाई श्रद्धापूर्वक राम्रोसंग पालन गर्नु पर्दछ । पृथक्जन भएको कारणले शील भङ्ग हुन गएमा तुरन्तै शील समादान गरी अरू बाँकी रहेका आफ्ना जीवनमा पालन गर्नु पर्दछ । कारणवशः फेरि पनि शील भङ्ग हुन गएमा त्यसरी नै शील समादान गरी शुद्धचाई गर्नाले व्यक्ति फेरि शीलले सम्पन्न हुन्छ । यसो गर्नु उति गाह्रो छैन । नित्य-शील भङ्ग हुन गयो कि तुरन्तै समादान गर्नु पर्दछ । आजकल निकै संख्यामा व्यक्तिहरू शीलले सम्पन्न छन् ।

कसीण, असुभ आदि आलम्बन मनोद्वारमा स्पष्ट हुने गरी आभास प्राप्त गरेका व्यक्ति; नाम-रूप धर्मलाई अनित्य-लक्षण द्वारा ज्ञान प्राप्त गरेका व्यक्ति सार्है कम छ । किनभने शमथ र विपश्यना भावनालाई बाधा दिने मिथ्या धर्महरू प्रचूर मात्रामा छन्, जसबाट **धम्मन्तराय**को प्रवलताको कारण बन्दछ ।

I. **अधिप्रज्ञा शासन**—उच्च प्रज्ञाको शिक्षा ।

धम्मन्तराय—

मिथ्या-धर्मबाट उत्पन्न हुने **धम्मन्तराय**को अर्थ हो—सांसारिक भय देख्नमा असमर्थ अभ्यास, मार्ग र फल प्राप्त गर्न सकिन्न भन्ने विश्वास, पारमी पूर्ण हुनु भन्दा पहिल्यै अभ्यास गर्न छोड्ने वानी, आजकलका मानिसहरू **द्वि-हेतुक**[I] हुन् भन्ने धारणा **अधिपति**[II] प्राप्त पहिले पहिलेका महापुरुषहरूले प्राप्त गर्न नसकिने भनी छन्द, उत्साहलाई त्याग गर्ने आदत, आदि ।

यी कुराको निष्कर्षमा नपुगेता पनि कुशल-कर्म गर्नु निरर्थक हुँदैन । अभ्यास गर्दै गएमा पारमी नभएकाहरूलाई पारमी उत्पन्न गराउनमा कुशल-कर्म साधन स्वरूप हुन्छ । अभ्यास नगरेको खण्डमा पारमी प्राप्त गर्ने अवकाशबाट बञ्चित रहनु पर्ने हुन्छ । पारमी नछिपिएकाहरूले उद्योगाभ्यास गरेमा तिनीहरूको पारमी परिपक्व हुन्छ । यस प्रकारका व्यक्तिहरूले अर्को जन्ममा वर्तमान बुद्ध-शासनमा नै मार्ग र फल प्राप्त गर्न सक्छन् । अभ्यास नगरेको खण्डमा पारमी परिपक्व हुने अवसर गुमाउनु पर्ने हुन्छ । पारमी पूर्ण भई छिपिसकेकाहरूले उद्योगाभ्यास गरे

I. द्वि-हेतुक-पटिसन्धि—अलोभ, अदोष-मूलः भई जन्म ग्रहण गर्नु । द्वि-हेतुक-प्रतिसन्धि लिई जन्मेका व्यक्तिले यस जीवनमा मार्ग र फल प्राप्त गर्न सक्तैन ।

II. अधिपति—प्रधान भई काम गर्ने । यी चार प्रकारका छन्— (१) छन्दाधिपति, (२) वीरियाधिपति, (३) चित्ताधिपति र (४) विमंसाधिपति ।

यसै जीवनमा मार्ग र फल प्राप्त गर्न सक्छन् । उद्योगाभ्यास नगरेमा मार्ग र फल प्राप्त गर्ने अवकाशबाट वञ्चित हुनु पर्दछ ।

द्वि-हेतुक व्यक्तिहरूले उद्योगाभ्यास गरे अर्को जन्ममा तिनीहरू ति-हेतुक[I] हुन सक्छन् । उद्योगाभ्यास नगरेमा द्वि-हेतुकको स्तरबाट उत्रनुको सत्ता अ-हेतुक[II] अवस्थामा पतन हुनेछ ।

यहाँ कसैले भिक्षु हुने इच्छा गरेछ । अरूले उसलाई भनेछ– "जीवनभर भिक्षु जीवन व्यतीत गर्ने हो भने मात्र भिक्षु हुनु, नत्र नहुनु ।"––यसो भनेमा धम्मन्तराय हुन्छ ।

यसैले भगवान बुद्ध भन्नुहुन्छ––

"चित्तुंप्पादमत्तं पि कुसलेसु धम्मेसु बहुपकारं वदामि ।"[A]

अर्थ––'कुशल कर्ममा चिन्तना मात्र गर्नु नै ठूलो लाभ र फलदायी हो' भनी भन्दछु ।

दान-कुशल (भिक्षा दिनु) वा दानीलाई निन्दा गर्नाले पुञ्ञन्तराय[III] आइपर्छ । शील, समाधि र प्रज्ञा कुशल कर्मलाई अथवा शील, समाधि, प्रज्ञा प्राप्त गर्ने व्यक्तिलाई निन्दा गरिएमा धम्मन्तराय आइपर्छ । पुञ्ञन्तराय आइपरेको व्यक्तिलाई यस

I. ति-हेतुक-पटिसन्धि––अलोभ, अदोष र अमोह (ज्ञान) मूल भई जन्मने प्राणी ।

II. अ-हेतुक––कुशल-मूल विना जन्मने प्राणी ।

A. सुत्तन्त-पिटक, मज्झिम निकाय, मूल पण्णास, संलेख सुत्त (Page 48, 6th. Syn. Edn.)

III. पुण्यकार्यमा विघ्न । कुशल कार्य सम्पादन गर्दा भय उत्पन्न हुनु ।

भवमा वा अर्को भवमा प्रभाव-शक्तिको र धन-दौलतको हानी भई दयनीय अवस्था भोग्नु पर्ने हुन्छ। **धम्मन्तराय** आइपरेको व्यक्तिलाई अर्को भवमा चरित्र हीन, ज्ञान बुद्धि हीन भई साऱ्है नीच, हीन अवस्थामा पुग्नु पर्ने हुन्छ। यसमा सबै सतर्क रहून् !

आजकल बुद्ध-शासनमा समागम भएका व्यक्तिले माथि भनिए अनुसार मिथ्या धर्मबाट अलग्ग रहन सकेमा यसै जीवनमा अपाय-लोकको द्वार बन्द गर्न सक्तछ र दृढता, संकल्प र कर्तव्यनिष्ठाका साथ यस जीवनमा अभ्यास गरिएमा शमथ र विपश्यना भावनाद्वारा अर्को जन्ममा वा भावी बुद्ध-शासनमा सांसारिक दुःखबाट मुक्त हुन सक्नेछ।

'माथि उल्लेखित मिथ्या-धर्मबाट अलग्ग भई मानिस भएर जन्म लिनु कति दुर्लभ छ' भनी दर्शाइएको कुरो समाप्त।

★

प्रथम परिच्छेद

बोधिपक्खिय धम्म

अब म संक्षिप्तमा सैंतीस बोधिपक्षीय धर्म दर्शाउँछु। शमथ र विपश्यना भावना गर्न इच्छुक व्यक्तिले वीर्य र दृढतापूर्वक यी धर्म पालन गर्नु पर्दछ; जसबाट वर्तमान बुद्ध-शासनमा मनुष्य भई जन्म लिएको दुर्लभ अवसर सार्थक बन्दछ।

संक्षेपमा बोधिपक्षीय धर्म सात प्रकारका छन्। ती हुन्–

(१) **सतिपट्ठान** (स्मृतिप्रस्थान),
(२) **सम्मप्पधान** (सम्यक्प्रधान),
(३) **इद्धिपाद** (ऋद्धिपाद),
(४) **इन्द्रिय** (इन्द्रिय),
(५) **बल** (बल),
(६) **बोज्झङ्ग** (बोध्यङ्ग),
(७) **मग्गङ्ग** (मार्ग-अङ्ग)।

"बोधिया पक्खे भवान्ति बोधिपक्खिया",

यसको परिभाषानुसार यसलाई विग्रह गरिएमा मार्ग-ज्ञान-संग सम्बन्धित् **पदट्ठान**[I], **सम्भार**[II] र **उपनिस्सय**[III] धर्म-समूहलाई बोधिपक्षीय भनिन्छ।

I. **पदट्ठान—मार्ग ज्ञानको समीपावस्था,**

II. **सम्भार—साधन,**

III. **उपनिस्सय—हेतु।**

तृतीय परिच्छेद

चार सतिपट्ठान

सतिपट्ठानको परिभाषा हो—

"भुसं तिट्ठतीति पट्ठानं; सति एव पट्ठानं सतिपट्ठानं।"

अर्थ—दृढ रूपले स्थिर हुनेलाई **पट्ठान** भनिन्छ । स्मृति दृढ भइरहने हुनाले **सति-पट्ठान** भनिएको हो ।

सतिपट्ठान चार प्रकारका छन् । ती हुन्—

(१) **कायानुपस्सना-सतिपट्ठान** (कायानुपश्यना-स्मृतिप्रस्थान),
(२) **वेदनानुपस्सना-सतिपट्ठान** (वेदनानुपश्यना-स्मृतिप्रस्थान),
(३) **चित्तानुपस्सना-सतिपट्ठान** (चित्तानुपश्यना-स्मृतिप्रस्थान),
(४) **धम्मानुपस्सना-सतिपट्ठान** (धर्मानुपश्यना-स्मृतिप्रस्थान) ।

(१) आश्वास-प्रश्वास, आदि रूप-कायमा दृढतापूर्वक स्थिर हुने स्मृतिलाई कायानुपश्यना-स्मृतिप्रस्थान भनिन्छ ।

(२) वेदना-धर्ममा दृढतापूर्वक स्थिर हुने स्मृतिलाई वेदनानुपश्यना-स्मृतिप्रस्थान भनिन्छ ।

(३) स-राग चित्त, वित-राग चित्त, आदि चित्त प्रभेदमा दृढतापूर्वक स्थिर हुने चित्तलाई चित्तानुपश्यना-स्मृतिप्रस्थान भनिन्छ ।

(४) नीवरण, आदि धर्ममा दृढतापूर्वक स्थिर हुने स्मृतिलाई धर्मानुपश्यना-स्मृतिप्रस्थान भनिन्छ ।

यी चार मध्ये 'आश्वास-प्रश्वास' भने काय एउटामा दृढतापूर्वक ध्यान स्थिर रहेमा सबैमा स्थिर भएको भनिन्छ किन-भने आफूले जुन आलम्बनमा आफ्नो स्मृति राख्न चाहन्छ, त्यसमा केन्द्रित गर्न सक्छ ।

'दृढतापूर्वक चित्त स्थिर गर्नु'को अर्थ हो–कसैले आश्वास-प्रश्वासमा एक घण्टासम्म ध्यान दिन चाहन्छ भने उसको ध्यान त्यस समयको लागि दृढ रूपले त्यसैमा स्थित रहनु; दुइ घण्टा-सम्म त्यसमा ध्यान दिन चाहन्छ भने उसको ध्यान दुइ घण्टाको निमित्त त्यसैमा दृढ रूपले स्थित रहनु । यसो भएमा वितर्कको कारणले मनमा अशान्ति भई आलम्बनमा कुनै अवरोध आउँदैन ।

[स्मृति-प्रस्थानको विस्तृत वर्णनको निमित्त महासतिपट्ठान सुत्त[A] हेर्नुहोस् ।]

आश्वास-प्रश्वास, आदि कुनै आलम्बनमा असफल नहुने गरी स्थिर रूपले मन स्थित गराई राख्न हामीलाई किन आवश्यक परेको ? किनभने **अनमतग्ग संसार** चक्र[I]मा जन्म जन्मान्तरमा

A. The Light of the Dhamma, Vol. III, No. 4 **हेर्नुहोस् । दीघनिकाय, महावग्ग, महासतिपट्ठान सुत्त ।** (p. 231, 6th, Syn. Edn.)

I. **आरम्भ थाहा नभएको खन्ध, आयतन, धातुको निरन्तरता ।** (Beginningless round of rebirths)

वेपर्वाह रूपले तुफान सरह बगाउँदै ल्याएका यी **छ विञ्ञाण**[I]लाई एकत्र गरी अधीनमा राख्न परेको छ ।

यसलाई म अझ स्पष्ट पार्दछु । चित्त **छ इन्द्रिय-द्वार**[II]को आलम्बनमा दगुरिरहने स्वभावको हो ।

चित्त शान्त हुने क्रम— उदाहरणार्थ, आफ्नो मन वशमा नभएका एउटा बहुला लिउँ । बहुलालाई आफ्नो खाने बेला पनि थाहा हुँदैन र विना कारण ऊ यताउति घुम्दछ । उसका बाबु-आमाले उसलाई खोजेर ल्याउँछन् र खानेकुरो (भात) दिन्छन् । पाँच, छ गाँस खाइसकेपछि उसले थाल घोप्टचाई दिन्छ र वाहिर जान्छ । यसरी ऊ भोको रहनु पर्ने हुन्छ । भात खानुञ्जेलसम्म पनि उसले आफ्नो मन वशमा राख्न सक्तैन । कुरा गर्दा एउटा वाक्य पूरा हुञ्जेलसम्म पनि उसको मन आफ्नो अधीनमा रहँदैन । उसको 'कुरो शिर न पुच्छर'को हुन्छ । उसको कुराको कुनै अर्थ हुँदैन। यस संसारमा ऊ बेकामको हुन्छ । ऊ कुनै काम टुङ्ग्याउनमा असमर्थ रहन्छ । यस्तो व्यक्तिलाई मानिस गनिन्दैन र ऊ भए पनि नभएको समान हुन्छ ।

I. **चक्खु-विञ्ञाण, सोत-विञ्ञाण, घाण-विञ्ञाण, जिह्वा-विञ्ञाण, काय-विञ्ञाण र मनो-विञ्ञाण ।**

II. **चक्खु-द्वार, सोत-द्वार, घाण-द्वार, जिह्वा-द्वार, काय-द्वार र मनो-द्वार ।**

यो वहुला फेरि सद्दे मानिस हुन सक्छ; यदि उसले राम्रो डाक्टर भेटाएछ र त्यस डाक्टरले उसलाई निको पार्न यस्तो कडा तरिका अपनाएछ कि उसलाई सिक्रीले बाँध्छ। यस्तो उपाय गर्दा भात खानुञ्जेल मन उसको काबुमा रहन्छ र अब उसले पेटभरी खान थाल्छ। यसरी नै उसले अरू विषयमा पनि मन आफ्नो बशमा राख्दछ। अरूहरूले झैं उसले आफ्नो कार्य पूरा गर्दछ।

यस संसारमा पागल नभएको सामान्य व्यक्ति पनि शमथ र विपश्यना भावना गर्दा मन बशमा राख्न सकिएन भने त्यो पागल समान हो। जसरी वहुलाले पाँच, छ गाँस मात्र खाएर पेट नभर्दै आफ्नो थाल घोप्टचाएर बाहिर जान्छ त्यस्तै यी सामान्य वहुलाहरूका चित्त काबुमा नभएकाले ध्यान गर्दा चित्त बाहिर जान्छ। त्यसैले भगवान बुद्ध र उहाँका गुणाङ्गमा ध्यान दिंदा तिनीहरूले आफ्नो मन ती गुणहरूमा स्थिर रूपले राख्न सक्तैनन्। बरू तिनीहरूको ध्यान अरू नै विषय र कल्पनाहरू (विषयालम्बन) मा बार बार डुबुल्की मारिरहेका हुन्छन्। तिनीहरूले **"इतिपि सो... ..."**[1] गाथासम्म पनि पूर्ण गर्न नसकिने हुन्छन्।

जल-संत्रास— जल-संत्रास (पानीको त्रास हुने रोग) रोगले

---

1 बुद्धका नवगुण सम्बन्धी गाथा। बुद्ध-सासन सेवा युनियन बुद्ध-सासन काउन्सिलद्वारा प्रकाशित ब्रह्मजाल सुत्त र सामञ्ञ-फल सुत्त हेर्नुहोस्।

पीडित मानिस जोर ग्रष्ट भई ओंठ सुकेर पानीको खोजी गर्दा चिसो सफा जल भएको पोखरी देख्दा जसरी डरले भाग्दछ यो त्यस्तै हों । रोगी मानिसलाई रूची वढ्ने आरोग्यजनक पथ्य दिईंदा त्यसलाई त्यो आहार तीतो लागी निल्न नसकी थुक्ने वा उल्टी गर्ने गर्दछ; यो पनि त्यस्तै हो । यस्तै किसिमले यी व्यक्तिहरूले भगवान बुद्धका गुणाङ्गमा ध्यान दिन लाग्दा असमर्थ भई ती गुण धर्म पालन गर्न नसकिने हुन्छन् ।

"**इतिपि सो... ...**" गाथा पाठ गर्दा पनि तिनीहरूको मन स्थिर नभएकोले वेला बेलामा उच्चारणमा अवरोध खडा हुन्छ। तिनीहरूले फेरि राम्रोसंग शुरू गरे पनि बार बार यस्तो अवरोध आउन सक्छ कि दिनभरी वा महिनाभरी वा वर्षभरी पाठ गरे पनि टुङ्ग्याउन नसकिने हुन्छ। आजकल तिनीहरूले आफ्नो ध्यान (मन) स्थिर नभए पनि कण्ठ गरी पाठ गर्न सिध्याउंछन्।

यस्तै प्रकारले **उपोसथ**का दिनहरूमा ती व्यक्तिहरू '**केसा**' (केश), '**लोमा**' (रौं), आदि **द्वतींसाकार** अथवा भगवान बुद्धका गुणाङ्गको भावना गर्न एकान्त ठाउँमा जाने गर्दछन् तर **उद्धच्चकुक्कुच्च**ले[I] गर्दा चित्त स्थिर गर्न नसकेता पनि सम्बन्धी मित्रहरूका साथ कार्य सम्पन्न गर्दछन् । तिनीहरूले संघ सभामा[II] पाठ गर्न भाग लिदा व्यक्तिगत रूपमा **ब्रह्म-बिहार**[III]का शमथ

I. **औद्धत्यकौकृत्य = मानसिक चञ्चलता र पश्चाताप ।**

II. **बर्मीमा 'उत्त' (WUT) भनिन्छ ।**

III. **चार ब्रह्मविहार हुन्—मेत्त (मैत्री), करुणा (दया), मुदिता (प्रमुदित भाव) र उपेक्षा (तटस्थता) ।**

भावनामा आफ्नो मन लगाई मैत्री सूत्र पाठ गर्दै मैत्री फैलाउन पर्ने भएतापनि तिनीहरूको मन वशमा नभएको र चित्त एकाग्र नभई तितर-वितर भएको कारणले प्रचार वा प्रदर्शनको लागि मात्र पाठ गरी टुङ्ग्याउने गर्दछन् ।

कुशल कर्म गर्दा कति मानिस पागल तुल्य छन् भन्ने कुरा दर्शाउन यी तथ्यहरू पर्याप्त छन् ।

"पापस्मिं रमते मनो"[A]

अर्थ– पापमा रमण गर्ने मन ।

जसरी पानी माथिवाट तल बग्दछ त्यस्तै प्राणीको चित्त अधीनमा राखेन भने स्वभावतः खराब हुन्छ । यो चित्तको स्वभाव हो ।

अब उदाहरण सहित आफ्नो मन वशमा लिन कोशिश नगर्नेहरू र उपर्युक्त उल्लेखित बहुला मानिसको तुलना गरी दर्शाउँछु ।

माझीको उपमा—सार्है बेगले बग्ने नदी छ । माझी त्यस नदीको धारलाई बहनाले काट्न नीपुण भएन भने त्यसलाई नदीले बगाउँछ । नदीको गन्तव्य स्थानवाट शहरमा गई व्यापार गर्न उसको डुङ्गामा मूल्यवान सरसामानले लाडिएको छ । ऊ बग्दै जाँदा उसले आफ्नो डुङ्गाको निमित्त बन्दरगाह वा घाट (लङ्गर खसाल्ने ठाउँ) नभएका नदीको किनारमा फैलिएका जङ्गल र पर्वत पार हुँदै जान्छन् । यसरी नरोकिकन ऊ बग्दै

A. धम्मपद गाथा ११६

बग्दै जान्छ । बन्दरगाह र घाट भएका शहर र गाउँबाट पनि ऊ पार हुँदै जान्छ; किनभने रात्रीको अन्धकारले गर्दा उसले ती स्थानहरू देख्दैन । यसरी ऊ रोक्न नसकिने गरी बग्दै जान्छ । उज्यालो हुँदा शहर र गाउँ भएका ठाउँमा आइपुग्छ तर बहना उसको काबुमा नभएकोले बन्दरगाह र घाटसम्म आइपुग्न उसले बहना खियाउन सक्तैन । यसरी महासागरमा नपुगेसम्म उस-लाई जोडसंग बगाउँदै लैजान्छ ।

उपमेय--यस **अनमतग्ग संसार** बेगले बग्ने नदी समान हो । आफ्नो मन अधीनमा नभएका प्राणी डुङ्गालाई खियाउन अस-मर्थ भएका माझी समान हो । मन डुङ्गा समान । बुद्ध-शासन नभएको बेला शून्य-कल्पमा प्राणी एक भवबाट अर्को भवमा प्रतिसन्धि लिंदै गरेको नदीको किनारमा फैलिएका तर बन्दर-गाह र घाट नभएका पर्वत र जङ्गल पार गर्दै बगाइएको माझी समान हो । बुद्ध-शासन उज्ज्वल भएको बेला संसारमा जन्म भएपनि **अट्ठखण** (अष्टदोष) भएका कुनै एक भूमिमा पर्न गएका प्राणी नदीकों किनारमा फैलिएका बन्दरगाह र घाटले युक्त भएका शहर र गाउँलाई रातको अन्धकारले गर्दा देख्न नसकी बगाएर लगेको माझी समान हो । बुद्ध-शासनमा मानिस, देव अथवा ब्रह्मा भई जन्मे पनि मन वशमा पार्न नसकेको कारणले चार स्मृति-प्रस्थानको अभ्यासद्वारा विपश्यना भावना गरी मार्ग र फल प्राप्त गर्न असफल भई फेरि संसार चक्रमा बगिएकाहरू नदी किनार संग सम्वन्धित् बन्दरगाह र घाटले युक्त

गाउँ र शहर देखे पनि वहना आफ्नो काबुमा नभएकोले खिया-एर त्यस स्थानसम्म पुग्न असमर्थ भई महासागरमा बगाएर लगिएका माझी समान हो। यस अनन्त संसारमा गंगाका बालुका प्रमाण उत्पन्न भइसकेका बुद्ध-शासनमा जति व्यक्तिहरू यस सांसारिक दु:खबाट मुक्त भए ती सबैले यस स्मृति-प्रस्थानको अभ्यासद्वारा आफ्ना चित्त बशमा लिएर नै मुक्त भएका थिए।

[शमथ-विपश्यनाको भावनामा चित्त आफ्नो बशमा राख्न सकिन्छ भनी थाहा पाएर पनि स्मृति-प्रस्थान भावनामा कोशिश नगर्नेहरूका लागि यो उदाहरण—'संसार चक्रमा घुम्ने पार' अथवा 'भव-गति' दर्शाइ-एको हो।]

गोरु र हात्तीको उपमा—हलो जोताउन र गाडा तान्न लगाउनको लागि पालेर सधाइएका गोरुहरू र राजाको कार्यमा अथवा लडाइँको मैदानमा नियुक्त गर्न पालेर सधाइएका हात्ती-हरूको तुलना गरी यस उदाहरणलाई अझ स्पष्ट पार्न सकिन्छ।

गोरुको उदाहरणमा सानो बाछालाई गाई-वस्तुसंगै पाली गोठमा राखिन्छ। अनि नाकमा प्वाल पारी त्यसमा डोरी बाँधिन्छ। डोरीलाई किलामा बाँधेर बाछालाई डोरीको अधी-नमा राखिन्छ। अनि हलोको भारी बोक्न समर्थ भएपछि हलो जोत्न र गाडा तान्न तालिम दिई व्यापारिक क्षेत्रमा कार्यरत गरी नाफा गर्दछ।

उपमेय—यस उदाहरणमा कृषक (गोठालो) ले नाफा गर्न र कार्य सफलता प्राप्त गर्न समर्थ भइसकेका गोरुलाई जोताउन र

गाडा तान्न लगाउनको लागि दिइएको तालिममा जसरी निर्भर गर्दछ, त्यसरी नै गृहस्थ र भिक्षुहरूको वास्तविक लाभ वर्तमान बुद्ध-शासनमा शमथ र विपश्यना भावना गरिएको अभ्यासमा निर्भर गर्दछ।

वर्तमान बुद्ध-शासनमा शील-विशुद्धिको अभ्यास बाछ्लालाई गाई-वस्तुसंगै पाली गाई-गोठमा राख्नु ळैं हुन्। बाछ्लालाई गाई वस्तुसंग नपालीकन गाई-गोठमा नराखेमा त्यो पनि बिग्रिन्छ र त्यसले अरूहरूको सम्पत्ति पनि बिगारी दिन्छ जसको उत्तर-दायित्व कृषक आफै हुन्छ; त्यस्तै शील-विशुद्धि भएन भने व्यक्तिको तीन कर्म (त्रि-कर्म)[I] प्रचण्ड भई लोक-दोष र धर्म दोषको भागी बन्दछ।

तालिम प्राप्त नभएको गोरु र हात्तीको उपमा--

कायगता-स्मृति प्रस्थानको उद्योगाभ्यास गर्नु बाछ्लालाई किलामा बाँधेर नाक छिराई तालिम दिनु ळैं हुन्। बाछ्लालाई

I. दश अकुशल कर्म :—

(१) कायकर्म — शरीरले गर्ने अकुशल कर्म तीन—(क) प्राणीघात गर्नु, (ख) चोरी गर्नु, (ग) कामभोग सम्बन्धी मिथ्याचरण।

(२) वची कर्म—वचनले गर्ने अकुशल कर्म चार—(क) झुठ बोल्नु, (ख) चुगली र निन्दा गर्नु, (ग) गालि गर्नु, (घ) नचाहिंदो गफ गर्नु।

(३) मनोकर्म— मनले गर्ने अकुशल कर्म तीन—(क) अविज्झा, (ख) व्यापाद, (ग) मिच्छादिट्ठि।

किलामा बाँधिसकेपछि त्यो यताउति जान पाउँदैन। गोठालोले भने कैं यसलाई राख्न सकिन्छ। त्यस्तै स्कन्ध रूपी किलामा स्मृति-प्रस्थान रूपी डोरीले मनलाई बाँधेर राख्दा मन यताउति जान पाउँदैन बरु साधकले भनेको ठाउँमा यसलाई राख्दछ। यसो गर्न सफल भएमा अनन्त संसारमा अस्थिर र चञ्चल भइ-रहेको चित्त शान्त हुन्छ।

पहिले कायगता-स्मृतिप्रस्थानको अभ्यास नगरिकन जसले शमथ र विपश्यना भावनाको अभ्यास गर्दछ त्यस व्यक्ति तालिम नदिइएको गोरुलाई गाडा तान्न लगाउने गाडावाल अथवा नाकमा डोरी नबाँधिकन नै हलो जोत्ने कृषक (हली) समान हुन्। यस्तो गाडावाल वा कृषकले गोरुलाई आफ्नो इच्छानुसार जोत्न सक्तैन। किनभने तालिम नदिइएको गोरु जङ्गली हुन्छ, यसको नाकमा डोरीले नबाँधेकोले यसले बाटो छोडी भाग्न खोज्छ अथवा हलोलाई नै भाँचिदिने कोशिश गर्दछ।

शमथ र विपश्यना भावना गर्नु भन्दा पहिले साधकले आफ्नो मन (चित्त)लाई कायगता-स्मृतिप्रस्थान भावनामा अभ्यास गरी शान्त पार्न सके उसको ध्यान स्थिर भई कार्यमा सफलता मिल्दछ।

हात्तीको सन्दर्भमा, पहिले जङ्गलबाट जङ्गली हात्तीलाई अरू पालिएको सधिएको हात्तीसंग पासोमा पारिन्छ। त्यस-पछि यसलाई हात्तीसार लगिन्छ र नसधिएसम्म सुरक्षित रूपले बाँधिराख्दछ। जब हात्ती राम्रोसंग सधिन्छ र शान्त

हुन्छ। अनि यसलाई विभिन्न प्रकारका काममा तालिम दिई राजाको कार्यमा लगाइन्छ। त्यसपछि मात्र यसलाई राजसी कार्य र लडाईंको क्षेत्रमा ल्याइन्छ।

उपमेय--- मानिसको पञ्चकाम गुणको क्षेत्र जङ्गली हात्तीले जङ्गलमा आनन्द लिए झैं हुन्। बुद्ध-शासन जङ्गली हात्तीलाई खुला मैदानमा ल्याउनु झैं हुन्। मन (चित्त) जङ्गली हात्ती समान हुन्। शासन धर्ममा श्रद्धा र इच्छा (छन्द) हुनु जङ्गली हात्तीलाई पासोमा पारी खुला मैदानमा ल्याई सधाउनु झैं हुन्। शील-विशुद्धि हात्तीसार समान हुन्। आश्वास-प्रश्वास, आदि शरीर वा शारीरिक अङ्ग-प्रत्यङ्ग हात्तिसारमा हात्तीलाई बाध्ने किला समान हुन्। कायगता-स्मृति जङ्गली हात्तीलाई बाँधिएको डोरी समान हुन्। शमथ र विपश्यना भावनाको **परिकम्म** अवस्था हात्तीको प्रारम्भिक तालिम झैं हुन्। शमथ र विपश्यना भावना-कार्य हात्तीलाई राजसी कार्य लडाईंको क्षेत्रमा ल्याउनु झैं हुन्।

यस्तै प्रकारले अरू तुलनात्मक अध्ययन पनि बुझ्न सकिन्छ।

यसरी मैले बौलाहा, माझी, गोरु र हात्तीका उदाहरणहरूमा मुख्य दर्शाउन खोजेको कुरो के भने यस अनन्त संसारमा उत्पन्न भइसकेका सबै बुद्धका शासनमा शील-विशुद्धिलाई विशुद्ध पार्दै अरू विशुद्धि प्राप्त गर्न क्रमानुसार सबभन्दा पहिले

कायगता स्मृति भावना गर्नु पर्दछ ।

भनाईको तात्पर्य—— हो, **आनापान** (श्वास-प्रश्वास), **इरियापथ,**[I] **सम्प्रजञ्ञ** (सम्प्रजन्य), **धातु मनसिकार,**[II] **अत्थिक सञ्ञा**[III] आदि कुनै एक आलम्बनमा निन्द्राको अवस्था वाहेक रात-दिन एकै आसनमा बसी जति सक्दो लामो अवधिसम्म कायगता स्मृतिको भावनाद्वारा चित्त एकाग्र गर्ने अभ्यास गर्नु पर्दछ । जसले आफ्नो ध्यान आफूले चाहेसम्म स्थिर राख्न सक्तछ उसले आफ्नो चित्त माथि विजय प्राप्त गरेको हुन्छ । यसरी त्यस व्यक्ति बौलाहा अवस्थाबाट मुक्त हुन्छ । यस्तो व्यक्ति वहनालाई आफूले भनेको ठाउँमा लैजान सक्ने माझी समान हुन्छ अथवा सधाइएको, तालिम दिइएको गोरुको मालिक झैं हुन्छ अथवा तालिम प्राप्ति पछि हात्तीलाई कार्य-क्षेत्रमा ल्याइएका राजा जस्तो हुन्छ ।

मन काबुमा लिने विधि विविध प्रकार र विविध तहका छन् । बुद्ध-शासनमा मन माथि विजय प्राप्त गर्ने पहिलो अवस्था हो, कायगता स्मृति अभ्यासको सफलता ।

शमथ भावना तिर नलागिकन **सुक्ख विपस्सक पुग्गल**[IV] ले झैं शुद्ध विपश्यना मार्गमा मात्र लाग्न चाहनेहरूले कायगता-

---

I. शरीरका चार अवस्था– जानु, उठ्नु बस्नु, सुत्नु ।

II. चार महाभूतमा ध्यान दिनु– पथवी, आपो, तेजो, वायु ।

III. हाडमा ध्यान दिनु ।

IV. केवल विपश्यना भावनाको अभ्यासी ।

स्मृतिको अभ्यास गरिसकेपछि मात्र विपश्यना भावना शुरू गर्नु पर्दछ।

कायगतास्मृति भावना मात्र गर्न नचाहनेहरूले विपश्यना भावना गर्दा कायगता स्मृतिमा नै विपश्यना गाभिने गरी भावना गरेमा कार्य सफल हुन्छ र साथै यसरी भावना गर्दा प्रबल वीर्य र तीक्ष्ण प्रज्ञा भएकोले मात्र सफलता पाउने छ। **नाम-रूप** धर्मको उत्पत्ति-विनाश भएको स्पष्ट संग देखिएको **उदय-व्यय ञाण**[I] संग सम्बन्धित् रहेको कायगता स्मृति भावना उच्च तहको कायगतास्मृति भावना हो।

शमथ मार्गमा कायगतास्मृतिको श्वास-प्रश्वासको अभ्यासद्वारा रूपावचर चतुर्थ ध्यानसम्म प्राप्त गर्न सकिन्छ। कायगतास्मृतिको **केसा** (केश, कपाल), **लोमा** (रौं), आदि **बतींसाकारका वण्ण मनसिकार**[II]को अभ्यासद्वारा **आठ समापत्ति**[III] प्राप्त गर्न सकिन्छ। कायगता-स्मृति भावना कै **पटिकूल मनसिकार**[IV] को अभ्यासद्वारा प्रथम ध्यान प्राप्त गर्न सकिन्छ। विपश्यना मार्गबाट अभ्यास गरेमा मार्ग-ज्ञान र फल-ज्ञान पनि प्राप्त गर्न

I. उत्पत्ति र भङ्ग-ज्ञान– ध्यानद्वारा प्राप्त हुने मानसिक र शारीरिक गतिका उत्पत्ति र विनाशका ज्ञान।

II. वर्ण मनसिकार— वर्णमा मनन गर्ने; शरीरका बत्तीस प्रकारका अशुचि (वस्तु)का अभ्यासद्वारा प्राप्त प्रतिविम्वित् भाग।

III. साकार र निराकार लोकका आठ समाधि।

IV. केसा, लोमा; आदिमा प्रतिकूल भाव।

सकिन्छ ।

शमथ र विपश्यना भावनाको अभ्यास पूर्ण नभएता पनि कायगता-स्मृतिमा इच्छानुसार उसले आफ्नो ध्यान स्थिर राख्न सकेमा 'अमत-निब्बाण[I] सुख अनुभव गर्दछ' भनी भगवान बुद्धले भन्नु भएको छ ।

"अमतं तेसं परिभूतं,
येसं कायगता सति परिभूता ।"[A]

अर्थ– जसले कायगता-स्मृतिको अनुभव गर्दछ, उसले अमत (निर्वाण)को अनुभव गर्दछ ।

यहाँ अमत (निर्वाण)को अर्थ हो, चित्तको महान शान्ति अर्थात् मनको शान्तावस्था[II] ।

यसको मूल स्वभावानुसार एकाग्र गर्नमा मन साह्रै चञ्चल हुन्छ र यो खहरिएको र तप्त स्वभावको हुन्छ । जसरी खोर्सानीमा रहने कीरालाई यसको पीरोपन थाहा हुँदैन; त्यस्तै तृष्णाले पछ्याइएका प्राणीलाई तृष्णाको ताप थाहा हुँदैन द्वेष र अभिमानी व्यक्तिले द्वेष र अभिमानका ताप थाहा नभए झैं प्राणीले चञ्चल मनको ताप थाहा हुँदैन । कायगता-स्मृतिको भावना गरेपछि मात्र मन (चित्त)को चञ्चलता

I. अमृत पद– निर्वाण पद ।

A. अंगुत्तर निकाय, एकक-निपात, २० अमत वग्गसुत्त, (page 47, 6th. syn. Edn).

II. यसको अर्थ हो क्लेश निर्वाण = पञ्चस्कन्ध सह्रितको निर्वाण ।

रोक्दछ र चञ्चल मनको ताप अनुभव गर्दछ । ताप शान्त हुने अवस्थामा पनि पुग्दछ । ताप शान्त गरिसकेकाहरूलाई त्यस तापमा फेरि फसिन्छ कि भन्ने डर पैदा हुन्छ। शमथ ध्यानबाट प्राप्त भएको कायगता-स्मृति-प्रस्थान र उपचार-आपबाट प्राप्त भएको कायगतास्मृति-प्रस्थानलाई वर्णन गर्न म सकिन्न ।

यसकारण जति जति ध्यानाङ्ग प्राप्त हुँदै जान्छ उति उति कायगतास्मृति भावनाको अभ्यासबाट अलग्ग रहन सक्तैन । आर्य पुद्गलहरूले परिनिर्वाण प्राप्त नभएसम्म चार स्मृति-प्रस्थानलाई आलम्बन गर्दछन् ।

आश्वास-प्रश्वास, आदि शरीरका कुनै अङ्गमा एक घण्टा वा दुइ घण्टा सम्म ध्यान स्थिर गर्न सक्ने क्षमता भएकोलि आफ्नो उद्योगाभ्यास अनुसार सात दिनमा पनि सिद्ध गर्न सक्तछ अथवा पन्ध्र दिन अथवा एक महिना, दुइ महिना, तीन महिना, चार महिना, पाँच महिना, छ महिना अथवा एक वर्ष, दुइ वर्ष, तीन वर्षसम्ममा पनि सिद्ध गर्न सक्तछ[१] ।

पहिलेका गुरूहरूले लेखिएका द्वतींसाकार भावना गर्ने तरिका भएका पुस्तकहरू धेरै छन् । यस तरिकामा केसा (कपाल, केश), लोमा (शरीरका रौं), नखा (नङ्ग), दन्ता (दाँत), तचो (छाला)लाई तचपञ्चक[I] भनिन्छ । यी पाँच चीजमा ध्यान

---

१. आश्वास-प्रश्वास भावना गर्ने तरिकाको निमित्त "आनापान-दीपनी" हेर्नुहोस् ।

I. पाँचौं 'तचो' मई पूर्ण भएको एक समूह ।

स्थिर गर्न सकेमा कायगतासमृति भावना सफल हुन्छ ।

[चतुधातु ववत्थान (चार महाभूतका विश्लेषण), रूप-विपस्सना (रूप-विपश्यना) र नाम-विपस्सना (नाम विपश्यना)को निमित्त मेरो "लक्खण-दीपनी", "विज्जामग्ग-दीपनी", "आहार-दीपनी", र "अनत्त-दीपनी" हेर्नु होस् ।]

मेध्य ए पवपरम पुद्गलहरूले बुद्ध-शासनमा मार्ग र फल प्राप्त गर्ने हेतुले सबभन्दा पहिले भावना गर्नु पर्ने चार स्मृति-प्रस्थान मध्ये एक कायगतास्मृति भावनाको संक्षिप्त व्याख्या यहाँ समाप्त हुन्छ ।

सतिपट्ठान समाप्त ।

★

तृतीय परिच्छेद

चार सम्मप्पधान

सम्मप्पधानका परिचय हुन्–

> "भूसं दहति वहतीति पधानं,
> सम्मदेव पधानं सम्मप्पधानं।"

अर्थ– बढी मात्रामा वहन गर्नु पर्ने भएकोले प्रधान भनिन्छ। धर्मलाई राम्रोसँग बढी मात्रामा वहन गर्नु पर्ने भएकोले **सम्मप्पधान** भनिएका हुन्।

हतोत्साह नभएको वीर्यलाई सम्यक्-प्रधान भनिन्छ। यसलाई **आताप-वीर्य** भनिन्छ। कोशिश गर्नु पर्ने विषयमा अति कोशिश गर्दा अति पीडा कष्ट सहनु सक्ने वीर्यलाई **आताप-वीर्य** भनिन्छ। यसलाई चार अङ्गले युक्त भएको वीर्य पनि भनिन्छ।

ती चार अङ्गहरू हुन्–

> **"कामं तचो च न्हारु च, अट्ठि च अवसिस्सतु।**
> **सरीरे उपसुस्सतु मंसलोहितं यं तं पुरिसथम्मेन**
> **पुरिसवीरियेन पुरिसपरक्कमेन पत्तब्बं,**
> **न तं अपापुणित्वा वीरियस्स सण्ठानं भविस्सति।"A**

अर्थ– शरीरमा रगत-मासु सुकेर हाड-छाला र स्नायु मात्र

A. अंगुत्तर निकाय, दुक-निपात, ९ उपञ्ञात सुत्त (page 53, 6th. syn. Edn.).

बाँकी रहेता पनि मानवताको समर्थमा भएको सम्यक् प्रयत्न र प्रयास सफल नभएसम्म मैले यस वीर्यलाई भङ्ग गर्ने छैन ।

यी अङ्गलाई यसरी पनि दर्शाउन सकिन्छ–

(१) छाला मात्र बाँकी रहुन्,
(२) स्नायु मात्र बाँकी रहुन्,
(३) हड्डी मात्र बाँकी रहुन्,
(४) रगत-मांस नै सुकोस् ।

यस प्रकारको वीर्य प्राप्त गर्नु पर्ने धर्म भएमा यस प्रकारको धर्म अवश्य प्राप्त हुनेछ । यस किसिमको वीर्य भिक्षु सोण[A] र भिक्षु चक्खुपाल[B] ले गर्नु भएका थिए । वीर्यको अर्थ नै आफ्नो सारा शक्ति आफ्नो लक्ष्य प्राप्तार्थ छोड्नु हो ।

सिद्ध हुने गरी कोशिश गरेन–– भगवान बुद्धले दर्शाउनु भएको वीर्यको विधि अनुसार जीवनभर ध्यान गरी आलम्वनमा कोशिश गर्दा पनि मार्ग र फल प्राप्त गर्न नसकेको खण्डमा यसो भएको कारण यात 'वर्तमान कालको परिस्थितिले हुनु पर्छ' अथवा 'व्यक्ति (साधक) द्वि-हेतुक[I] हुनु पर्छ' अथवा 'सञ्चित पारमीको कमिले हुनु पर्छ' भनी जान्नु पर्दछ ।

A. विनय पिटक, महावग्ग (V 13, 1-10, 267 6th. syn. Edn.)
सम्मोहविनोदनी अट्ठकथा (p. 262, 6th. syn. Edn.)

B. धम्मपद (p. 2, 6th syn Edn.)

I. जन्मदा दुइ मूल मात्र भएको ।

भगवान बुद्धले दर्शाइएका सम्यक् प्रधान अनुसार पूर्ण रूपले उद्योगाभ्यास गर्नु त परै रहोस्, अस्थिर, चञ्चल मन वशमा लिन कायगतास्मृति भावनाको क्रमिक रूपमा अभ्यास पनि नगरिकन यस संसारमा कोही मानिसले यसो भन्ने गर्दछन् कि वर्तमान समयले गर्दा मार्ग र फल प्राप्त गर्न सकिएन। यस्तै प्रकारका अरू पनि मानिसहरू छन् जसले भन्दछन् कि आजका नर-नारीले मार्ग र फल प्राप्त गर्न सकिने गरी चाहिंदो मात्रामा पारमी सञ्चित गरेका छैनन्। अरू यस्तै प्रकारका मानिस अरू पनि छन् जसले भन्दछन् कि बर्तमान कालका स्त्री वा पुरुष **द्वि-हेतुक** हुन्। **नेय्य** पुद्गल भए पनि अत्यन्त कोशिश गरेमा मात्र मार्ग र फल प्राप्त गर्न सकिने सम्यक्-प्रधान वीर्यको अङ्ग पूर्ण गरी अभ्यास गर्न नसकेको कुरोमा होस् नराखिकन यिनीहरूले यसो भन्ने गर्दछन्।

पहितत्त चित्त लिई ठीक तरिकाले **सम्मप्पधान-वायाम** गरेमा हजार व्यक्ति मध्ये तीन सय, चार सय वा पाँच सय व्यक्तिले भए पनि पूर्ण गर्दछन्। यदि सय व्यक्तिले प्रयत्न गरेमा तीस, चालिस, पचास व्यक्तिले निश्चय पनि पूर्ण गर्दछन्। यहाँ **'पहितत्त चित्त'**को अर्थ हो– जीवनभर अरू आवश्यक परेको खण्डमा प्रयत्न गर्दा गर्दै मर्न परे पनि तयारी हुने प्रतीज्ञा। भिक्षु सोण स्थविरले वर्षावास भरी तीन महिना सम्म नलेटिकन दुइ **इरियापथ**मा केवल बसेर र हिंडेर सम्यक् प्रधानको अभ्यास गर्नु भएको थियो। भिक्षु **चक्खुपाल**को सम्यक्-प्रधान

पनि त्यस्तै किसिमको थियो । भिक्षु **फुस्सदेव** स्थविर[A]ले यस्तै प्रकारका सम्यक्-प्रधानको अभ्यास गर्नु भई पच्चिस वर्ष पछि मार्ग र फल लाभ गर्नु भएको थियो । भिक्षु **महासिव** स्थविरलाई[B] झन तीस वर्ष लागेको थियो ।

आजकल **सम्मप्पधान वायाम**को ठूलो आवश्यकता छ । **परियत्ति**[I] को मात्रा ज्ञान नभइकन **वायाम** (प्रयत्न) मा लाग्ने-हरू पनि छन् । कोही परियत्ति ज्ञान नभइकन अभ्यासमा लाग्दछन् भने कोही प्रचूर मात्रामा परियत्ति ज्ञान भए पनि भिक्षु-नियममा **पलिबोध** (वाधा, अड्चन) हुने शहर, गाउँमा वसी धर्म **साकच्छा** गर्ने, धर्म उपदेश दिने, धार्मिक पुस्तकहरू लेख्ने काम गर्दछन् । यस प्रकारका व्यक्तिहरूले लामो अवधि सम्म लगातार सम्यक्-प्रधानको अभ्यास गर्न सक्तैनन् ।

कोही मानिसमा यसो भन्ने वानी रहेको हुन्छ– 'पारमी परिपक्व हुँदा सांसारिक दुःखवाट मुक्ति पाउन समय पनि मिल्नेछ र त्यसै बेला सजिलैसंग मुक्त हुनेछौं' यसो भनी ठानेर र 'त्यस प्रयत्न द्वारा मुक्त हुने हो कि होइन' भनी निश्चित्

A. **सीलक्खन्ध-वग्ग अट्ठकथा** (p. 159, 6th. syn. Edn).
मूल पण्णास अट्ठकथा, सतिपट्ठान सुत्त वण्णना (p. 262, 6th. syn. Edn).

B. **दीघ निकाय, महावग्ग अट्ठकथा, सक्कपञ्हा सुत्त** (p. 319, 6th. syn Edn).

I. **सुत्त, विनय र अभिधम्म पिटकको अध्ययन ।**

नभएकोले तिनीहरू अहिले नै उद्योगाभ्यासमा लाग्न चाहँदैनन् । जीवन मुक्त हुनु भन्दा पहिले तीस वर्ष सम्म सम्यक्-प्रयत्न गरी पाएको दुःख र एक लाख वर्ष सम्म नरक गतिमा पर्ने दुःखलाई तुलनात्मक रूपले तिनीहरूले हेरेनन् । तीस वर्ष परिश्रम गरी भोगेको दुःखभन्दा नरक गतिमा तीन घण्टा भोगेको दुःख अरु कष्ट प्रदायक हुन्छ भन्ने कुरो विर्सन्छन् ।

तिनीहरूले भन्न सक्छन् कि तीस वर्ष प्रयत्न गर्दा पनि मुक्त हुन नसकिने हुन्छ । तर साधक मुक्त हुने अवस्थामा छ भने त्यसै प्रयत्नद्वारा मुक्त हुनेछ । यदि ऊ मुक्त हुने अवस्थामा छैन भने अर्को जन्ममा उसले मुक्ति प्राप्त गर्दछ । वर्तमान बुद्ध-शासनमा ऊ मुक्त हुन नसकेको खण्डमा **भावना आचिण्ण कम्म**[I] वडो शक्तिशाली हुन्छ । यसको सहायताद्वारा अपाय भूमिलाई हटाई सुगतिलोकमा[II] जन्म लिंदै भावी बुद्धको दर्शन-भेत गर्न सक्ने हुन्छ । तीस वर्ष सम्म अभ्यास गरी परिपक्व अवस्थामा पुगिसकेको साधकले साधना गर्न छोडेमा मुक्ति प्राप्त गर्ने अवस्थाबाट वञ्चित रहनु पर्ने हुन्छ । **वायाम**को अभावले गर्दा प्राप्त हुने पनि हुँदैन र सबै गुमाउनु पर्ने हुन्छ । त्यसैले सबैले प्रज्ञा नेत्र पाउन् र भयबाट सतर्क होउन् ।

सम्मप्पधान चार प्रकारका छन् । ती हुन्–

(१) उप्पन्नानं अकुसलानं धम्मानं पहानाय वायामो,

(२) अनुप्पन्नानं अकुसलानं धम्मानं अनुप्पादाय वायामो,

I. **कुशलमा वार वार अभ्यास गरिएको कर्म ।**

II. **देव भूमि, मनुष्य भूमि ।**

(३) अनुप्पन्नानं कुसलानं धम्मानं उप्पादाय वायामो,
(४) उप्पन्नानं कुसलानं धम्मानं भिय्योभावाय वायामो ।[A]

अर्थ– (१) उत्पन्न भइसकेका अथवा उत्पन्न हुन लागेका अकुशल धर्म प्रहाण गर्ने प्रयत्न,

(२) अनुत्पन्न अकुशल कर्मलाई (यस जीवनमा मात्र होइन भावी जीवनमा समेत) उत्पन्न नगराउने प्रयत्न,

(३) उत्पन्न नभएका कुशल कर्मलाई उत्पन्न गर्ने प्रयत्न,

(४) उत्पन्न भइसकेका अथवा उत्पन्न हुन लागेका कुशल कर्मलाई वृद्धि गरी स्थिर गर्ने प्रयत्न ।

उप्पन्न र अनुत्पन्न अकुसल कम्म––

संसार-चक्रमा घुमिरहने प्राणीमा अकुशल कर्म दुइ प्रकारका छन्–

(१) उप्पन्न अकुसल कम्म र
(२) अनुप्पन्न अकुसल कम्म ।

(१) उप्पन्न अकुसल कम्मका अर्थ हुन्––भूत र वर्तमान अकुशल कर्म । त्यसमा अतीत कल्पका अनन्त जीवनदेखि अहिले सम्ममा अज्ञानतावशः गरिआएका अकुशल कर्महरू समावेश

A. खुद्दक निकाय, पटिसम्भिदा-मग्ग, महावग्ग (p. 214, 6th. syn. Edn.)
अंगुत्तर-निकाय, चतुक्क-निपात, पधान-सुत्त (p. 322, 6th. syn
अभिधम्मत्थ-सङ्गह, समुच्चय-काण्ड, पधान ।

भएका हुन्छन् । यी अकुशल कर्महरू मध्ये कुनै कर्म अपाय-लोकमा प्रतिसन्धि दिदै समाप्त हुँदै जान्छ । कुनै कर्म अनेक कल्पदेखि अनन्त जन्मको चित्त-सन्तानमा समावेश भइरहेका हुन्छन् ।

सक्काय-दिट्ठि[I] भएका सत्व चाहे मनुष्य, देव वा ब्रह्मा नै किन नहोस्, तिनीहरू पूर्व सञ्चित अकुशल कर्म रूपी ऋणले भरपूर हुन्छन् जसमा अवीचि नरकमा पुऱ्याउने शक्ति समेत लुकिएको हुन्छ । यस्तै किसिमले मौका अनुसार अपाय-लोकमा प्रतिसन्धि दिन पर्खिरहेका अरू अनगिन्ति पाकिसकेका पुराना अकुशल कर्महरूलाई उत्पन्न भनिन्छ ।

यी पूर्व उत्पन्न अकुशल कर्मका मूल सत्काय-दृष्टि हुन् । सत्काय-दृष्टि रहे सम्म फल दिन रोकिंदैन । पूर्व कर्म भएसम्म परिणाम ननिस्किकन छोड्दैन । तर सत्काय-दृष्टिमा **अनत्त-लक्खण** (अनात्म लक्षण) प्राप्त हुने वित्तिकै सबै उत्पन्न अकुशल कर्मका हेतु नष्ट हुन्छ र पूर्व सञ्चित अकुशल कर्म सबै लोप भएर जान्छ । त्यस जन्मदेखि लिएर भावी भव-चक्रमा समेत उसले अपाय-लोकमा जन्म लिने कुरो सपनामा पनि चिताउनु पर्दैन ।

(२) **अनुप्पन्न अकुसल कम्म**को अर्थ हो, भावी अकुशल कर्म । यस जीवनको केही क्षण देखि वर्तमान जीवनमा मुर्खतावश गरिने सबै नयाँ अकुशल कर्महरू र त्यस्तै भावी जीवनमा

I. सत्काय-दृष्टि = आत्म-दृष्टि

गरिने अकुशल कर्मलाई अनुप्पन्नं भनिन्छ। एक एक भव-गतिमा गरिएका यी नयाँ अकुशल दुश्चरित्र कर्महरूको संख्या असंख्य हुन सक्छन् ।

यी सबै अनुप्पन्न अकुशल कर्मका श्रोत सत्काय-दृष्टि नै हुन् । सत्काय-दृष्टि नहुने वित्तिकै सबै नयाँ अकुशल कर्महरू अलिकति पनि नरहने गरी लोप भएर जान्छन् । त्यस क्षणदेखि सत्वको भावी जन्म, भावी कल्पमा यसको निरन्तरता रहँदैन । यहाँ **'लोप'**को अर्थ हो, भावी सन्ततिको शुरूआत् देखि भावी जीवन र संसार-चक्रको क्रममा नयाँ अकुशल कर्म सम्पादन गर्ने मौका नमिल्नु । भावी **अनमतग्ग** संसारमा ती प्राणीहरूले सपनामा पनि **पाणातिपात,**[I] आदि कुनै पनि अकुशल कर्म गर्दैनन् ।

सत्काय-दृष्टि भएको व्यक्ति सारा विश्वका सम्राट भएपनि ऊ नरक-अग्निको बीचमा रहे झैं उत्पन्न र अनुत्पन्न दुइ अकुशल कर्मले चेपिएको हुन्छ । यसरी ऊ पूर्णतः नरक-तप्प प्राणि हो । यसरी नै देव-लोकका राजा-शक्र, **तावतिंस** देवलोकका राजा' रूप-अरूप ब्रह्म-लोकका ब्रह्माहरू सबै पूर्णतः नरक-तापन प्राणीहरू हुन् । ती त्यस्ता प्राणीहरू हुन् जो नरक र अपाय भूमिका सिक्रीले बाँधिएका हुन्छन् । तिनीहरू यस संसारका महान भूमरीमा पूर्णतः बग्ने र डुब्ने खालका प्राणीहरू हुन् ।

जन्मजन्मान्तरमा पछ्याई आएका उत्पन्न-अनुत्पन्न अकुशल

I. **पाणातिपात= प्राणी हिंसा ।**

रूपी नरक-अग्निले चेपिएका व्यक्तिहरूले सवभन्दा पहिले ती सबै अग्नि निभाउने इच्छाले नै यस **अनमतग्ग** संसारमा दुर्लभ बुद्ध-शासनलाई आशा गरिएको हो । यस कारण, यस जन्ममा बुद्ध-शासनमा समागम भएका प्राणीहरूले उत्पन्न-अनुत्पन्न नरक-अग्निलाई निभाउनु नै आफूलाई हित हुने कर्तव्य हुन आउँछ ।

उत्पन्न-अनुत्पन्न अकुशल कर्म निवृत्त गर्ने कार्य नै वास्तवमा सत्काय-दृष्टिबाट छुट्कारा पाउनु हो । सत्काय-दृष्टिको जरा उखेल्न सके दुइ-अकुशल कर्म स्वतः निवृत हुन्छन् ।

वट्टाभिरत स्रोतापन्न[I] विशाखा र अनाथ-पिण्डिक, आदि अनन्त मनुष्य, देव र ब्रह्माहरूले सत्काय-दृष्टिको जरा (मूल) उखेल्ने वित्तिकै यस सांसारीक भमरीमा बग्ने र डुब्ने क्रिया-बाट विल्कुल मुक्त भए । तिनीहरू निर्वाणको पहिलो सीँढीमा पुगेका व्यक्तिहरू हुन्; जसलाई **स-उपादिसेस निब्बान**[II] भनिन्छ । तिनीहरू संसारका जीवन-चक्रको भवगतिमा जन्म लिने भएता पनि अव तिनीहरू सांसारिक प्राणीमा गनिन्दैनन् । **वट्टाभिरत सोतापन्नहरू** आर्य पुद्गल भएको कारणले तिनीहरू लोकोत्तर प्राणी हुन् ।

I. निर्वाण रूपी श्रोतमा परेको सत्व ।

II. प्रथम निर्वाण, विपाक र कर्मज रूप भन्ने यस स्कन्ध विद्यमान भइकन पनि सबभन्दा पहिले स्रोतापत्ति मार्ग-ज्ञानले देखेको निर्वाण ।

'स्रोतापन्न अवस्था प्राप्त गरिसकेका व्यक्तिहरू उत्पन्न र अनुत्पन्न अकुशल कर्मबाट मुक्त हुछन्' भनी दर्शाइएको कुरा समाप्त ।

उत्पन्न र अनुत्पन्न कुसल कम्म:

अव कुशल कर्मलाई उत्पन्न र अनुत्पन्नका भेदले दुइ प्रकारमा: पहिलो शासनका तीन अङ्ग–शील, समाधि, प्रज्ञा-सँग र दोस्रो सात विशुद्धि–शील-विशुद्धि, चित्त-विशुद्धि, दृष्टि-विशुद्धि, कांक्षावितरण-विशुद्धि, मार्गा-मार्गज्ञान दर्शन-विशुद्धि, प्रतिपदा ज्ञान दर्शन-विशुद्धि र लोकोत्तर-ज्ञान दर्शन-विशुद्धि-संगको[A] सम्वन्ध दर्शाउँछु ।

मिथ्यादृष्टि-मूल भएको उत्पन्न र अनुत्पन्न दुश्चरित्रको कारणले नै 'भव-चक्र साह्रै भयंकर छ' भनी भनिएको हो । दुश्चरित्र र दृष्टिको कारणले नै 'कुनै लुक्ने ठाउँ छैन, कोही कसै माथि निर्भर रहने ठाउँ छैन' भनी भनिएको हो ।

दृष्टि निवृत्त भए पछि पुराना र नयाँ दुश्चरित्रहरू दुवै नष्ट हुन्छन् । नयाँ र पुराना दुश्चरित्रहरू नष्ट भइसकेपछि अपाय-लोकको संसारवाट मुक्त भई केवल मनुष्य, देव र ब्रह्मलोकका आर्य अवस्था प्राप्त गर्न मात्र वाँकी रहन्छ । अपाय-लोकका साथै पुराना र नयाँ दुश्चरित्रवाट मुक्त हुनको

A. Please see the Light of the Dhamma Vol. VII. No 1, p. 18.

लागि बुद्ध-शासनमा समागम हुने इच्छा भएका प्राणीहरूले अहिले यस जन्ममा शासनमा समागम भइरहेको बेलामा होसियार पूर्वक दृष्टि रूपी भयंकर अकुशललाई नष्ट गर्नु पर्दछ।

प्राणीका दृष्टि तीन भूमिमा रहेको हुन्छ। ती हुन्–

(१) **वीतिक्कम भूमि**
(२) **परियुट्ठान भूमि र**
(३) **अनुसय भूमि।**[A]

यी तीन भूमि सत्काय दृष्टिका क्षेत्र हुन्। यी दृष्टिलाई अर्को शब्दमा स्थूल, मध्यम र सूक्ष्म दृष्टि पनि भन्न सकिन्छ।

अव दृष्टिका सन्तति, दश दुश्चरित्रहरू दृष्टिमा कसरी समावेश हुछन् भन्ने कुरा दर्शाउँछु।

(१) **वीतिक्कम**[I] त्यस स्थूल दृष्टि हो, जसमा तीन कायिक-कर्म र चार वाचिक-कर्मद्वारा गरिने अकुशल-कर्म समावेश हुन्छ।

(२) **परियुट्ठान**[II] त्यस मध्यम दृष्टि हो, जसमा तीन मनोकर्मद्वारा गरिने अकुशल कर्म समावेश हुन्छ।

(३) **अनुसय-दिट्ठि**[III] त्यस अकुशल हो, जुन काय-कर्म,

A. Please see the Light of the Dhamma, Vol. VI, No. 4, p. 17.

I. **वीतिक्कम— शीलको सीमाना नाघेर उल्लंघन गर्ने कृत्य।**

II. **परियुट्ठान— मनमा नै सीमित भइरहने।**

III. **अनुसय दिट्ठि—लुप्त अवस्थामा रहने।**

वची-कर्म र मनो कर्ममा प्रकट नभए तापनि अखण्ड रूपले **अनमतग्ग** संसारका प्राणीको देह (पुद्गल) मा नीहित हुन्छ ।

सलाई वत्तामा अग्नि तीन अवस्थामा रहेको हुन्छ । पहिलो अवस्थामा अग्नि सलाई-वत्ता भरी नै रहेको हुन्छ । सलाई-वत्तामा सलाईको काँटीले कोर्दा निस्कने अग्नि दोस्रो अवस्थाको अग्नि हो । सलाईवाट निस्केको आगोले अरू चीज बाल्ने तेस्रो अवस्थाको अग्नि हो । यस आगोले धुलो, मुलो, कपडा, घर, मन्दिर र गाउँ समेत ध्वष्ट पार्न सक्तछ ।

त्यस अग्नि, जसले अरू वस्तु वाल्दछ; त्यो स्थूल **वीतिक्कम-दिट्ठि** समान हो । सलाई-वत्तामा काँटीले कोर्दा वल्ने सलाईको आगो मध्यम **परियुट्ठान-दिट्ठि** समान हो, जुन मन (चित्त) को विषयालम्वनसंग सम्बन्ध हुँदा वारबार उत्पन्न भइरहन्छ । गुप्त रूपले सलाई-वत्तामा रहेको अग्नि सूक्ष्म **अनुसय-दिट्ठि** समान हुन्, जुन **अनतमग्ग** संसारमा प्राणी (पुद्गल) हरूको भवगतिको क्रममा सुषुप्तावस्थामा रहेको हुन्छ ।

सलाई-बत्तामा रहेको अग्नि त्यसबेलासम्म बल्दैन जबसम्म गन्धक लिपेको भागमा सलाईको काँटीले कोर्दैन । गन्धक जस्तो वल्ने वस्तुको सम्पर्कमा राखे पनि यसले केही नोक्सानी गर्दैन । यस्तै किसिमले पुद्गलमा **अनुसय-दिट्ठि** गुप्त रूपले रहन्छ र जवसम्म अकुशल आलम्वन वा अरू अकुशल कारणहरू यसको सम्पर्कमा आउँदैनन् तवसम्म यो उत्पन्न हुँदैन र जस्ताको तस्तै रहन्छ । तर जव छ इन्द्रिय-द्वारको अकुशल आलम्वन वा अकु-

शल हेतु संग बाझिन्छ तत्क्षण **अनुसय-भूमिबाट** उठी मनोद्वार-वाट **परियुट्ठान-भूमिमा** जवन कृत्यको रूपले उत्पन्न हुन्छ। त्यसबेला सत्पुरुष-धर्मद्वारा ती कार्य डवाउन सकेमा ती अकुशल **परियुट्ठान-भूमिवाट** विलीन भई **अनुसय-भूमिमा** फर्केर सुषुप्त अवस्थामा नै रहन्छ। ती (अकुशल) कर्मलाई डवाउन नसकेको खण्डमा अकुशल जवन मनोद्वारमा स्वतः वृद्धि हुँदै जान्छ। **परियुट्ठान-भूमिलाई** अरू धक्का पुऱ्याइएमा **वीतिक्कम-भूमिमा** कायिक र वाचिक अकुशल कर्मको रूपमा देखा पर्दछ।

यस लोकमा **वीतिक्कम** र **परियुट्ठान-भूमिवाट** व्यक्तिले आफू लाई सम्भाल्न सकेमा र त्यसै अनुरूप उसको कायिक, वाचिक, मानसिक कर्म पनि स्वच्छ र पवित्र रहेमा त्यसलाई असल, धार्मिक, नैतिक-व्यक्ति मानिन्छ। तर पनि त्यस व्यक्तिले **अनुसय-भूमिलाई** जानेको हुँदैन। **अनुसय-भूमिलाई** नष्ट नगरिकन **वीतिक्कम** र **परियुट्ठान-भूमिलाई** पूर्ण रूपले अधीनमा ल्याए पनि त्यस अधीन केवल क्षणिक हुन्छ। सदाचरण पालन गर्ने दृढ-व्यक्तिको दृढता केवल जीवनभर सम्म मात्र सीमित रहन्छ। तर भावी जीवनको निमित्त यसको केही निश्चितता रहँदैन किनभने यी दुइ भूमि (**वीतिक्कम-भूमि** र **परियुट्ठान-भूमि**) फेरि उत्पन्न हुन सक्छन्।

लोभ, दोष (द्वेष) र मोहको पनि प्रत्येकको तीन भूमि छन्– 'ती आफूमा छन्' भनी जान।

दिट्ठिका यी तीन भूमिलाई क्रमशः नाश गर्ने मानिसले

तीन शिक्षा– शील, समाधि, प्रज्ञाको अभ्यास गर्नु पर्दछ र साथै सातै विशुद्धिको पनि अभ्यास गर्नु पर्दछ ।

गृहस्थहरूका लागि शीलको अर्थ हो– **आजीवट्ठमक-सील** जुन तिनीहरूका निमित्त नित्य-शील हुन् । **अट्ठङ्ग-उपोसथ सील** र **दसङ्ग-सील** नित्य-शीललाई पालिस लगाउनु झैं हुन् । यी शील पालन गर्न सक्नु राम्रो कुरा हो । पालन नै गर्न नसके पनि उति ठूलो नोक्सानी होइन । ऋषि झैं गेरु वस्त्र लाउने व्यक्ति-हरूको निमित्त **आजीवट्ठमक-सील** र **दसङ्ग-सील** नै शील हुन् । **अट्ठङ्ग उपोसथ-सील दसङ्ग-सील**मा समावेश हुन्छ । भिक्षुहरूको निमित्त **चतुपारिसुद्धि-सील**[I] नै शील हुन् ।

आनापान आलम्बन, **अट्ठिक** आलम्बन, आदि **कायगतासति** भावनाको एकाग्रतावाट उत्पन्न हुने **परिकम्म-भावना, उपचार-भावना** र **अप्पना-भावना** (जसलाई आठ समापत्ति[II] पनि भनिन्छ) लाई समाधि भनिन्छ ।

दिट्ठि-विसुद्धि देखि लिएर चार **लोकिय-विसुद्धि**[III] का साथै

I. **भिक्षु शील जस्तै ।** Please see The Light of the Dhamma, Vol. VII, No. 1, p. 15.

II. **साकार र निराकार लोकको एकाग्रता ।**

III. (१) **दिट्ठि-विसुद्धि (दृष्टि-विशुद्धि)**

(२) **कङ्खावितरण-विसुद्धि (कांक्षा वितरण विशुद्धि),**

(३) **मग्गा-मग्ग-ञाणदस्सन-विसुद्धि (मार्गा-मार्ग-ज्ञानदर्शन-विशुद्धि),**

(४) **पटिपदा-ञाणदस्सन-विसुद्धि (प्रतिपदा-ज्ञानदर्शन-विशुद्धि)।**

लोकुत्तर-ञाणदस्सन-विसुद्धिलाई पञ्ञा भनिन्छ ।

दृष्टिका तीन भूमि मध्ये शीलले वीतिक्कम-भूमि विनष्ट गर्दछ अर्थात् शील-विशुद्धिले सम्पन्न व्यक्तिले कायिक र वाचिक दुराचार गर्दैन । समाधिले परियुट्ठान-भूमिका दृष्टिलाई नष्ट गर्दछ । यसको तात्पर्य हो– भावना मनसिकार[I] को स्थिरताले अकुशल मनोकर्मबाट बच्दछ । प्रज्ञाले अनुसय भूमिको दृष्टिलाई नष्ट गर्दछ । यसको अर्थ हो– 'शरीर; केवल नाम र रूपका पुञ्ज मात्र हुन्; यो केवल अनित्य, दु:ख, अनात्म स्वरूप हुन्' भन्ने विपश्यना ज्ञान प्राप्त भएपछि 'पुग्गल' (पुद्गल), 'सत्त' (सत्व), 'निच्च' (नित्य), 'सुक्ख' (सुख), 'अत्त' (आत्मा) भन्ने जन्मजन्मान्तरका दृष्टिका भाव र भण्डार विलीन हुन्छ । असनुव-दिट्ठि रहेसम्म शीलद्वारा नष्ट गरिएका वीतिक्कम-भूमि र समाधिद्वारा नष्ट गरिएका परियुट्ठान-भूमि अस्थिर रहन्छ ।

उत्पन्न र अनुत्पन्नका विभाजनमा दुइ तरिकाहरू छन्–

(१) यस जीवनमा आधारित भई उत्पन्न हुने र

(२) अतीत अनन्त संसारमा आधारित भई उत्पन्न हुने ।

अब म यस जीवनमा आधारित भई उत्पन्न हुने विभाजनका तरीका दर्शाउँछु । यस जीवनमा कहिल्यै शील पालन नगरिएकाहरूमा उत्पन्न शील हुँदैन । जीवनमा कहिले काहिं शील पालन गरिएका छन् भने त्यो उत्पन्न शील हुन्छ । यस्तै किसिमले समाधि र प्रज्ञाको विषयमा पनि जसले कहिलेकाहिं

I. ध्यान गर्दा भावनालम्बनमा एकाग्र चित्त ।

समाधि र प्रज्ञा प्राप्त गरेको छ भने ती उत्पन्न हुन्छ र कहिल्यैं प्राप्त गरेको छैन भने अनुत्पन्न हुन्छ ।

अतीत संसारमा आधारित विभाजनको तरिकामा उत्पन्न शील लौकिक शील र लोकोत्तर शीलको विभेदले दुइ प्रकारका छन् । लौकिक शील उत्पन्न शील हो । किनभने अतीत संसारमा कुनै बेला मौकामा लौकिक शील पालन नगरेका प्राणी हुँदैनन् । पृथक्जनको सम्वन्धमा लोकोत्तर शील अनुत्पन्न शील हो ।

लौकिक र लोकोत्तरका भेदले समाधि पनि दुइ प्रकारका छन् । अतीत संसारमा प्राणीले अनेक कारणले प्राप्त गरिएका लौकिक समाधिलाई उत्पन्न समाधि भनिन्छ । पृथक्जनको सम्बन्धमा लोकोत्तर समाधि अनुत्पन्न समाधि हो ।

लौकिक र लोकोत्तरका विभेदले प्रज्ञा पनि दुइ प्रकारका छन् । **दिट्ठि-विसुद्धि, कङ्खा-वितरण-विसुद्धि, मग्गा-मग्गञाणदस्सन-विसुद्धि र पटिपदा-ञाणदस्सन-विसुद्धि** लौकिक प्रज्ञा हुन् । यी लौकिक प्रज्ञा पहिले बुद्ध-शासनमा समागम भइसकेकाहरूका लागि उत्पन्न हुन् र कुनै पनि बुद्ध-शासनमा समागम नभएकाहरूका लागि अनुत्पन्न हुन् ।

लोकुत्तर-ञाणदस्सन-विसुद्धि लोकोत्तर प्रज्ञा हुन् । अतीत संसारमा कहिल्यै प्राप्त नगरेको पृथक्जनको सम्वन्धमा लोकोत्तर प्रज्ञा अनुत्पन्न हुन् ।

अब म वीर्यको चार मुख्य बुँदाहरू दर्शाउँछु –

बुद्ध-शासनमा समागम भएकाले मात्र पुराना उत्पन्न अकु-

शल कर्मबाट विल्कुल छुट्कारा पाउने अवसर प्राप्त गर्दछ। बुद्ध-शासनमा समागम भएकालाई मात्र जन्म जन्मान्तरमा गरिने नयाँ अकुशल कर्मलाई रोक्ने अवसर मिल्दछ । संसार जतिसुकै लामो हुनेलाई पनि बुद्ध-शासनमा समागम हुने अवसर मिलेन भने यी दुइ (प्रकारका) अकुशल कर्मबाट छुट्कारा पाउँदैन । यी दुई अकुशल कर्मबाट छुट्कारा पाउनु नै सत्काय-दृष्टिका **अनुसय-भूमि**लाई विनष्ट गर्नु हो । दृष्टिको **अनुसय-भूमि**लाई विनष्ट गर्नु नै **अनत्त-भावना** गर्नु हो । **अनत्त-भावना** बुद्ध-शासनमा मात्र सम्भव हुन्छ । प्रत्येक-बुद्ध हुनेहरूले बुद्ध-शासनमा समागम भई **अनत्त-भावनाको** बीज प्राप्त गरिसकेका हुन्छन् ।

बुद्ध-शासन नभएको बेला **अनत्तका** शब्द मात्र सुन्ने अवसर पनि मिल्दैन । **अनत्त** शब्दका अर्थ हुन्– **नाम, रूप, खन्ध, आयतन, धातु,** र **पटिच्चसमुप्पाद** । समस्त अभिधर्म-पिटक **अनत्त** शब्दले भरिएको हुन्छ यसर्थ यी सबै **अभिधम्मत्थ-सङ्गह** हो ।

सबभन्दा पहिले शील परिपूर्ण गरिन्छ र त्यसपछि कायगता स्मृतिको अभ्यास गरिन्छ । अनिमात्र शमथ र विपश्यना भावनाको अभ्यासद्वारा विक्षिप्त र चञ्चल मनलाई संयम गरिन्छ । यी सबै कार्य **अनत्त** भावनासंग सम्बन्धित छन् । यस्तो अभ्यासद्वारा **दिट्ठि अनुसय भूमि**लाई नष्ट गरिसकेपछि मात्र सम्पूर्ण उत्पन्न-अनुत्पन्न मिथ्या-दृष्टि र दुश्चरित्रहरू विलीन हुन्छन् ।

पुद्गलमा सम्यक्-व्यायामद्वारा पहिले उत्पन्न नभएका कुशल-कर्म उत्पन्न हुनु र पहिले उत्पन्न भइसकेको कुशल-कर्म

निवाम रूपले स्थिर रहनु कायगता स्मृति भावनाको अभ्यास पश्चात् अनत्त भावना पूर्णतः सफलता प्राप्त गराउने अभ्याससंग सम्बन्धित छ ।

उप्पन्न र अनुप्पन्न सील:--

अनमतग्ग संसारका पृथकजनको सन्तानमा कहिल्यै उत्पन्न नभएको अनुत्पन्न शील– स्रोतापत्ति-मार्गमा अन्तर्गत निर्वाण आलम्वन भएको सम्यक्-वचन, सम्यक्-कर्मान्त, सम्यक्-आजीविकालाई भनेको हो । यस शीलले कायिक, वाचिक दुराचरण र मिथ्या-आजीविकालाई समुच्छेदपहान I द्वारा नष्ट गर्दछ । त्यस क्षणदेखि अनेक जन्म र अनेक कल्पसम्म कायिक-दुश्चरित्र, वाचिक दुश्चरित्र र मिथ्या-आजीविका कहिल्यै उत्पन्न हुँदैन ।

अनत्त भावनाको अभ्यास पूर्ण भएपछि मात्र यस प्रकारको लोकोत्तर शील प्राप्त हुन्छ । यस बुद्ध-शासन छँदैमा प्राणी (पुद्गल) ले यो अनुत्पन्न शील प्राप्तार्थ उद्योग गर्नु पर्दछ अर्थात् शील-विशुद्धिको साथै (कायगता स्मृति) भावना गरेको अवस्थादेखि अनत्त-भावना पूर्ण नहुनुञ्जेलसम्म साधकले (विना विश्राम) सैंतीस बोधिपक्षीय-धर्मको अभ्यास गर्नु पर्दछ ।

अनन्त संसारमा बेला-मौकामा पालन गरिने उत्पन्न-शील-का अर्थ हुन्– लोकिय-सील अथवा कामावचर-सील II । शील दृढ

I. मूलच्छेदन गर्नु

II. काम-लोकसंग सम्बन्धित् नैतिक शील (सदाचरण)

(स्थिर) नभएसम्म पालन गरिनु पर्दछ र साथै यो पनि थाहा पाइराख्नु पर्दछ कि **नियाम** र **अनियामका**[I] भेदले **लोकिय-सील** दुइ प्रकारका छन् । आर्य-अवस्था **नियाम-भूमिका** हुन् भने पृथक्-जन-अवस्था **अनियाम भूमिका** ।

स्रोतापन्न पुद्गलको सम्बन्धमा **कामावचर लोकिय-सील नियाम-भूमिमा** पुग्दछ । स्रोतापन्न भइसकेका आर्यहरूले परिनिर्वाण प्राप्त नभएसम्म संसारका भवगतिमा सपनामा पनि **आजीवट्ठमक-सीललाई** उल्लंघन गर्दैनन् ।

पृथक्जनको सम्बन्धमा कामावचर लौकिक शील केवल **अनियाम-भूमि** सम्म मात्र पुग्दछ । **अनमतग्ग** संसारमा शीलवन्त गृहस्थ भएको धेरै समय वितिसके तापनि तिनीहरूको अपाय लोकको द्वार विल्कुल वन्द भइसक्यो भन्न सकिन्न । त्यस्तै तिनीहरू शीलवन्त ऋषि र शीलवन्त भिक्षु भइसकेको धेरै समय वितिसके तापनि तिनीहरू अपाय-लोकबाट विल्कुल मुक्त भयो भन्न सकिन्न । अहिले पनि अपाय-लोकमा अनगिन्ति प्राणिहरू छन् र अनगिन्ति मनुष्य, देव र ब्रह्माहरू अपाय-लोकमा उत्पन्न हुने श्रोतमा परिरहेका छन् ।

त्यसकारण अनियाम स्थितिमा रहेको कामावचर लौकिक शीलले सम्पन्न पुद्गलले यस बुद्ध-शासन भएको समयमा नै यसलाई नियाममा परिवर्तन गर्न छिटै कोशिश गर्नु पर्दछ ।

I. **नियाम—स्थिर, परिवर्तन नहुने,**
अनियाम—अस्थिर, परिवर्तन हुने ।

तिनीहरूले कायगता-स्मृति भावनाको अभ्यास गरिसकेपछि क्रमिक रूपले **अनत्त-भावना** पूर्ण नभएसम्म वोधिपक्षीय धर्मको अभ्यास गर्नु पर्दछ ।

दुइ प्रकारका शील कुशल कर्म समाप्त ।

उप्पन्न र अनुप्पन्न समाधिः--

समाधिलाई पनि **नियाम** र **अनियाम**का भेदले दुई अवस्थामा विभाजित गर्न सकिन्छ । त्यस्तै **नियाम** र **अनियाम**का भेदले प्रज्ञा पनि दुइ प्रकारका छन् ।

पुद्‌गलले अनागामी पद प्राप्त गरेपछि मात्र **अट्ठ**[I] वा **नव समापत्ति**[II] अनुरूपका **अप्पना समाधि नियाम** हुन्छ । **तादि गुणाङ्गले**[III] युक्त प्रज्ञा **अर्हत्त** अवस्थामा मात्र **नियाम** हुन्छ ।

अव म स्रोतापन्न पुद्‌गलले प्राप्त गर्ने समाधि र प्रज्ञालाई दर्शाउँछु ।

महावेदल्ल सुत्त[A] को उपदेशमा भनिएको छ—

I. आठ समापत्तिहरू हुन्—रूप-ध्यान चार, अरूप-ध्यान चार।

II. नव समापत्ति हुन्—माथिका आठ समापत्ति र निरोध समापत्ति ।

III. तादि—जीवनमा उथल-पुथल ल्याउन नसक्ने अवस्था । (अष्टलोक धर्मबाट विचलित नहुने अवस्था) ।

A. सुत्तन्त पिटक, मज्झिम निकाय, मुल पण्णास महादेवल्ल सुत्त (p. 36ˁ, Synod, Edition) ।

"यो च विसाख सम्मा-वायामो यो च सम्मा-सति यो च सम्मा-समाधि, इमे धम्मा समाधिक्खन्धे सङ्गहिता ।"

अर्थ– निर्वाण आलम्वन भएको स्रोतापत्ति मार्गमा नीहित **सम्मा-वायाम, सम्मा-सति** र **सम्मा-समाधिलाई** लोकुत्तर समाधि भनिन्छ ।

मिच्छा-वायाम, मिच्छा-सति र **मिच्छा-समाधि** मूल भएका **अभिज्झा** र **व्यापादलाई** यी तीन समाधिले एकैपल्ट सबैलाई **समुच्छेद पहानद्वारा** नष्ट गर्दछ । **अभिज्झा** र **व्यापादलाई** नष्ट गरिएको क्षणदेखि संसारको भवगतिको क्रममा यो फेरि उत्पन्न हुँदैन । बुद्ध-शासनमा **अनत्त-भावना** उत्पन्न भइसकेकोलाई मात्र यस प्रकारको समाधि प्राप्त हुन्छ । यसकारण बुद्ध-शासनमा समागम भएका पुद्गलहरूले यस शासनवाट च्यूत हुनु भन्दा पहिल्यै असफल नहुने गरी **अनुप्पन्न समाधि** प्राप्त गर्ने उद्योग गर्नु पर्दछ । अर्थात् तिनीहरूले कायगता स्मृति आरम्भ गरी **अनत्त-भावना** पूर्णतः प्राप्त नभएसम्म वोधिपक्षीय धर्मको अभ्यास गर्नु पर्दछ ।

अनमत्तग्ग संसारमा अनन्त पटक प्रात हुने **उप्पन्न समाधिमा कामावचर-समाधि, रूपावचर-समाधि** र **अरूपावचर-समाधि** समावेश भएका हुन्छन् । **उप्पन्न-समाधिलाई नियाम** गर्ने कोशिश गर्दा **लोकिय-समाधि नियाम** र **अनियामको** भेदले दुइ प्रकारका भएको पनि बुझ्नु पर्दछ । आर्यहरूमा सम्पन्न **लोकिय सम्मा-वायाम, सम्मा-सति** र **सम्मा-समाधि नियाम-भूमिमा** स्थापना गरिन्छ ।

परिनिर्वाण प्राप्त नभएसम्म यस संसार-चक्रको भव-गतिमा तिनीहरू (आर्य-पुद्गल) मा **अभिज्झा व्यापाद,** जस्ता दुश्चरित्रहरू सपनामा पनि उत्पन्न हुँदैन ।

पृथक्जनमा भएको **लोकिय समाधि**-समूह **अनियाम-भूमिका** हुन् । अनन्त संसारमा अनेक भव-गतिमा यी पृथक्जनहरूले आकाशमा उड्न सक्ने अथवा पृथ्वी पार गर्न सक्ने ध्यान-शक्ति सम्पन्न भएका पुद्गल-समाधि, ऋषि-समाधि र भिक्षु-समाधि अनन्त पटक प्राप्त गरिसकेका छन् । एक एक महाकल्पमा चार चार असंख्य कल्प भएकोमा तीन तीन असंख्य कल्पको प्रत्येक कल्पमा यी पृथक्जनहरू ब्रह्म-लोकमा ब्रह्मा भइसकेका हुन्छन् । प्रत्येक महाकल्पमा अपाय-लोकहरू उत्पन्न हुन्छन् । यी अपाय-लोकहरू यी स्व-ब्रह्माहरूले भरिएका हुन्छन्, अरू होइनन् । यी पृथक्जनहरू नै ब्रह्मा, प्रेत, नारकीय-प्राणी, तिर्यक र अशूर भइसकेका हुन्छन् । यस्तो भएको परम्परागत रूपमा देखा पर्दछ । **अनमतग्ग** संसारसंग दाँजेर हेर्दा महाकल्प भनेको आँखा झिम्काउने प्रमाणसम्म मात्र हो ।

यसैले, हामी बुद्ध-शासनको मध्यावस्थामा छँदै **अनियाम लोकिय सम्मा-वायाम, सम्मा-सति** र **सम्मा-समाधि** (जुन अतीतमा हामीले अस्थायी रूपले प्राप्त गरी राखेका) लाई अविलम्ब **नियाम**मा परिणत गर्ने तिर सबै लाग्न पर्गेको छ । कायगता स्मृतिको अभ्यास गरिसकेपछि **अनत्त-भावना** पूर्ण नभएसम्म हामीले बोधिपक्षीय धर्मको अभ्यास गर्नै पर्दछ ।

दुई प्रकारका समाधि कुशल कर्म समाप्त ।

उप्पन्न र अनुप्पन्न पञ्ञा:

महावेदल्ल सुत्तमा उल्लेख गरिए अनुसार–

"या च विसाख सम्मादिट्ठि यो च सम्मा-सङ्कप्पो, इमे धम्मा पञ्ञाक्खन्धे सङ्गहिता ।"

निर्वाण आलम्वन भएका र स्रोतापत्ति मार्गमा समावेश भएका **सम्मा-दिट्ठि** र **सम्मा सङ्कप्प**लाई **पञ्ञा** (प्रज्ञा) भनिन्छ । यस प्रज्ञाले सत्काय-दृष्टिका अनुसय-भूमिलाई पूर्णतः नष्ट गर्दछ दुश्चरित्र र दुराजीव[I] सहित मिथ्या-दृष्टि र मिथ्या-संकल्पका प्रत्येक निशानलाई **समुच्छेद पहान**द्वारा सदाको लागि हटाउँछ । पूर्व सञ्चित संपूर्ण दुश्चरित्र कर्म पनि विलीन हुन्छन् । अपाय-लोकबाट छुट्कारा मिल्दछ । यस क्षणदेखि लिएर प्रत्येक जन्म र प्रत्येक कल्पको क्रममा त्यस पुद्गलको सन्तानमा मिथ्या-दृष्टि र दुश्चरित्र अकुशल कर्म उत्पन्न हुँदैन ।

बुद्ध-शासन छँदैमा **अनत्त-भावना** उत्पन्न भइसकेपछि मात्र प्रज्ञा उत्पन्न हुन्छ । यसैले शासनबाट च्यूत हुनु भन्दा पहिल्यै बुद्ध-शासनमा समागम भएको बेलामा नै पुद्गलले यस **अनुप्पन्न-पञ्ञा** प्राप्त गर्ने उद्योग गर्नु पर्दछ । भनाईको तात्पर्य हो, कायगता-स्मृति भावना देखि लिएर **अनत्त-भावना** पूर्णतः प्राप्त नभएसम्म बोधिपक्षीय धर्मको अभ्यास गर्नु पर्दछ ।

अनन्त संसारमा बेला-मौकामा प्राप्त गरिएका विविध

I. **मिथ्या आजीविका ।**

प्रकारका प्रज्ञा हुन्– **कम्मस्सकता सम्मा-दिट्ठि** सबै प्रकारका **कामावचर ञाण र पञ्ञा; र दिब्ब-चक्खु, दिब्ब-सोत,** आदि **अभिञ्ञा**[I] ।

यस प्रकारको प्रज्ञालाई नियाममा परिणत गर्ने प्रयत्न गर्दा 'लौकिक प्रज्ञा नियाम र अनियामका भेदले दुइ प्रकारका छन्' भन्ने कुरा बुझ्नु पर्दछ ।

आर्यहरूको **लोकिय सम्मा-दिट्ठि र सम्मा-सङ्कप्प** नियाम-भूमिमा स्थापित हुन्छ । यसरी स्थापना भएको क्षणदेखि लिएर परिनिर्वाण प्राप्त नभए सम्म (तिनीहरूको) क्रमिक भव-गतिमा **कम्मस्सकता-सम्मादिट्ठि ञाण,**[II] **परियत्ति-ञाण** (परियत्ति-ज्ञान) **पटिपत्ति-ञाण** (प्रतिपत्ति-ज्ञान) र चार आर्य-सत्य ज्ञानले तिनीहरू सम्पन्न भएका हुन्छन् ।

पृथक्जनको सन्तानमा भएको लौकिक प्रज्ञा अनियाम-भूमिमा स्थापित हुन्छ । अनन्त संसार-चक्रमा घुम्ने भव-गतिको क्रममा यी पृथक्जनहरू कहिले धर्मका विद्वान बन्छन्; कहिले आपना विद्वत्ताद्वारा नाउँ कमाउँछन्; कहिले स्थविर र ठूला आचार्य बन्छन् भने कहिले तिनीहरू पानी-कीरा, चिप्ले-कीरा, कीरा, जुका, जुम्रा, उडुस, गोबर-कीरा, सुलसुले, आदि मुस्किलले प्राणि भनिने रूपमा उत्पन्न हुन्छन् ।

I. अलौकिक शक्ति ।

II. कुशल-अकुशल कार्य नै प्राणीका सम्पत्ति हुन् जुन सधैं तिनीहरूका साथमा हुन्छन भन्ने सम्यक-दृष्टि ज्ञान ।

यसकारण, बुद्ध-शासनमा समागम हुने मौका प्राप्त भएको बेलामा **अनियाम-पञ्ञालाई** **नियाम-पञ्ञामा** परिणत गर्ने उद्योगाभ्यास गर्नु पर्दछ; अर्थात् कायगता-सति भावना गरेको क्षणदेखि **अनत्त-भावना** पूर्णत: सफल नभएसम्म बोधिपक्षीय-धर्मको अभ्यास गर्नु पर्दछ ।

दुइ प्रकारका प्रज्ञा कुशल कर्म समाप्त ।

अनन्त संसारमा अविच्छिन्न रूपले हामीमा रहेको सत्काय-दृष्टिलाई विनष्ट नगरे सम्म लोभ, द्वेष, मोह, आदि अकुशल अति तीक्ष्ण भई, झन मजबूत भइरहन्छन् । यी हाम्रा शरीरमा बसोबास गरी सदाको लागि स्थायी रूपले रहन्छन् । यस्तो परिस्थितिमा यी क्लेशका शत्रु समान शील, समाधि र प्रज्ञा पराई आगन्तुक झैं हुन्छन् । यी (**सील, समाधि, पञ्ञा**)को भेटघाट भयंकर शक्ति सम्पन्न यक्षहरूले वास गरेका आलवक यक्षको[A] राज्यमा विदेशी शत्रु पस्नु झैं हुन् । पहिले त यी विदेशी आक्रमणकारीहरू यी यक्षहरूका खाद्य-भोज्य वस्तु खन्दछन् र ती विदेशीका वासस्थानहरू ध्वष्ट पारी दिन्छन् । एक पल्ट ध्यान प्राप्त पाँच सय ऋषिहरू हिमालयबाट आलवक यक्षको भवन (महल)मा बस्न आए । तर ती यक्षहरूले एक एक गरी तिनीहरूको खुट्टा समाउँदै गंगा नदी पारी सम्म हुत्याई दिए । यसरी पाँच सय ऋषिहरूलाई विनाश गरे झैं

A. **संयुक्त-अट्ठकथा, यक्ख-संयुत्त, आलवक सुत्त वण्णना** (p. 289, 6th, Syn. Edn.)

अनियाम भूमिका शील, समाधि, प्रज्ञा हुन् ।

यसैले भावी जन्ममा अकुशलबाट मुक्त हुने इच्छा भएका र **सील-विसुद्धि** आदि धर्म आफूमा नित्य-नियाम रूपले राख्न चाहेका र यस बुद्ध-शासनमा समागम भएका ती गृहस्थ, श्रमण र भिक्षुहरूले सत्काय-दृष्टिका अनुसय-भूमिलाई नष्ट गर्ने हेतुले **सम्मप्पधान**का साथै समुचित रूपले **सतिपट्ठान**को अभ्यास गर्नु पर्दछ ।

(माथि सतिपट्ठानमा दिइएका उदाहरण अनुसार), विह्वल र विक्षिप्त चित्त भएको बौलाहा, असक्त माझी, पानीको त्रास-बाढ हुने रोगले सताइएको व्यक्ति, औषधी उल्टी गर्ने रोगी आदिको दशाबाट जन्मजन्मान्तरमा मुक्त हुने इच्छा छ भने समाधि-धर्म नित्य-नियाम गरी वा कुनै एक कर्मस्थान आलम्बनमा समाधिस्थ चित्तद्वारा नियाममा परिवर्तन गरी पुद्गलले सत्काय-दृष्टिका अनुसय-भूमिलाई विनष्ट गर्न **सम्मप्पधान**को साथै समुचित रूपले **सतिपट्ठान**को अभ्यास गर्नु पर्दछ ।

वर्तमान जन्ममा देखिएका बुद्ध, धर्म र आर्य-संघका अनन्त गुणाङ्ग प्रति श्रद्धा र भक्तिलाई समूल नष्ट गर्न सकिने भएका र साथै जन्मजन्मान्तरमा शासनको चिन्ह सम्म पनि बाँकी नराख्ने भएका–समोह-धर्म (मोह) बाट बच्न चाहन्छन् भने: पृथक्जनले सच्चा बुद्ध, सत्य-धर्म र सच्चा-संघलाई नचिन्ने भएकोले **अनमतग्ग** संसार-चक्रमा तिनीहरूलाई कल्पित मिथ्या-बुद्धको समक्ष लगी भाव भक्ति गराउने भयंकर मिथ्या-धर्मबाट

बच्न चाहन्छन् भने: संसारको जन्मजन्मान्तरको क्रममा वर्तमान समयदेखि शुभारम्भ गरी **अधिगम-सद्धा**[I] र **अधिगम-पञ्ञा**[II] द्वारा सच्चा-बुद्ध, सत्य-धर्म र सच्चा-संघ प्रति नित्य-नियाम रूपले श्रद्धा भाव-भक्ति व्यक्त गर्न चाहन्छन् भने: र तिनीहरूलाई नियाम-भूमिमा परिणत गराउने इच्छा भएमा: सत्काय-दृष्टिका अनुसय-भूमिलाई विनष्ट गर्ने हेतुले समुचित रूपमा **सम्मप्पधान**को उद्योगद्वारा स्मृतिप्रस्थानको अभ्यास गर्नु पर्दछ। यहाँ, 'समुचित रूपमा **सम्मप्पधान**को अभ्यास' को अर्थ हो–"हाड मात्र बाँकी रहे पनि; छाला मात्र बाँकी रहे पनि; . . . आदि" कठोर प्रतीज्ञा।

सम्मप्पधान समाप्त।

I. दखलता प्राप्त भएको श्रद्धा।

II. दखलता प्राप्त भएको प्रज्ञा।

चतुर्थ परिच्छेद

चार इद्धिपाद

म अव इद्धिपादका छोटकरी विवरण प्रस्तुत गर्दछु ।

"इज्झनं इद्धि ।"

इज्झनं = परिपूर्णता; इद्धि = पूर्णता ।

अर्थात् परिपूर्णता अथवा परिपक्वता ।

बुद्ध-शासनमा पाँच प्रकारका इद्धि छन् । ती हुन्–

(१) अभिञ्ञेय्येसु धम्मेसु अभिञ्ञासिद्धि,

(२) परिञ्ञेय्येसु धम्मेसु परिञ्ञासिद्धि,

(३) पहातब्बेसु धम्मेसु पहानसिद्धि *,

(४) सच्छिकातब्बेसु धम्मेसु सच्छिकिरियासिद्धि,**

(५) भावेतब्बेसु धम्मेसु भावनासिद्धि ।

(१) विशेष रूपले थाहा पाउन योग्य नाम (मन, चित्त) र रूप (भौतिक तत्व) धर्ममा विशेष ज्ञानको अवबोधताको परिपूर्णता ।

(२) छुट्टा-छुट्टै गरी थाहा पाउन योग्य दुःख-सत्य धर्ममा छुट्टा-छुट्टै गरी अवबोधताको पूर्णता ।

---

* पहानासिद्धि (अंग्रेजी),

** सच्छिक्रियासिद्धि (बर्मी) ।

(३) परित्याग गर्नु पर्ने समुदय-सत्य धर्ममा परित्यागको परिपूर्णता ।

(४) साक्षात्कार गर्न योग्य निरोध सत्य धर्ममा साक्षात्कारको परिपूर्णता ।

(५) वृद्धि गर्न योग्य निरोध गामिनी प्रतिप्रदा मार्ग सत्य धर्ममा अविवृद्धिको परिपूर्णता ।

बुद्ध शासनमा यी पाँच महत्वपूर्ण **इद्धि**हरू छन् ।

(१) **अभिञ्ञासिद्धि**को अर्थ हो– बुद्ध-शासनमा रहेर पनि थाहा नपाइएका **परमत्थ-धम्म** (परमार्थ-धर्म) का स्वरूपको स्वभावलाई भिन्न भिन्न रूपले अवबोधताको परिपूर्णता। **अभिधम्मत्थसंगह** (अभिधर्मका महत्वपूर्ण सिद्धान्तका संग्रह) मा राम्रो ज्ञान हुनु **अभिञ्ञासिद्धि** हुन् ।

(२) **परिञ्ञासिद्धि**को अर्थ हो–दु:ख-सत्य धर्म मध्ये कुनै एक धर्मलाई **लक्खण** (लक्षण), **रस** (रस), **पच्चुपट्ठान** (प्रत्युप्रस्थान) र **पदट्ठान** (पदस्थान) को ज्ञानद्वारा पनि, **अनिच्च**, **दुक्ख** र **अनत्ता**को भावद्वारा पनि भिन्न भिन्न प्रकारले अवबोधताको परिपूर्णता ।

(३) **पहानसिद्धि**को अर्थ हो–**समुदय-सच्च**मा (दु:ख-समुदय आर्य-सत्यको) **किलेस** (क्लेश) लाई हटाउनको परिपूर्णता । यस पुस्तकमा बुद्ध-शासनमा मुक्त भएका आर्य पुद्गलहरू मध्ये हीन र प्राय: गरी **वट्टाभिरत** स्रोतापन्नलाई प्रधानता दिइएको

कारणले **सक्काय-दिट्ठि** हटाउनको परिपूर्णतालाई **पहानसिद्धि** भनिन्छ । **विचिकिच्छा** (विचिकित्सा, शङ्का) लाई हटाउने कार्य पनि **सक्काय-दिट्ठि** नष्ट गर्दा यसैमा समावेश भएको हुन्छ ।

(४) **सच्छिकिरियासिद्धिको** अर्थ हो– **अज्झतिक सन्तानमा** क्रमिक रूपले निहित भएको 'क्लेश निरोध हुने' सत्यलाई शरीरले पनि ज्ञानले पनि साक्षात्कार गर्नुको परिपूर्णता ।

(५) **भावनासिद्धिको** अर्थ हो– **लोकुत्तर मग्ग-सच्च** (दुःख अन्त गर्ने लोकुत्तर मार्ग) प्राप्त नभएसम्म **सील, समाधि र पञ्ञा** तीन शिक्षाको अभिवृद्धि गर्दै लैजानु ।

विसुद्धिको क्रमानुसार **इद्धिलाई** वर्गीकरण गरिएमा **सील-विसुद्धिमा चतुपारिसुद्धि सीलले** पूर्ण भएको **इद्धि** चार हुन आउँछन् । **चित्त-विसुद्धि, परिकम्म समाधि र उपचार समाधि** सहित आठ **समापत्तिले** पूर्ण भएको **इद्धि** आठ हुन आउँछ । **इद्धिविध अभिञ्ञा,** आदि पाँच **लोकिय अभिञ्ञाको** पूर्णता नै पाँच **इद्धि** हुन् । **पञ्ञा-विसुद्धिमा दिट्ठि-बिसुद्धिले** पूर्ण भएको एक **इद्धि** समावेश हुन आउँछ । यसरी नै अरू **इद्धिहरूको** विषयमा बुझ्नु पर्दछ ।

बुद्ध-शासनमा पाँच **इद्धिको** वर्गीकरण समाप्त ।

इद्धिपाद––

"इद्धिया पादो इद्धिपादो ।"

इद्धिया =पूर्णता अर्थात् भिन्न भिन्न रूपले पूर्ण हुनु; **पादो** =मूल

वा आधार । मूल वा आधार प्राप्तिको पूर्णावस्था अथवा परिपक्वावस्था । यसर्थ यसलाई **'इद्धिपादो'** भनिन्छ ।

इद्धिपाद चार प्रकारका छन् । ती हुन्—

(१) **छन्दिद्धिपादो**– छन्द भन्ने इद्धि (सिद्धि = ऋद्धि) एक,

(२) **वीरियिद्धिपादो**– वीर्य भन्ने इद्धि एक,

(३) **चित्तिद्धिपादो**— चित्त भन्ने इद्धि एक,

(४) **वीमंसिद्धिपादो— वीमंस** वा **पञ्ञा** भन्ने इद्धि एक ।

(१) **छन्द**को अर्थ हो– प्राप्त गर्ने इच्छा, सिद्ध गर्ने इच्छा, पुग्ने इच्छा, पूर्ण गर्ने इच्छा, पारंगत हुने इच्छा । यहाँ इच्छाको तात्पर्य हुन आउँछ– प्रवल इच्छा वा आकांक्षा । कसैको आन्तरिक वा वाह्य शक्तिले त्यस प्रवल इच्छालाई वाधा पुऱ्याउन सक्तैन । यस प्रकारको इच्छा हुनेले यस्तो विचार गर्दछ–"यस जीवनमा सम्पूर्णता प्राप्त गर्न नसकेसम्म मैले आत्म सन्तोष लिने छैन । मर्नै परे पनि मैले यसलाई प्राप्त नगरी छोड्दिन ।"

कस्सप (काश्यप) बुद्धको[1] समयमा बनारसका राजा **धम्मसोण्डले**[2] यस प्रकारको इच्छा गरेको थियो । राजाले आफैंलाई प्रश्न गर्थ्यो– "मैले **कस्सप** बुद्धको उपदेश सुन्ने अवसर प्राप्त गर्न नसके म वनारसको राजा भइरहेर के प्रयोजन ?" त्यस-

१. गौतम बुद्ध भन्दा पहिलेका बुद्ध ।

२. रसवाहिनी (जम्बुदीपुप्पत्ति-कथा) ।

पछि राजाले आफ्नो राजगद्दी छोडेर कस्सप बुद्धको उपदेशको केही पंक्ति (गाथा) मात्र भए पनि सुनाउन सक्ने मानिसको खोजीमा हिंड्यो ।

राजा बिम्बिसार, विशाखा र अनाथपिण्डिकहरू[A]लाई कैं यस्ता इच्छा सहजै प्राप्त भएमा छन्द त्यसै शान्त भएर जान्छ । अभिलाषा प्राप्त गर्न सकिने अस्पष्ट सूचना प्राप्त भई पूर्ण गर्न नसकेको खण्डमा चित्तमा चोट पर्दछ र विचार उत्पन्न हुन्छ कि अभिलाषा प्राप्त नगरीकन जीउनु भन्दा मर्नु जाति ।

राजा तेमिय[B], राजा हत्थिपाल[C] र बुद्धकालीन राजाहरू, राजकर्मचारीहरू, महाजनहरू उदाहरण स्वरूप लिन सकिन्छ जसले आफ्ना दरवार, परिजन र अरू विलासका सामाग्रीहरू त्यागी बुद्ध-शासनमा भिक्षु जीवन विताउन पुगे ।

(२) वीरियको अर्थ– माथि उल्लेख गरिएका चार अङ्गले युक्त भएको वीर्यलाई सम्मप्पधान-वीर्य भनिन्छ । यस वीर्यले

A. खुद्दक-पाठ, ७ तिरोकुट्ट-सुत्त (p. 8, 6th. syn. Edn.).
खुद्दक-पाठ अट्ठकथा, तिरोकुट्ट सुत्त वण्णना । ((p. 160, 6th. syn. Edn.).
विशाखा र अनाथपिण्डिक, धम्मपद अट्ठकथा गाथा १ ।

B. खुद्दक निकाय, जातकपालि बुक II, मूगपक्ख जातक ((p. 149, 6th. syn. Edn.)

C. खुद्दक निकाय, जातक पालि बुक I, हत्थिपाल जातक (p. 351, 6th. syn. Edn.).

प्रेरित व्यक्तिको विचार हुन्छ कि उद्योगाभ्यासद्वारा लक्ष्य प्राप्त गर्न सकिन्छ। कसैले उसलाई 'यो प्राप्त गर्न कठिन पर्छ' भने तापनि ऊ निरुत्साहित हुँदैन। जतिसुकै कष्ट भोग्नु परे पनि उसले कष्ट सम्झन्दैन। कसैले उसलाई 'निकै दिन महिना र वर्ष सम्म पनि उद्योग गर्नु पर्नेछ' भन्ने तापनि ऊ हड्बडाउँदैन। वास्तवमा उसले धेरै समयसम्म उद्योग गर्नु परे तापनि ऊ निरुत्साहित हुँदैन।

वीरियमा कमजोर भएकाहरू उद्योगाभ्यास गर्नु पर्ने कार्यको सामना गर्नु भन्दा पहिल्यै पछि हट्छन्। 'साथी भाइबाट अलग्ग हुनु पर्दछ' भन्ने कुरा सुन्ने बित्तिकै तिनीहरू हच्कन्छन्। 'खाना र सुताई आवश्यक भन्दा कम गर्नु पर्दछ' भन्ना साथ तिनीहरू डराउँछन्। 'निकै समयसम्म एकाग्रतालाई जोगाउनु पर्दछ' भने पनि तिनीहरू पछि हट्छन्। तिनीहरू 'झाङ्ग भित्र पस्न डराउने सेता कुकुर' (साना जातका कुकुर) समान हुन्। सेता कुकुरहरू एक हात उचाई भएको झाङ्गमा पस्न डराउँछन्। किनभने 'त्यहाँ चितुवा, बाघ र हात्तिहरू लुकिरहेका होलान्' भनी ठान्दछन्।

(३) **चित्त**को अर्थ– व्यक्ति शासनमा आई धर्मको कुरा सुन्दा इद्धिमा जुन अनुराग उत्पन्न हुन्छ त्यो त्यही चित्त हो। यो अनुराग अति उत्साहवर्द्धक र तीव्र हुन्छ।

संसारको सौन्दर्य र विलासका सामाग्रीको बीचमा रहेता पनि, शक्ति र सौभाग्य प्राप्त हुने भए पनि, पवित्र ग्रन्थहरू

अध्ययन गर्ने मौका प्राप्त भए पनि (ती कुनै पनि वस्तुले) त्यस व्यक्तिलाई मोहित पार्न सक्तैन; वरु त्यसको मन सदा इद्धि प्राप्त गर्नतिर झुकिरहन्छ । इद्धिसंग सम्बन्धित वस्तुहरूसंग आत्मसात् गर्न पाएमा मात्र उसले सन्तोष लिंदछ र आनन्द अनुभव गर्दछ । जस्तो सुनार (रासायनिक अभ्यास गर्ने मानिस) ले मूल धातुलाई सुन वा चाँदीमा परिवर्तन गर्न लागिरहन्छ त्यस्तै अवस्था यसको हुन्छ । यस्तो रासायनिक कर्ताको रासायनिक शास्त्रमा बाहेक अन्त कतै ध्यान जाँदैन । उसले सुत्न वा खान पनि विर्सन्छ; अथवा सुतेको वा खाएको समेत उसलाई याद हुँदैन । विना सूचना ऊ वाहिर गइदिन्छ । चित्त सार्है आत्मसात् हुन्छ अथवा चित्तका अनुराग यस्तो स्वभावको हुन्छ ।

(४) **वीमंस**को अर्थ– '**अपाय** दु:ख र **वट्ट**-दु:ख[1] सार्है भयंकर छ' भनी देख्न सक्ने ज्ञान । यस प्रज्ञा (ज्ञान) ले इद्धिको आनिशंसलाई देख्न सक्ने, गम्भीर र कठिन धर्ममा भिज्न सक्ने र त्यस स्वभावसंग मिल्न सक्ने ज्ञान हुन् । यस्तो प्रज्ञाले युक्त व्यक्ति इद्धिको विषय वाहेक अरू कुनै पनि सांसारिक विषयमा आनन्द अनुभव गर्दैन । उसले केवल गम्भीर र महान इद्धि प्राप्तिमा मात्र सुखानुभूति पाउँदछ । जति जति गम्भीरता र महानता उपलब्ध हुन्छ उति उति त्यसलाई प्राप्त गर्ने उसको इच्छा बढ्दै जान्छ ।

व्यक्तिको यस जीवनमा यी चार इद्धिपाद मध्ये कुनै एकले

---

1. नरकको दु:ख र संसारमा बार बार जन्म लिनु पर्ने दु:ख ।

युक्त भएमा त्यसले **कायगता सति** भावनाको स्थापनादेखि लिएर **चित्त-विसुद्धि, दिट्ठि-विसुद्धि,** आदि शासनको उच्च अवस्थालाई पनि प्राप्त नगरिकन बस्न सक्तैन । यी **इद्धिपाद**हरू मध्ये कुनै एक **इद्धिपाद**ले कहिल्यै पनि युक्त नभएको व्यक्तिहरूले जीवनको अबोधता र गम्भीरतालाई छुटचाउन नसके झैं धर्मको सतह र गहनतालाई पनि विभेद गर्न नसकिने हुन्छन्; तिनीहरू दोधारमा परी कुनै उद्योगाभ्यासमा लाग्न नसकिने हुन्छन् ।

यी चार **इद्धिपाद** मध्ये कुनै एकले युक्त भएको व्यक्ति उसको पारमी अनुसार यस जीवनमा अथवा अर्को भवमा (जन्ममा) देवता भई **लोकुत्तर इद्धि** प्राप्त गर्न पुग्दछ । दुइ, तीन वा चार **इद्धि**हरूले संयुक्त भएकाहरूका लागि त कुरै भएन ।

कुनै एक **इद्धिपाद**ले पनि संयुक्त नभएका (कुनै पनि **इद्धि**-बाट टाढा रहेका) व्यक्तिहरूले यी **पाद**हरू मध्ये एक न एक **पाद** प्राप्त गर्ने कोशिश गर्नु पर्दछ । **सतिपट्ठान**, आदि शासनका महान उपलब्धीहरू प्राप्त गर्न अनिच्छुक भएकाहरू 'अपाय लोकका भागी वन्नु पर्ने हुन्छ' भन्ी जानी, बुझी **सुत्तन्त** पिटक अध्ययन गर्नु पर्दछ जसबाट **छन्द** उत्पन्न हुन सकोस् । तिनीहरू त्यस्तो गुरुको समक्ष पुग्नु पर्दछ जसले **छन्द** उत्पन्न गराउन सक्तछ र उस माथि निर्भर रहन सक्तछ ।

अतः भगवान बुद्ध भन्नु हुन्छ—

"छन्दिद्धिपादं भावेति,
वीरियिद्धिपादं भावेति,
चित्तिद्धिपादं भावेति,
वीमंसिद्धिपादं भावेति ।"[A]

अर्थ— **छन्द** उत्पादको निमित्त भावना गर्नु पर्दछ; **वीरिय** उत्पादको निमित्त भावना गर्नु पर्दछ; **चित्त** उत्पादको निमित्त भावना गर्नु पर्दछ र **वीमंस** उत्पादको निमित्त भावना गर्नु पर्दछ ।

कोही व्यक्तिहरू **इद्धि** प्राप्त गर्ने कुरो त टाढै रहोस्; **इद्धिपाद** पाउनेसम्म पनि कोशिश गर्दैनन् । '**छन्द** नभएकाहरूले **छन्द** प्राप्त गर्नु पर्दछ' भन्ने कुरा सुन्दा हतोत्साह हुन्छन् । **वीरिय, चित्त** र **वीमंस**मा पनि यस्तै **पाद**हरू छन् भनी जान्नु ।

नियमित रूपले मन **कायगता-सति** (भावना) मा लगाउनु नै चित्त आफ्नो अधीनमा बसाल्नु हो । **संवेग**[I] उत्पन्न हुने जीवन कहानी अध्ययन गर्नाले, **धुतङ्ग**[II] (**सील**) पालन गर्नाले र अरू यस्तै धर्मका अभ्यास गर्नाले **वीरिय** उत्पाद हुन्छ । चार **महाभूत**[A],

---

A. **संयुक्त निकाय, चापाल-वग्ग, समत्त-सुत्त** p. 224, 6th syn. Edn.)

I. **यस संसारको दुःख देखेर भय उत्पन्न हुने।**

II. **श्रमण अभ्यास ।**

A. **संयुक्त निकाय, महावग्ग संयुक्त, ७ इद्धिपाद संयुक्त, (१) चापालवग्ग, (६) समत्त सुत्त** (p. 224, 6th. syn. Edn)

आदि गम्भीर धर्मको अभ्यासद्वारा **वीमंस**को उत्पाद हुन्छ ।

कुनै एक **पाद** स्थापित (प्राप्त) गरेमा उसको पारमी अनुसार क्रमशः **इद्धि**हरू प्राप्त गर्नमा निश्चित हुन आउँछ। यसकारण अर्थकथाहरूमा वर्णन गरिए अनुसार जो व्यक्ति कुनै एक **इद्धिपाद**ले संयुक्त छैनन् ती चण्डाल[I] का छोराहरू समान हुन्, जहाँ कुनै एक **पाद**ले संयुक्त व्यक्ति वादशाहका पुत्रहरू समान हुन् । चण्डालका छोराहरूले कहिल्यै पनि बादशाह हुन चिन्तै गर्दैनन् । किनभने त्यस्तो लक्ष्य प्राप्त गर्न तिनीहरूसंग कुनै आधार हुँदैनन्, कुनै **पाद** हुँदैनन् । बादशाहका पुत्रहरू (राजकुमार) ले सधैं वादशाह नै हुने लक्ष्य लिन्छन् । किनभने यस्तो लक्ष्य प्राप्त गर्ने आधारहरूले तिनीहरू संयुक्त भएका हुन्छन् ।

यसकारण आजका बुद्धिमान मानिसहरूले आफ्ना पारमिता अनुसार आर्य मार्ग फल प्राप्तिको निमित्त सत्काय-दृष्टिका मूल जरालाई ध्वष्ट गर्नुको लागि चार **इद्धिपाद**को जग बसाल्नु पर्दछ ।

चार **इद्धिपाद** समाप्त ।

I. **अछुट जाति, नीच जाति ।**

पञ्चम परिच्छेद

पाँच इन्द्रिय

इन्द्रियका अर्थ हुन्—

"इन्दस्स कम्मं इन्द्रियं।"

अर्थ— **'इन्दस्स'** =अधिपतिहरूको, शासकहरूको अथवा नियन्त्रकहरूको;

'कम्मं' =कार्य अर्थात् अधिपति चलाउने कार्य, शासन गर्ने कार्य अथवा नियन्त्रण गर्ने कार्य;

'इन्द्रियं' =यसैले इन्द्रिय भनिन्छ। अर्थात् शासकहरूद्वारा शासन गर्ने कार्य भएकोले **'इन्द्रिय'** भनिएको हो।

'शासकद्वारा शासन गर्ने कार्यको अर्थ हो'; जहाँ शासकले शासन गरिन्छ त्यहाँ कसैले पनि विरोध गर्न सक्तैन।

यस अर्थमा, शासक अथवा नियन्त्रकले जसमाथि नियन्त्रण गर्दछ, त्यही इन्द्रिय हो। यसको तात्पर्य हो – चित्तलाई नियन्त्रण गर्नु।

'इन्द्रिय' पाँच छन्। ती हुन्—

(१) **सद्धिन्द्रिय,**
(२) **वीरियिन्द्रिय,**
(३) **सतिन्द्रिय,**

(४) समाधिन्द्रिय र

(५) पञ्जिन्द्रिय।

(१) सद्धिन्द्रियको अर्थ हो, श्रद्धा। श्रद्धाको अर्थ हो, नियन्त्रण गर्नु। श्रद्धा दुइ प्रकारका छन्। जस्तै—

(क) **पकति सद्धा** (प्रकृति श्रद्धा) र

(ख) **भावना सद्धा** (भावना श्रद्धा)।

(क) **पकति सद्धा**— साधारण व्यक्तिको दान, शील, भावनामा भएको श्रद्धा नै प्रकृति श्रद्धा हो। प्रकृति श्रद्धाले चित्तलाई नियन्त्रण गर्दछ भनेतापनि माथि उल्लेख गरिए अनुसार साधारण व्यक्तिको पागल-चित्तलाई विनष्ट गर्नमा भने यसले नियन्त्रण गर्न सक्तैन। बौलाहा-चित्त अनुसार यसले दान गरेको चित्त अनुरूप मात्र चित्तलाई नियन्त्रण गर्दछ।

श्रद्धा नभइकन मन कुशल-कर्मतिर कहिल्यै लाग्दैन किनभने साधारणतया चित्त जहिले पनि अकुशल-कर्ममा नै प्रभावित भइरहन्छ। शील-विशुद्धिलाई पूर्ण गर्नु, ग्रन्थ अध्ययन आदिमा पनि दान कार्यमा जस्तै यही कुरा लागू हुन आउँछ। प्रकृति श्रद्धाले दान, शीलको क्षेत्रमा कुशल चित्तलाई नियन्त्रण गर्दछ तर भावनाको क्षेत्रमा चित्तलाई नियन्त्रण गर्न सक्तैन।

कर्मस्थानको अभ्यास (शमथ र विपश्यनाको अभ्यास) मा प्रकृति श्रद्धाले मनलाई नियन्त्रण गरेको हुँदैन। किनभने मन त्यस श्रद्धाबाट खुस्किएर यताउति डुल्न थाल्छ। कर्मस्थानको

अभ्यासमा प्रकृति श्रद्धाले मात्र पर्याप्त हुँदैन ।

(ख) **भावना सद्धा**— श्वास-प्रश्वास, आदिं कर्मस्थानको अभ्यासद्वारा भावनाको अनुभूतिबाट महान बल र शक्ति प्राप्त हुने श्रद्धालाई भावना-श्रद्धा भनिन्छ ।

वोधिपक्षीय-धर्ममा भावना-श्रद्धालाई नै **सद्धिन्द्रिय** भनिन्छ । कर्मस्थानको आलम्बनमा यसले मनको अस्थिरता र कम्पन-लाई गायब गरी स्पष्ट र दृढ-संकल्प भएको मन प्रादुर्भाव गराई दिन्छ । सफा र स्पष्ट आलम्बनमा मात्र मनको एकाग्रता अचल रूपले स्थिर हुन सक्छ ।

श्वास-प्रश्वास, आदि **कायगता-सति**को अभ्यास भावना-श्रद्धाको लागि जग बसाल्नु हो । श्वास-प्रश्वास, आदि **कायगता-सति**मा मन स्थिर गरेमा यसले भावना-श्रद्धा प्राप्त गर्न सहा-यता गर्दछ । यदि शमथ र विपश्यना भावनाको अभ्यास गर्दै लगेमा सत्काय-दृष्टिका तीन भूमिलाई विनष्ट गर्ने समर्थता यसै जीवनमा प्राप्त गर्न सकिन्छ । शमथ र विपश्यना भावना ठीकसंग सम्पादन गर्नको लागि धर्मका प्रकाण्ड विद्वान गुरुको आश्रय आबश्यक पर्दछ ।

(२) **वीरियिन्द्रिय** भनेको वीर्य हो । वीर्य दुइ प्रकारका छन् –

(क) **पकति वीरिय** (प्रकृति वीर्य) र

(ख) **भावना वीरिय** (भावना वीर्य) ।

अर्को प्रकारले विभेद गरेमा:

(अ) **कायिक वीरिय** (कायिक वीर्य) र

(आ) **चेतसिक वीरिय** (चेतसिक वीर्य)।

(अ) **कायिक वीरिय**— प्रकृति-वीर्य श्रद्धा-वीर्य कै जान्नु। सांसारिक-विषयमा प्रचूर मात्रामा प्रकृति-वीर्य संयुक्त भएको व्यक्तिले भावना-वीर्य सजिलैसंग प्राप्त गर्न सक्तछ। **पिण्डपातिकाङ्ग**[I], **नेसाज्जिकाङ्ग**[II], **रुक्खमूलिकाङ्ग**[III], **अब्भोकासिकाङ्ग**[IV], **सोसानिकाङ्ग**[V] — यी धुतङ्गहरू कायिक-वीर्य भावना हुन्।

(आ) **चेतसिक वीरिय**— निदाउने अवधि कम गरी सतर्क र कर्मंष्ठ रही कायिक-वीर्य भावनाको अभ्यास गरे पनि भावना मनसिकारलाई उत्साहित गर्ने चैतसिक-वीर्य भएन भने आश्वास-प्रश्वास, आदि कर्मस्थान आलम्बनमा एकाग्रता वृद्धि गर्न सकिन्दैन र इन्द्रिय र मनको स्पष्ट अनुभूति विना नै अभ्यासको अवधि व्यर्थमा लम्बिन जान्छ।

मानिसलाई कार्यले जित्नु—जुनसुकै कार्यमा पनि मानिस लागेपछि त्यसमा चाडै ज्ञान प्राप्त गर्नु नै राम्रो र उचित हुन आउँछ। कार्यले मानिसमाथि विजय प्राप्त गराउनु उचित

I. पिण्डपातिकाङ्ग— प्राप्त भएको भिक्षामा निर्भर रहने।

II. नैषद्यकाङ्ग— सय्या त्याग गर्ने धुतङ्ग।

III. वृक्षमूलिकाङ्ग— रूख मुनि बस्ने धुतङ्ग।

IV. अभ्यवकाशिकाङ्ग— खुला आकाश मुनि बस्ने धुतङ्ग।

V. श्मशानिकाङ्ग— श्मशानमा बस्ने धुतङ्ग।

हुँदैन। 'कार्यले मानिस माथि विजय प्राप्त गराउनु' को अर्थ हो – वास्तविक शक्ति र दिलचस्पि बिना काम गर्नु, जसको परिणाम स्वरूप कुनै ठोस नतिजा ननिस्कनु र जति जति दिन, महिना बित्दै गयो उति उति अल्छि लागेर शारीरिक कृत्यमा विरक्त र उराठ लागेर आउनु। यस उराठपनले अभ्यासको वृद्धिमा सुस्ति ल्याउँछ र यस सुस्तिपनले अर्को सुस्ति थप्दछ। अनि यस कार्य नै बदले राम्रो होला कि भन्ने विचार आउँछ। यसरी उसले एक पछि अर्को कार्य बदल्दै जान्छ र वीर्यको कमिले गर्दा 'कार्यले मानिस माथि विजय प्राप्त गर्दछ'।

(ख) **भावना-वीरिय**— कर्मस्थानको अभ्यासमा कायिक-वीर्य र चेतसिक-वीर्य दुबै लगाउन सकेमा मात्र चाँडै सफलता हासिल गर्न सक्तछ। कायगता-स्मृति शुरू गरेको अभ्यासको क्षणदेखि दिन दिनै वृद्धि भएर गएको वीर्य भावना-वीर्य हो र यही वीर्यलाई बोधिपक्षीय-धर्ममा **वीरियिन्द्रिय** भनिन्छ। यसले कर्मस्थान-भावनामा सुस्तिपन र अल्छिपनलाई विनष्ट गरी परम उत्साह र शक्ति दिलाउँछ। चित्तको स्वभाव यस्तो हुन्छ कि जुन आलम्बनमा लगाउनाले चित्त प्रबल हुन्छ, त्यसैमा यो रमाउँछ। त्यस पछिको भावना-वीर्यको क्रमिक वृद्धि **सद्धिन्द्रिय**को वृद्धि जस्तै हो भनी जान्नु।

(३) बोधिपक्षीय-धर्ममा **सतिन्द्रिय**को अर्थ हो– श्वास-प्रश्वास, आदि शरीरको कुनै पनि भागमा कायगता-स्मृतिको अभ्यास गरेर त्यसबाट **लोकुत्तर-सम्मा-सति-मग्ग** (लोकोत्तर सम्यक्

स्मृति मार्ग) प्राप्त नभएसम्म अभ्यास गरी **भावना-सतिपट्ठान** वृद्धि गर्नु ।

समाधिन्द्रिय र **पञ्ञिन्द्रिय**लाई पनि यस्तै प्रकारले जान्नु ।

स्वास-प्रश्वास, आदि **सतिपट्ठान**को आलम्बन मध्ये कुनै एक आलम्बनमा भावना गर्दा **समाधिन्द्रिय**ले मनको चञ्चलता (**उद्धच्च**=औद्धत्यपन) दूर गर्दछ; पञ्ञिन्द्रियले **कुक्कुच्च**(कौकृत्य, कृत अकृतको विषयमा पश्चात्ताप र शङ्का) लोप गर्दछ ।

यी इन्द्रियहरू (**सद्धिन्द्रिय, वीरियिन्द्रिय र सतिन्द्रिय**) ले राजालाई बधाई चढाई गरी प्रशंसा गर्ने व्यक्तिहरूले झैं **समाधिन्द्रिय** र **पञ्ञिन्द्रिय**लाई उच्च तहमा पुऱ्याई दिन्छन् ।

कायगता-स्मृतिको अभ्यास गरी मनलाई समाधिमा लगाउन सकेपछि शमथ-भावना-मार्ग अपनाएमा **समाधिन्द्रिय**ले आठ समापत्ति प्राप्त गर्दछ भने **पञ्ञिन्द्रिय**ले **इद्धिविद्ध**, आदि पाँच **अभिञ्ञा**[1] प्राप्त गर्दछ । विपश्यना-भावना-मार्ग अपनाएमा

---

1. **पाँच लौकिक अभिञ्ञा हुन्—**
   - **(i) इद्धिविद्ध (ऋद्धिविध=अलौकिक शक्ति),**
   - **(ii) दिब्ब-सोत (दिव्य-श्रोत=टाढा वा नजिकको कुरो सुन्ने अलौकिक शक्ति),**
   - **(iii) परचित्त-विजानन (परचित्त-विज्ञान=अरूको मनको कुरो जान्ने ज्ञान),**
   - **(iv) पुब्बेनिवास (पूर्वेनिवास=पूर्व जन्मको ज्ञान),**
   - **(v) दिब्ब-चक्खु (दिव्य-चक्षु=टाढा वा नजिकको वस्तु देख्ने अलौकिक शक्ति)।**

समाधिन्द्रियले सुञ्ञत-समाधि[I], अनिमित्त-समाधि[II], अप्पणिहित-समाधि[III] प्राप्त गर्दछ र पञ्ञिन्द्रियले चाहिं दिट्ठि-विसुद्धि[IV] आदि पाँच पञ्ञा-विसुद्धि, तीन अनुपस्सना-ञाण,[V] दश विपस्सना-ञाण,[VI] चार मग्ग-ञाण,[VII] चार फल-ञाण,[VIII] र उन्नाइस

I. शून्यतामा एकाग्रता,

II. अनिमित्त-समाधि = विना निमित्तको एकाग्रता।

III. इच्छाहीन एकाग्रता।

IV. (१) दृष्टि-विशुद्धि, (२) कांक्षावितरण-विशुद्धि, (३) मार्गामार्ग-ज्ञानदर्शन-विशुद्धि, (४) मार्ग-दर्शन-विशुद्धि र (५) ज्ञानदर्शन-विशुद्धि।

V. (क) अनिच्चानुपस्सना (अनित्यानुपश्यना),
(ख) दुक्खानुपस्सना (दुःखानुपश्यना),
(ग) अनत्तानुपस्सना (अनात्मानुपश्यना)।

VI. दस विपस्सना-ञाण (दश विपश्यना-ज्ञान) हुन्—
(क) समस्सन-ञाण (समर्शण-ज्ञान = अनित्य, दुःख, अनात्म ज्ञान),
(ख) उदयब्बयनुपस्सना-ञाण (उदय-व्ययानुपश्यना-ज्ञान = उत्पत्ति र विनाश देख्ने ज्ञान),
(ग) भङ्गानुपस्सना-ञाण (भङ्गानुपश्यना-ज्ञान = विनाश भएको देख्ने ज्ञान),
(घ) भयानुपस्सना-ञाण (भयानुपश्यना-ज्ञान = भय देख्ने ज्ञान),
(ङ) आदिनवानुपस्सना-ञाण (आदिनवानुपश्यना-ज्ञान = घृणित वा तुच्छ देख्ने ज्ञान),
(च) निब्बेदानुपस्सना-ञाण (निर्वेदानुपश्यना ज्ञान = उदासिनताका ज्ञान),

पच्चवेक्खण-ञाण[IX] प्राप्त गर्दछ ।

(छ) मुञ्चितुकम्यता-ञाण (मुञ्चितुकम्यता-ज्ञान = नाम-रूप धर्मबाट बाहिर निस्कने इच्छित ज्ञान),

(ज) पटिसङ्खानुपस्सना-ञाण (प्रतिसंख्यानुपश्यना-ज्ञान = अनित्य, दुःख, अनात्म मध्ये कुनै एक स्वभावमा स्पष्ट रूपले देख्ने ज्ञान),

(झ) संखारूपेक्खा-ञाण (संस्कारपेक्षा-ज्ञान = विशुद्धि, मृदु एवं कर्मण्य विपश्यना-ज्ञान) ।

(ञ) अनुलोम-ञाण (अनुलोम-ज्ञान = अनुकूल चित्त सन्तति बनाइदिने ज्ञान) ।

VII. चार सच्च-ञाण (चार आर्य-सत्य ज्ञान) ।

VIII. चार फल-ञाण (चार आर्य-फल ज्ञान) ।

IX. उन्नाइस पच्चवेक्खण-ञाण (उन्नाइसप्रत्येवेक्षण-ज्ञान) हुन्—

उसले मार्गलाई यसरी प्रत्येवेक्षण गर्दछ—

(१) 'म आएको (आरुढ भएको) मार्ग यही हो' ।

अनि उसले फललाई यसरी प्रत्येवेक्षण गर्दछ—

(२) 'मैले प्राप्त गरेको फल यही हो' ।

त्यसपछि उसले हटाएका क्लेशहरूको प्रत्येवेक्षण गर्दछ—

(३) 'मैले हटाएका क्लेशहरू यी हुन्' ।

त्यसपछि उसले तीन आर्य-मार्गहरूद्वारा क्लेशहरू हटाउनु पर्नेमा प्रत्येवेक्षण गर्दछ—

(४) 'यी क्लेशहरू अझै ममा बाँकी छन्' ।

अन्तमा उसले अमर निर्वाणको यसरी प्रत्येवेक्षण गर्दछ—

(५) 'यो त्यही अवस्था (धर्म) हो जुन लक्ष्य मैले साक्षात्कार गर्नु परेको छ' ।

'यहाँ पाँच इन्द्रियहरू कसरी एकै साथ उत्पन्न हुन्छ' भनी दर्शाइएको कुरा समाप्त ।

अव यी इन्द्रियहरू मध्ये प्रत्येकले कहाँ कहाँ प्रमुख कार्य गरिन्छ भन्ने कुरा दर्शाइन्छ ।

"कत्थ सद्धिन्द्रियं दट्ठब्बं ?
चतुसु सोतापत्तियंगेसु एत्थ सद्धिन्द्रियं दट्ठब्बं"A

अर्थ– सद्धिन्द्रियलाई कहाँ अनुस्मरण गर्नु पर्छ ? स्रोतापत्तिको चार अङ्ग वा गुणमा यसलाई अनुस्मरण गर्नु पर्दछ ।

यसको अर्थ हो– सद्धिन्द्रियले स्रोतापत्तिको चार गुणाङ्गमा प्राधान्यता राख्दछ । ती चार गुणाङ्ग हुन्–

(क) अरहँ, सम्मासम्बुद्धो, आदि भगवान् बुद्धको आर्य-गुणमा अचल श्रद्धा ।

(ख) स्वाखात, आदि आर्य धर्म गुणमा अचल श्रद्धा ।

स्रोतापन्न आर्य पुद्गलले यसरी पाँच प्रकारले प्रत्येवेक्षण गर्दछ । स्रोतापन्न पुद्गलले झैं सकृदागामी र अनागामी पुद्गलले पनि प्रत्येवेक्षण गर्दछन् । अर्हत्‌ले बाँकी रहेका क्लेशको प्रत्येवेक्षण गर्दैन (अर्हत्को निमित्त क्लेशको प्रत्येवेक्षण गर्ने आवश्यकता पर्दैन) । यसरी प्रत्येवेक्षण उन्नाइस प्रकारका छन् ।

[—विशुद्धिमग्ग (Vol. II), p. 316, 6th, Syn. Edn.). कृपया 'ञाणमोलि'को विसुद्धि-मग्ग हेर्नुहोस् । (p. 790)]

A. संयुत्त-निकाय, ४ इन्द्रिय संयुत्त, ८ दट्ठब्ब सुत्त, (p. 172, 6th syn Edn).

(ग) **सुप्पटिपन्नो**, आदि आर्य संघ-गुणमा अचल श्रद्धा ।

(घ) **लोकुत्तर-समाधिको** पदस्थान भएको **सीत-विसुद्धि** गुणले पूर्ण हुनु ।

यसै जीवन-कालमा नै स्रोतापत्ति मार्ग-ज्ञान निश्चय रूपले प्राप्त गराउने यी नै चार गुणाङ्गहरू हुन् ।

"बुद्धवेच्च पसादेन समन्नागतो"[A]

आदि पालिमा **'अवेच्चपसाद'**को अर्थ हो 'अचल श्रद्धा' । यो यस्तो श्रद्धा हो जसमा भगवान बुद्धका आर्य-गुणाङ्ग स्मरण गर्नाले उपचार समाधि प्राप्त हुन्छ । **'उपचार-समाधि'**को अर्थ हो, भगवान बुद्धका **'इतिपि सो भगवा अरहँ'** आदि बुद्ध गुणमा प्रसन्न भएको बेलामा ध्यान-समापत्तिमा प्रवेश गरे जैं बुद्ध-गुणमा स्थिर भएको चित्त । दृढ र स्थिर ध्यान प्राप्त भइसके-पछि श्रद्धाको अधीनता प्रबल भएको थाहा पाउनु पर्दछ । यस्तो पुद्गलले भगवान् बुद्धका आर्य-गुणमा श्रद्धा राख्नमा आफ्नो मन वशमा लिइसकेको हुन्छ । यस्तै प्रकारले धर्म-गुण र संघ-गुणमा पनि मन वशमा लिइसकेको हुन्छ ।

लोकुत्तर-समाधिको पदस्थान भएको **सील-विसुद्धिको** अर्थ हो– **आजीवट्ठमक-निच्च- सील**[I] जसले यसै जीवनमा लोकुत्तर-

---

A. **संयुक्त निकाय, महावग्ग, II सोतापत्ति संयुत्त, धम्मदिन्न सुत्त** (p. 365, 6th syn. Edn.)

I. **आजीव अष्ठमक नित्य-शील = सम्यक् आजीविका सहितको आठ शील ।**

समाधि प्राप्त गराउनमा समर्थ तुल्याउँछ। नित्य-शील अटुट र परिशुद्ध भयो भने तण्हा (तृष्णा), मान (घमण्ड) र दिट्ठि (मिथ्या-दृष्टि), आदि यी क्लेशहरूबाट मुक्त हुन्छ र यसो भएमा 'शीलमा श्रद्धाले विशेषाधिकार प्राप्त गर्‍यो' भनी जान्नु पर्दछ। नित्य-शील गुणाङ्ग पालन गर्न नसक्नुलाई 'अपूर्ण-शील' भनिन्छ। साधारणतया शील नबिग्रे पनि संसारको साधारण परिस्थिति (सामाजिक परिस्थिति)मा हेलमेल गरी बस्यो भने शुद्ध शील पनि धमिलिएर जान्छ। भनिएको छ– "असल वा खराब साँढे नदीको धारबाट किनारमा उत्रँदा थाहा हुन्छ"। भगवान बुद्धका अनुयायी भनी स्वीकार्ने उपासक वा भिक्षुहरूले आफ्ना मन नियन्त्रणमा छ कि छैन भन्ने कुरा यी चार गुणाङ्गमा पुग्दाखेरि मात्रै थाहा हुन्छ।

सद्धिन्द्रिय समाप्त।

"कत्थ वीरियिन्द्रियं दट्ठब्बं ?
चतुसु सम्मप्पधानेसु एत्थ वीरियिन्द्रियं दट्ठब्बं ।"A

अर्थ–**वीरियिन्द्रिय**लाई कहाँ भाविता गर्नु पर्दछ ? चार सम्यक्-प्रधानका गुणाङ्गमा भाविता गर्नु पर्दछ।

बुद्धका उपासक भनी स्वीकार्ने उपासक र श्रमणहरूले वीर्यमा आफ्ना मनको अस्थिरता र क्षुब्धता लोप भयो भएन भन्ने कुरा चार सम्यक्-प्रधानको अभ्यास गर्दा मात्र थाहा

A. **संयुक्त निकाय, महावग्ग, ४. इन्द्रिय संयुक्त, ८. दट्ठब्ब सुत्त** (p. 172, 6th syn. Edn).

पाउँछन् ।

"यस जीवनमा मेरा सत्काय-दृष्टि बाँकी रहे सम्म, दुश्चरित्र बाँकी रहेसम्म र मेरो निमित्त अपाय-संसार नष्ट नभएसम्म, छाला मात्र बाँकी रहे पनि, स्नायु मात्र बाँकी भए पनि, हाड मात्र बाँकी रहे पनि, रगतै सुकेर गए पनि मैले आराम लिने छैन ।" यही एक मात्र सम्यक्-प्रधान अभ्यासको दृढ-संकल्प हो । चक्खुपाल भिक्षु[A]को दृढ-संकल्प यस्तै प्रकारको संकल्प थियो । यस्तो दृढ-संकल्प र अभ्यासले समागम हुँदा मन माथि वीर्यको आधिपत्य भएको थाहा हुन्छ । त्यस पुद्गलको वीर्यको विषयमा मनको चञ्चलता र क्षुब्धता विलीन भइसकेको हुन्छ र त्यो त्यही व्यक्ति हो जो बुद्ध-शासनमा आफ्नो मन वशमा लिइसकेको सत्पुरुष भनी कहलिन्छ ।

वीरियिन्द्रिय समाप्त ।

"कत्थ सतिन्द्रिय दट्ठब्बं ?
चतुसु सतिपट्ठानेसु एत्थ सतिन्द्रियं दट्ठब्बं ।"[B]

अर्थ– **सतिन्द्रिय**लाई कहाँ भाविता गर्नु पर्दछ ? चार स्मृति-प्रस्थानमा भाविता गर्नु पर्दछ ।

बुद्धका अनुयायी गृहस्थ उपासक र श्रमणहरूले स्मृतिमा

A. See the Light of the Dhamma, Vol. 1, No. 2, p. 13.

B. संयुक्त निकाय, दट्ठब्ब सुत्त, (p. 176, 6th Syn. Edn).

आ-आफ्ना मनको चञ्चलता र क्षुब्धता विलीन भयो कि भएन भनी चार स्मृति-प्रस्थानको भावना गर्दा थाहा पाउँछन् । श्वास-प्रश्वास, आदि स्मृति-प्रस्थानको आलम्वनमा कायगता स्मृति कृत्य पूर्ण रूपले सफल भएपछि साधकले आफ्नो चित्त आफ्नो स्कन्धमा आफ्नो इच्छानुसार नछुट्ने गरी राख्न सकेमा स्मृति आफ्नो अधीनमा भयो भनी जान्नु पर्दछ । त्यस पुद्गलमा स्मृतिको विषयमा मनको चञ्चलता र क्षुब्धता विलीन भइस-केको हुन्छ र त्यो त्यही व्यक्ति हो, जो बुद्ध-शासनमा आफ्नो मन वशमा लिइसकेको सत्पुरूष भनी कहलिन्छ ।

सतिन्द्रिय समाप्त ।

"कत्थ समाधिन्द्रियं दट्ठब्बं ?
चतुसु झानेसु एत्थ समाधिन्द्रियं दट्ठब्बं ।"A

अर्थ– **समाधिन्द्रिय**लाई कहाँ भाविता गर्नु पर्दछ ? चार प्रकारका ध्यानमा यसलाई भाविता गर्नु पर्दछ ।

श्वास-प्रश्वास, आदि शमथ आलम्वनमा कम्तिमा उपचार समाधि भावना सफलता पूर्वक पारंगत भएमा आफ्नो चित्तमा निरन्तर रूपले उत्पन्न हुने प्रचन्द **कामछन्द** (इन्द्रियतृष्णा) **व्यापाद** (द्वेषभाव), आदि **नीवरण** हटी त्यस आलम्वनमा चित्त विशेष रूपले स्थिर र शान्त रहेमा समाधि आफ्नो अधीनमा भयो

A. **संयुक्त निकाय, महावग्ग संयुक्त, ८ दट्ठब्ब सुत्त** (p. 172, 6th syn. Edn.).

भनी जान्नु पर्दछ । त्यस पुद्गलमा समाधिको विषयमा मनको चञ्चलता र क्षुब्धता विलीन भइसकेको हुन्छ र त्यो त्यही पुद्गल हो जो बुद्ध-शासनमा आफ्नो मन माथि विजय प्राप्त गरिसकेको सत्पुरुष भनी कहलिन्छ ।

समाधिन्द्रिय समाप्त ।

"कत्थ पञ्ञिन्द्रियं दट्ठब्बं ?
चतुसु अरियसच्चेसु एत्थ पञ्ञिन्द्रियं दट्ठब्बं ।"[A]

अर्थ– पञ्ञिन्द्रियलाई कहाँ भाविता गर्नु पर्दछ ? चार आर्य-सत्यमा यसलाई भाविता गर्नु पर्दछ ।

बुद्ध-शासनमा समागम भएका व्यक्तिहरू मध्ये पुद्गलमा चार आर्य-सत्यको ज्ञान हुनु ठूलो लाभ हो । यो ज्ञान प्राप्त भइसकेका व्यक्ति मात्र सत्काय-दृष्टि, दुश्चरित्र र अपाय-संसारबाट मुक्त हुन्छ ।

त्यसकारण चार आर्य-सत्यको ज्ञान अवबोध गर्नको निमित्त आफ्नो सन्तानमा कम्तिमा छ धातु[I] र त्यस धातुको आयु

A. संयुक्त निकाय, महावग्ग संयुत्त, द दट्ठब्ब सुत्त (p. 172. 6th syn. Edn.).

I. छ धातु :– पथवि, आपो, तेजो, वायो, आकास र विञ्ञाण ।
(क) कडा र नरम दुइ तत्व— पृथ्वी धातु,
(ख) तातो र चिसो दुइ तत्व— तेजो धातु,
(ग) जमेको र तरल दुइ तत्व— आपो धातु,

'आँखा झिम्काउने प्रमाण, विजुली चम्किने प्रमाण' सम्म पनि स्थिर नभई निरोध भई जान्छन् भनी अनित्य स्वभावलाई पनि यसै जन्ममा साक्षात्कार गर्नको निमित्त अध्ययन गर्नु, आवृति गर्नु, चिन्तन गर्नु, सुन्नु, छलफल गर्नु, प्रश्न गर्नु, भाविता गर्नु, मनन गर्नुमा विशेष कोशिश गर्नु पर्दछ। यी छ धातुमा परिशुद्ध विपश्यना ज्ञान प्राप्त भएमा बाँकी रहेका धर्म[I] मा विशेष अभ्यास गर्नु पर्ने जरूरत पर्दैन। अनित्य स्वभावलाई राम्रोसंग साक्षात्कार गर्न सकेमा अनात्म क्रमशः साक्षात्कार हुँदै जान्छ।[A]

अर्हत्त मार्ग (फल) मा आरूढ भइसकेपछि सम्पूर्ण दुःखको स्वभाव-धर्मलाई यथार्थतः अवबोध गर्दछ।

यसरी, धेरै समयसम्म साधनाभ्यास गरिसकेपछि छ धातुका आध्यात्मिक र वाह्य दुबै स्वभावमा विपश्यना-ज्ञान प्राप्त भइसकेपछि र त्यस्तै ती धातुहरूका अनित्य-स्वभाव जानिसकेपछि मात्र ती धातुहरूमा ध्यान स्थिर भई प्रज्ञा आफ्नो अधीनमा भयो भनी जान्नु। अनमत्तग्ग संसारदेखि बग्दै आएको 'चित्त-विपल्लास' क्रमशः कम हुँदै लोप हुन्छ।

(घ) आधार दिनु र घचेट्नु दुइ तत्व– वायो धातु,

(ङ) खालि ठाउँ— आकाश धातु र

(च) चित्त वा मन— विज्ञान धातु।

I. खण्ड, आयतन, आदि।

A. खुद्दक-निकाय, उदान पालि, मेघिय-वग्ग, मेघिय-सुत्त, (p. 120, 6th syn. Edn.).

यहाँ **'चित्त-विपल्लास'**को अर्थ हो– अनित्य-धर्ममा नित्य भनी विपर्लास (विपल्लास), उन्माद हुनु; त्यस्तै दु:खलाई सुख, अशुभलाई शुभ, अनात्मलाई आत्म, पुद्गल नभएकोलाई पुद्गल, सत्व नभएकोलाई सत्व, मानिस नभएकोलाई मानिस; देव, शक्र, ब्रह्मा नभएकोलाई देव, शक्र, ब्रह्मा; स्त्री, पुरुष, गोरु, भैंसी, हात्ती, घोडा, नभएकोलाई स्त्री, पुरुष, गोरु, भैंसी, हात्ती घोडा भनी विपल्लास, उन्माद हुनु । यसरी चित्तको उन्माद र क्षुब्धताबाट मुक्त भई बुद्ध-शासनमा यथार्थतालाई अवबोध गर्नुमा चित्तमा आधिपत्य भइसकेको व्यक्तिलाई सत्पुरुष भनी जान्नु ।

दु:ख आर्य-सत्यलाई यथार्थत: साक्षात्कार गर्न सकेमा अरू बाँकी रहेका तीन सत्यहरू पनि क्रमश: यथार्थत: अववोध हुन्छ। यी चार-सत्यको अवबोधमा पृथक्जनले अवबोध गर्नुलाई **अनुबोध** भनिन्छ, आर्य-पुद्गलले अवबोध गर्नेलाई **पटिवेध** भनिन्छ। अनुबोध-ज्ञान राति प्रकाश देख्ने तर आगोको मुस्लो नदेख्ने समान हुन् । सोझै आगोको मुस्लो देख्न नसकिएता पनि ज्वाला (प्रकाश) को प्रतिविम्ब देख्नाले नि:सन्देह त्यहाँ आगो छ भन्ने अनुमान गर्न सकिन्छ । पटिवेध-ज्ञान सोझै आगोको मुस्लो देख्नु समान हो ।

पञ्चिन्द्रिय समाप्त

"सद्धिन्द्रियं भावेति,
वीरियिन्द्रियं भावेति,
सतिन्द्रियं भावेति,
समाधिन्द्रियं भावेति,
पञ्ञिन्द्रियं भावेति।"A

भगवान बुद्धले भन्नु भएका यी पालि पंक्तिका अर्थ हुन्– शमथ-कार्य र विपश्यना-कार्य गर्नको निमित्त प्रारम्भमा नै यी पाँच इन्द्रियलाई स्थापना गरी वृद्धि गर्नु पर्दछ।

त्यस व्यक्ति जसले यी पाँच इन्द्रियहरू आफ्नो शरीरको स्कन्धमा वृद्धि गरेको हुँदैन ऊ शासक वा राजा नभएको देश समानको हुन्छ। त्यो पहाड र जङ्गलले ढाकिएका, जङ्गली जातीले बसोवास गरेका जहाँ कुनै प्रशासन कायम नभएको देश समान हुन्। शासक वा राजा नभएको देशमा कुनै कानून हुँदैन। त्यहाँका दुनियाँ अनियन्त्रित रहन्छन्। पशुहरूमा झैं बलियाले निर्धालाई मार्दछन्। यस्तै किसिमले पाँच इन्द्रिय-हरूमा भाविता नगरेको मानिसको मन विक्षिप्त हुन्छ र क्लेशले विद्रोह मचाई भताभुङ्ग पारिदिन्छ। भूत, प्रेत, पिसाच प्रवेश भएको व्यक्तिमा **'इतिपि सो . . .'** अथवा **'हेतु पच्चयो . . .'** आदि गाथा पाठ गर्दा सुन्नसम्म पनि न रूचाए झैं पाँच इन्द्रिय भाव-

---

A. **संयुक्त निकाय, महावग्ग, इन्द्रिय संयुत्त, ६. सुकरखता-वग्ग, ८. सुक-रखता-सुत्त,** (p. 205, 6th syn. Edn.).

नाको अभ्यासमा नलागेका व्यक्तिहरूमा **पच्चय सन्तोष**[1] र **भावनारम्भ**संग सम्बन्धित् कुराहरू सुनाउँदा पटक मन पराउँदैनन् बरु उल्टो तिनीहरू त्यहाँबाट उम्कन खोज्छन् । तिनीहरूले शमथ-कृत्य र विपश्यना-कृत्यमा उद्योगाभ्यास गर्न पनि पटकै मन पराउँदैनन् ।

अर्को तिर, स्कन्धमा पाँच इन्द्रियको भाविता गर्ने व्यक्ति न्याय र कानून अनुसार राज्य गर्ने राजा भएको देश समान हो । ऊ प्रशासनले युक्त भएको **मज्झिम देस** (मध्य देश) को शहर र गाउँ समान हो । यस्तो व्यक्तिलाई विभिन्न प्रकारका मानिसहरूले र विविध प्रकारका सिद्धान्तले प्रभावित पार्न सक्तैन । ऊ भगवान बुद्धको उपदेशानुसार सोझो मार्गमा मात्र लाग्दछ । **पच्चय-सन्तोष, भावनारम्भ**का कुरा सुन्दा यस्तो व्यक्तिको मन सदा प्रमुदित रहन्छ । शमथ-कृत्य र विपश्यना-कृत्यमा उद्योगाभ्यास गर्न ऊ सदा उद्यत रहन्छ ।

यसरी, यस संसारमा दुइ प्रकारका इच्छा (छन्द) उत्पन्न हुनु पुद्गल वा व्यक्तिको काम होइन, इन्द्रिय-भावना हुने नहुनेको काम हो । इन्द्रिय-भावना नभएमा चित्त अर्कै छन्द अर्कै हुन्छ । इन्द्रिय-भावना भएमा त्यस चित्त र छन्द लोप भई एउटा नयाँ किसिमको चित्त-छन्द उत्पन्न हुन्छ । जति जति इन्द्रिय-भावना बढ्दै जान्छ; उति उति नयाँ चित्त-छन्द पनि बढ्दै जान्छ र बल (शक्ति संग्रह हुन्छ) पाँचै-इन्द्रिय-भावना

---

1. चार प्रत्ययमा सन्तोष हुने ।

गर्दा मार्ग र फलको इच्छा तुरन्त देखा पर्दछ। यसरी प्रकृति श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा सहितको चित्त भएको तर त्यस हीन छन्द-चित्तलाई अविवृद्धिको निमित्त पाँच इद्रिय-भावना गर्नु पर्दछ ।

"**सद्धिन्द्रियं भावेति,**" आदि पालिको अभिप्राय भएको पाँच इन्द्रिय समाप्त ।

★

षष्टम परिच्छेद

पाँच बल

बललाई यसरी वर्णन गरिन्छ–

"पटिपक्ख धम्मे बलियन्तीति बलानि" A

अर्थ– विपक्ष धर्ममा थिचिराख्ने हुनाले बल भनिन्छ।
पालि पिटकमा लेखिएको छ–

"अकम्पनट्ठेन बलानि" B

अर्थ– विपक्षताको समागम हुँदा निःडर भई स्थिर रहने भएकोले बल भनिन्छ।

पाँच इन्द्रिय भए झैं बल पनि पाँच किसिमका छन्। ती हुन्–

(१) सद्धा-बल (श्रद्धा-बल)
(२) वीरिय-बल (वीर्य-बल)
(३) सति-बल (स्मृति-बल)
(४) समाधि-बल (समाधि-बल) र

A. लेडी सयादोद्वारा लिखित् 'परमत्थ दीपनी संग्रह महा-टीका' (p. 299, Kawimysthman Press, Rangoon).

B. अंगुत्तर-निकाय, एकक-निपातट्ठकथा, १८, अपरअच्छरासंघात-वग्ग-वण्णना (p. 388, 6th syn. Edn.).

(५) **पञ्ञा-बल** (प्रज्ञा-बल) ।

सत्काय-दृष्टि रूपी देशलाई नष्ट गर्नको लागि यो पाँच सेनापति अथवा पाँच कमाण्डरहरू छन् । बुद्ध-शासनमा भिक्षु र उपासकहरूका लागि मद्दत गर्ने यी पाँच बल छन् ।

सद्धिन्द्रियमा झैं श्रद्धा दुइ प्रकारका छन् । जस्तै–

(क) **पकति-सद्धा** (प्रकृति-श्रद्धा) र

(ख) **भावना-सद्धा** (भावना-श्रद्धा) ।

(क) प्रकृति-श्रद्धा–– भावना नभएको प्रकृति श्रद्धाले तृष्णासंग मिली दान गर्ने, उपोशथ-ब्रत गर्ने, आदि प्रकृति-कुशल कर्म मात्रै वृद्धि गराउँछ । यसमा तृष्णालाई हटाउने शक्ति हुँदैन । वरु तृष्णाले श्रद्धालाई हटाउँछ ।

तृष्णाले प्रकृति-श्रद्धालाई कसरी हटाउँछ भन्ने उदाहरण हुन्––

चन्द्र-सूर्य भएको बेलामा आकाश स्पष्ट देखिए झैं पालि पिटकमा चार **अरियवंस-धम्म**[A]का उल्लेख भएका छन् ।

(१) भोजन-प्रत्ययमा सन्तोष हुनु,

(२) चीवर-प्रत्ययमा सन्तोष हुनु,

(३) विहार-प्रत्ययमा सन्तोष हुनु, र

(४) भावना-प्रत्ययमा सुख, आनन्द अनुभव गर्नु

A. **आर्यपुद्गलहरूका परम्परागत अभ्यास, अंगुत्तर निकाय, चतुक्क निपात, १. पठम-पण्णासक, ८. अरियवंस सुत्त** (p. 336. 6th syn. Edn).

यी हुन्, श्रदाको क्षेत्र । आज विश्वमा यस महाम श्रद्धाको क्षेत्र डुबेको अवस्थामा छ । वर्तमान लोकमा चार प्रत्यय नामक **पच्चयामिसमा** आनन्दित हुनु, यश-कीर्ति नामक **लोकामिसमा** आनन्दित हुनु, भविष्यको भव-सम्पत्ति, भोग-सम्पत्ति, ऐश्वर्य (इस्सरिय) सम्पत्ति नामक **वट्टामिसमा** आनन्दित हुनु– 'तृष्णाको क्षेत्र टापु (द्वीप) लाई महासामरको पानीले डुबाए झैं प्रकट भइरहेको छ' । यो भयों प्रकृति श्रद्धाको हीनता दृष्टान्त रूपमा लोकमा देखिएका कुरा ।

(ख) भावना-श्रद्धा— तीन प्रकारका **आमिस**[I] मा सुख आनन्द लिने तृष्णालाई डबाई, मनको चञ्चलता र क्षुब्धता विलीन नभएसम्म आनापान, आदि कायगता स्मृतिको सफल अभ्यास उत्पन्न हुने जुन स्थिति हो, त्यो भावना-श्रद्धा हो । यही भावना-श्रद्धाले तीन प्रकारका तृष्णा रूपी सागरमा डुबेका भिक्षु, श्रमण र उपासकहरूलाई उतार्ने चार **अरियवंस** नामक द्वीप समान भएको श्रद्धाको क्षेत्रमा पुर्‍याउन सक्तछ । बोधि-पक्षीय-धर्ममा यही श्रद्धाको जरुरत छ ।

दुइ प्रकारका वीर्य मध्ये वृद्धि नहुने प्रकृति-वीर्य **कोसज्ज**[II] संग योग्यतानुसार मिली यसले दान-कार्य, शील-कार्य, ग्रन्थ-हरूको अध्ययन-कार्य, अध्यापन-कार्य बहन गर्नु, आदि प्रकृति-कुशल-कार्यलाई मात्र वृद्धि गर्दछ । यस प्रकृति-वीर्यले **कोसज्ज**

I. (१) **पच्चयामिस**, (२) **लोकामिस** र (३) **वट्ठामिस** ।
II. **अल्छिपन** ।

लाई हटाउन सक्तैन । वरू कोसज्जले प्रकृति-वीर्यलाई आफ्ना वशमा राखी आफ्नो ईशारामा नचाउँछ । यो भयो कोसज्जले कसरी प्रकृति-वीर्यलाई पराजय गर्दछ भन्ने कुरा ।

बुद्ध-शासनमा समागम भएका सत्वले अनन्त संसारमा सत्काय दृष्टि दुश्चरित्र र अपायलोकको भागी भइसकेको कुरा थाहाँ पाउँदछ । त्यस भाववाट मुक्त नभएसम्म कोसज्ज अकुशलाई हटाउनको निमित्त भावनाराम-धर्मसंग दिनहूँ, महिनौ विताउनु पर्दछ भनी आर्यवंशको विधि भएको त्रिपिटक ग्रन्थमा चन्द्र-सूर्य झैं प्रकट भइरहेको छ ।

कोसज्ज अकुशल हटाउने कार्यलाई यसरी वर्णन गर्न सकिन्छ । उपसम्पन्न हुने बेलामा सीमा भित्र ग्रहण गरी आएको शिक्षा–

"रूक्खमूल सेनासनं निस्साय पब्बज्जा
तत्थ ते यावजीवं उस्साहो करणीयो ।" I

–आदि बुद्धको अंशलाई ग्रहण गरी जङ्गलपर्वतमा रूख र झारपातहरूले वनाइएको आश्रममा वस्नु, त्यहीं वरिपरि प्राप्त भएका भिक्षामा उसले आफ्नो जीवन निर्वाह गर्नु, गृहस्थ,

---

I. वृक्ष-मूलमा आसय स्थान गरी बस्नेहरू, यसरी तिनीहरूले आफ्नो सम्पूर्ण जीवन वृक्ष-मूलमा नै बिताउँछन् ।

— विनय पिटक, Vol. I, महावग्गन्धक, ६४ चत्तारो निस्सया (p. 133, 6h. syn. Edn.)

श्रमणहरूसंगको सम्पर्कमा नबसी धुतङ्ग प्रतिपतिमा लागेर दृढ रूपले कायगतां स्मृतिको भावना-कार्यमा जोड दिनु, यस्तो वीर्य-भावना **कोसज्ज** अकुशल कार्यलाई हटाउने भनिन्छ। यी कार्यहरू **वीरिय**को क्षेत्र पनि हुन्।

वर्तमान संसारमा यस **वीरिय**को क्षेत्र डुबेको अवस्थामा छ। वर्तमान लोकमा भिक्षुहरूले आफूलाई सत्काय-दृष्टि र दुश्चरित्रले सम्पन्न प्राणीका श्रेणीमा छन् भन्ने चाल पाएर पनि र तिनीहरू अपाय लोकमा उत्पन्न हुन सक्ने छन् भन्ने थाहा पाउँदा पाउँदै पनि दायकहरूले शहर र गाउँहरूमा बनाइदिएका विहारहरूमा स्थायी रूपले बसी ठूलो परिमाणका दान-दातव्य वस्तुमा सुख-आनन्द अनुभव गर्दछन्; तिनीहरू मानव-समाज, आदिबाट अलग्ग बस्नमा असमर्थ छन्– यी सबै कार्यहरू **कोसज्ज**को क्षेत्र भित्र पर्दछन् र समुद्रले द्वीपलाई जलमय पारे झैं यस **कोसज्ज**को क्षेत्र स्पष्ट देखिन्छ। यसले प्रकृति वीर्यको कमजोरी दर्शाउँछ।

माथि उल्लेख गरेको वीर्यलाई भावनाको रूपमा सिद्ध गर्न कम निन्द्रामा सन्तोष हुने, वीर्यमा सधैं सतर्क रहने, निःडर हुने, एकलै रहनमा शुर-वीर हुने, चित्त एकाग्र गर्नमा दृढता हुने– मनसिकारमा सधैं लाग्ने भावना-वीर्यले मात्र **कोसज्ज** अकुशललाई हटाउन सक्तछ। बोधिपक्षीय-धर्ममा यही भावना-वीर्यको जरूरत छ।

स्मृति, समाधि र प्रज्ञा बलका विस्तृत अर्थ उपर्युक्त वर्णन

गरिएका व्याख्या अनुसार बुझ्न सकिन्छ ।

यहाँ म केवल संक्षेपमा वर्णन गर्दछु ।

स्मृतिको ठीक उल्टो अर्थ अकुशल कर्म हो जसलाई **मुट्ठसच्च** भनिन्छ । **मुट्ठसच्च**को अर्थ हो– कायगता-स्मृति, आदि भावना कार्य, शमथ-भावना कार्य प्राप्त गर्नमा असमर्थ रहनु, अथवा विपश्यना-भावनामा एकाग्रता प्राप्त गर्न असमर्थ हुनु, मन आफ्नो वशमा लिन नसक्नु र एकाग्रता गर्नु पर्ने आलम्बनमा भन्दा अरू विषयमा मन डुल्नु । जन्मैदेखि स्वाभाविक अवस्थामा रहेको प्रकृति-स्मृतिले **मुट्ठसच्च**लाई हटाउन सक्तैन । केवल भावना-स्मृतिले मात्र यसलाई हटाउन सक्तछ ।

समाधिको ठीक उल्टो अर्थ हो, **विक्खेप**[I] अकुशल कर्म । माथि उल्लेखित भावना मनसिकारको कार्यमा चित्त स्थिर नहुनु, चित्त वशमा नहुनु, चित्त चञ्चल हुनु, एउटा एउटा आलम्बनमा चित्त जानु, भावना आलम्बनमा आफ्नो चित्त आफूले राख्न नसक्नु हो । प्रकृति समाधिले **विक्खेप** अकुशल कर्मलाई हटाउन सक्तैन । केवल भावना समाधिले मात्र यसलाई हटाउन सक्तछ ।

प्रज्ञाको ठीक उल्टो अर्थ हो, **सम्मोह**[II] अकुशल कर्म । **सम्मोह** अकुशल कर्म भनेको अति मोहित हुनु, आलम्बनमा

I. **मनको अस्थिरता**

II. **समोह, मोह ।**

चित्त मोहित हुनु, चित्त विस्मृत हुनु, चित्तमा प्रकाश नहुनु, प्रकाश नभएको कारणले चित्त अन्धकारमा लाग्नु हो । यस **सम्मोह**लाई प्रकृति प्रज्ञाले हटाउन सक्तैन, न सम्पूर्ण त्रिपिटकका ज्ञान–परियत्ति प्रज्ञाले नै हटाउन सक्तछ । कायगता-स्मृति अभ्यास गरी केवल भावना प्रज्ञाले मात्र विस्तारै **सम्मोह**लाई हटाउन सक्तछ ।

यो हो– **'पटिपक्ख धम्मे बलियन्तीति बलानि"** भन्ने प्रथम विग्रह **पटिपक्ख** अकुशल कर्म पाँच र बल पाँच मिलाएर दर्शाइएका कुरा ।

पाँच **पटिपक्ख** अकुशल धर्म हुन्–(१) तण्हा, (२) **कोसज्ज**[I] (३) **मुट्ठसच्च** (४) **विक्खेप** र (५) **सम्मोह** । पाँच धर्म जसले यी अकुशल धर्मलाई निष्फल गरी हटाउन सक्तछ त्यसैलाई बल भनिन्छ । नेय्य पुद्गलको सम्बन्धमा यी पाँच बल मध्ये एक बल मात्र कमजोर भई त्यसै अनुरूपको **पटिपक्ख-धम्म**[II] हटाउन असमर्थ भएमा शमथ र विपश्यना भावनामा सफल हुन सक्तैन ।

यसकारण, आजकल व्यक्ति श्रद्धाबलको शक्तिबाट नै तृष्णाको क्षेत्रबाट उम्कन सक्तछ । तिनीहरू **पच्चयामिस** तृष्णामा भुल्दैनन् । तर तिनीहरू अरू चार बलको कमजोरीले गर्दा

I. **अल्छिपन अथवा कष्ट सहने असमर्थता अथवा प्रतिपत्ति कार्यमा निःडरताको अभाव ।**

II. **उल्टो ।**

सन्तुष्टिको अवस्थामा पुग्न असमर्थ रहन्छन् ।

श्रद्धाबल र वीर्य-बल वलियो भएको कारणले कोही व्यक्तिहरू तृष्णा र कोसज्जको क्षेत्रवाट उम्कन सक्छन् । सन्तोष धर्मले सहित भई जन्मभरी पहाड-पर्वत र जङ्गलमा बसी धुतङ्ग प्रतिपतिको अभ्यास गरिरहन्छन् । तर अरू तीन वल कमजोर भएको कारणले कायगता-स्मृतिको भावना अथवा शमथ र विपश्यना भावना गरे पनि तिनीहरूले उन्नति गर्न सक्तैनन् ।

कोही पुद्गलहरू पहिलो तीन बल (श्रद्धा, वीरिय, सति) प्रवल भएका हुन्छन् र कायगता-स्मृति भावना वृद्धि गर्न सक्छम् । तिनीहरूले श्वास-प्रश्वास अथवा अट्ठिक-भावनामा एकाग्रता प्राप्त गर्दछन् । तर अरू दुइ बल (समाधि र पञ्ञा) हीन भएको कारणले तिनीहरूले ध्यान र विपश्यना-भावना वृद्धि गर्न सक्तैनन् ।

कोही पुद्गलले पहिलो चार बल (श्रद्धा, वीर्य, स्मृति समाधि) प्रवल भएको कारणले ध्यान-समापत्ति लाभ गर्न सक्छन् तर प्रज्ञा-वलको कमिले गर्दा विपश्यना-भावना प्राप्त गर्न सक्तैनन् ।

कोही पुद्गल प्रज्ञा-वल प्रवल भएका हुन्छन् । तिनीहरू त्रिपिटक र धर्मका पण्डित हुन्छन् । तिनीहरू परमार्थ धर्मका ज्ञाता हुन्छन् । तर अरू चार बलका ढाड भाँचिएका हुनाले अर्थात् अरू चार बलका कमिले गर्दा तण्हा, कोसज्ज, मुट्ठसच्च,

विक्खेप र सम्मोहबाट उम्कन नसकिने हुन्छन् । यी अकुशल कै सीमा भित्रै तिनीहरू बाँच्छन् र मर्छन् । यसै नियमानुसार त्यस त्यस बलको ढाड भाचिएमा पटिपक्ख सीमानाबाट उम्कन नसके झैं अरू विषयमा पनि जान्नु ।

इद्धिपाद बल-- पाँच बल मध्ये वीर्य-बल र प्रज्ञा-बल इद्धिपाद पनि हुन् । यसकारण, यदि यी दुइ बल प्रबल र परस्पर सहयोगी भएमा अरू तीन बल कमजोर भएपनि विपश्यना-भावना प्राप्त गर्न सक्तैन भन्न सकिन्न । बुद्ध-कालीन समयमा श्रावस्तीका पाँच करोड, पाँच लाख घरका परिवारले सांसारिक दु:खबाट मुक्ति पाएका कुरा उदाहरण स्वरूप लिन सकिन्छ ।

अरिय वंस पटिपत्ति लोप-- इद्धिपाद, इन्द्रिय र बलका कार्यकुशलता थाहा नभएकाहरूलाई किन आफ्ना इच्छा कमजोर भएका र कुन पटिपक्खले आक्रमण गर्छन् भन्ने कुरा चाल पाउँदैनन् । कुन धर्मलाई स्थान दिनुपर्छ र कुन धर्मलाई कहिल्यै स्थान दिनु हुँदैन भन्ने कुरा तिनीहरूलाई ज्ञात हुँदैन । यस प्रकार आजकल अरियवंस धर्म विलीन हुने अवस्थामा छ ।

उपमा-- म एउटा उदाहरण दिउँला । गोरुमा 'उसभ' भन्ने एक प्रकारको जाति छ । यो गोरु अरू हजार वा दश हजार गोरुहरू भन्दा वढी मूल्यवान छ । यदि यसको लक्षण र विशेष चिह्न थाहा पाउन सकेमा र यसलाई राम्रोसंग पालन-पोषण गरिएमा, यसको अङ्ग र चिह्नहरू बढ्नेछ र यसको

बल र शक्तिको विकाश हुनेछ । अनि यसले सयौं गाई बाच्छा-लाई शेर र चितुबाहरूका आक्रमणबाट सुरक्षित राख्दछ । यस्तो गोरुको संरक्षणमा रहेका गाई-वस्तुलाई ठूल्-ठूला रोग र सरुवा-रोगले सताउँदैन । चारैतिर बार, पर्खाल लगाइएका घर चार दिशामा सात घरसम्म रहेका मानिसहरूलाई ठूल्-ठूला रोग महामारी लाग्दैन । **नन्दी-विसाल**[A] गोरुले झैं यसले पाँच सय गाडा एकैचोटी तान्न सक्छ ।

यस्तो गोरुको मालिक यी सबै चीजमा अनभिज्ञ रही, यसलाई राम्रोसंग पालन-पोषण गर्नु पर्ने नगरीकन साधारण गोरुलाई झैं यसलाई पालेर अरू गोरु सरह राखेर गोरु जोताउँछ र गाडा तान्न लगाउँछ भने यसको बिशेष चिह्न र अङ्ग-हरू बढ्न पाउँदैनन् र यसको बल र शक्ति सुषुप्तावस्थामा रहन्छन् । यसरी यो अरू साधारण गोरु झैं बाँचेर मर्छन् ।

मालिक हुनेले यसलाई चिनेर अरू गोरुबाट अलग गरी विशेष रूपल बनाइएको गोठमा राखेछ । उसले गोठको भूमिमा सफा बालुवा ओछ्याई दलिनमा चँडुबा लगाइदिएछ । गोठ गोबर र पिसाबबाट सफा राखेछ र त्यस गोरुलाई मानिसले खाने धान र दाल खुवाएछ । यसलाई नुवाई-धुवाई गरी सौन्दर्य-वर्द्धक मालिश लगाइदिएछ । यसो गरेमा यसको विशेष चिह्न र अङ्गहरू उन्नत हुनेछ र बल र शक्ति अतिशय रूपमा

A. **खुद्दक-निकाय, जातक पालि, एकक निपात, कुरुङ्ग-वग्ग, २८ नन्दी-विसाल जातक** (p. 7, 6th Syn. Edn).

बढ्नेछ।

उपमेय-- यस बुद्ध-शासनमा **नेय्य** पुद्गलहरू त्यस गोरुको मालिक समान हुन्। यी **नेय्य** पुद्गलका पाँच बल **'उसभ'** गोरु समान हुन्। अभिधर्म पिटकको **सतिपट्ठान-विभङ्ग, सम्मप्पधान-विभङ्ग, इद्धिपाद-विभङ्ग, इन्द्रिय-विभङ्ग, बोज्झङ्ग-विभङ्ग** र **मग्गङ्ग-विभङ्ग** सुत्त पिटकको **महासतिपट्ठान-सुत्त, सतिपट्ठान-संयुक्त, सम्मप्पधान-संयुक्त, इद्धिपाद-संयुक्त, इन्द्रिय-संयुक्त, बल-संयुक्त** र **बोज्झङ्ग-संयुक्त** **'उसभ'** गोरुको विशेष चिह्न, अङ्ग र लक्षणको बयान गरिएका सांसारिक व्याख्यात्मक ग्रन्थहरू समान हुन् जसमा यी गोरु-हरूलाई राम्रोसंग पालन-पोषण गरेमा बल र शक्ति प्राप्त गर्ने तरिका उल्लेख गरिएका हुन्छन्।

अज्ञातको कारण-- ती **नेय्य** पुद्गलहरू जो भावनाभ्यासद्वारा पाँच बल प्राप्त गर्नमा अनभिज्ञ रहन्छन् र जो बुद्ध-शासनमा दान, शील र परियत्ति धर्म अध्ययन गरेर संतुष्ट रहन्छन्, तिनीहरू राम्रोसंग पालन-पोषण गर्नमा अनभिज्ञ रहेका **'उसभ'** गोरुका मालिक समान हुन्।

लोक-कार्य-- यस संसारमा अनेक किसिमका उन्नति-वृद्धि गर्ने कार्य छन्। कुनै कार्य धनको शक्तिद्वारा सम्पन्न गर्न सकिन्छ र कुनै कार्य ज्ञान-वलबाट पूर्ण गर्न सकिन्छ। खेति-पातिको काम पूर्ण गर्न त अनेक प्रकारको शक्तिको आवश्यकता पर्दछ। पहिले धन-वल सञ्चित गरिन्छ अनि ज्ञान-बल। प्रार-

म्भिक शिक्षा र अध्ययन ज्ञान-बल सञ्चित गर्नेसंग सम्बन्धित् हुन्छ ।

यस्तै किसिमले बुद्ध-शासनमा शमथ, विपश्यना र आर्य मार्ग-फल र निर्वाण प्राप्तिको निमित्त पाँच बलको आवश्यकता पर्दछ । पहिले यी पाँच बल सञ्चित गरिसकेपछि मात्र माथि उल्लेखित अरू कार्य सम्पादन गर्न सकिन्छ । पाँच बल मध्ये एक बल पनि सम्पन्न नभएका व्यक्तिहरूमा यी शमथ, विप-श्यना, मार्ग-फल, निर्वाण प्राप्त गर्ने इच्छासम्म पनि उत्पन्न हुन सक्तैन । उक्त विषय यसै जीवनमा सम्पन्न गर्न सकिन्छ भन्ने कुरा उनीहरूलाई पत्यार लाग्दैन । तिनीहरूले वास्तै नगरिकन त्यसै बिर्सी दिन्छन् । यी कार्यहरू सम्पन्न गर्न सकिन्छ भनी किटेर दर्शाइए तापनि तिनीहरूले सुन्न चाहन्दैनन् । तिनीहरू बलले पूर्णन: असम्पन्न रहने हुनाले यस्तो प्रतिकूल विचार उत्पन्न हुन्छ भन्ने कुरा पनि तिनीहरूले आफ्ना संस्कार-लाई दोष दिन्छन् अथवा आफू द्विहेतुक भनी ठान्छन् र काल (समय) लाई दोष[1] दिन्छन् ।

जसरी भए पनि मानिसले आनापान, आदि स्मृति-प्रस्थान मध्ये कुनै एकमा भाविता गरेमा र त्यसपछि श्रद्धा, वीर्य र

I. कसैको विश्वास छ कि यस संसारमा आर्य मार्ग र फल प्राप्त गर्न सकिन्न र पारमी परिपक्व नभएसम्म अभ्यास-कार्यमा विलम्ब गर्दछन् । कोही व्यक्तिहरू ठान्दछन् कि आजकलका व्यक्तिहरू द्विहेतुक हुन् ; त्यसैले आजका मानिसले आर्य-मार्ग र फल प्राप्त गर्न सक्तैनन् ।

स्मृति – यी तीन वल प्रयोगमा ल्याएमा यी प्रतिकूल विचार निश्चय नै विलीन भई जानेछ। अनि अनिवार्य रूपले नयाँ कुशल विचार उत्पन्न हुन्छ। यसरी तिनीहरूले आफ्नो बलको विकाश गर्दछन्।

बल कसरी विकाश हुन्छ ?– यस्तो व्यक्तिले नाम र रूपमा विपश्यना ज्ञान प्राप्त गर्न नसके तापनि **पच्चयामिस तण्हा** र **लोकामिस तण्हा**लाई डवाएमा दुर्बल भएको श्रद्धाको विकाश हुन्छ। **कोसज्ज**लाई डवाएमा दुर्बल भएको वीर्यको विकास हुन्छ। **मुट्ठसच्च**लाई डवाएमा दुर्बल भएको स्मृतिको विकाश हुन्छ। **विक्खेप** र **सम्मोह**लाई डवाएमा दुर्बल भएको समाधि र प्रज्ञा-वल पनि शक्तिशाली हुन्छ। यी वलहरूको विकाश भए-पछि त्यस पुद्गलको मन परिवर्तन नभई रहन सक्तैन।

कुष्ट, गण्ड,I आदि पाँच ठूल्-ठूला रोगले सताइएका व्यक्तिलाई आफू वसेको स्थानवाट उठन नसकी कुनै कार्य गर्न इच्छा हुँदैन। तर ठीक औषधी र उपचार पाएमा त्यस ठूलो रोग विस्तारै निको हुन गएमा; उठ-वस गर्न सक्ने, आउन-जान सक्ने र काम गर्न सक्ने भएपछि ऊ आफ्नो उदा-सिनतावाट सचेत हुन थाल्छ। उसको मन परिवर्तन नभई रहन सक्तैन। अकुशल कर्म समूह–**तण्हा, कोसज्ज, मुट्ठसच्च,**

I. पाँच ठूला रोगहरू हुन्— (१) महारोग, (२) पिलो (BOIL) (३) टी. बी, (४) पक्षाघात (छारेरोग), (५) दाद (छालाको रोग = ECZEMA)।

विक्खेप र सम्मोह कुष्ट, गण्ड, आदि पाँच ठूला रोग समान हुन् । बुद्ध-शासनमा शमथ र विपश्यना भावना-कार्य लोकमा पुद्‌गलको कार्य समान हुन् । आनापान, आदि स्मृति-प्रस्थानको अभ्यास उचित औषधोपचार गर्नु झैं हुन् । यस्तै किसिमले बाँकी रहे-कालाई सजिलैसँग तुलना गर्न सकिन्छ ।

यसैले भगवान बुद्धले भन्नु हुन्छ–

"सद्धाबलं भावेति,
वीरियबलं भावेति,
सतिबलं भावेति,
समाधिबलं भावेति,
पञ्ञाबलं भावेति ।"[A]

यस संसारमा कालिगढको बल–सुई, छिनु, बञ्चरो, चक्कु, करौंटी, आदि असल हतियारहरूमा निर्भर गर्दछ । यस्तो साधनले संयुक्त भएमा मात्र उसले आफ्नो बल मन्दिर, घरहरू वनाउँनमा लगाउन सक्तछ । सिकर्मी, नकर्मी, सुनार, कलाकार, काष्टकार, आदि तिनीहरूको प्रत्येक कार्यमा आ-आफ्नो बल हुन्छ । तिनीहरूको वल राम्रो हतियार र साधनसंग सम्वन्धित् रहेको हुन्छ । यी साधनद्वारा मात्र तिनीहरूले आ-आफ्ना कार्य सम्पन्न गर्न सक्छन् ।

यस्तै किसिमले बुद्ध-शासनमा यसै जन्ममा नै मार्ग-ज्ञान

A. **सुत्तन्त-पिटक, संयुत्त-निकाय, महावग्ग संयुत्त पालि, ६. बल संयुत्त, गंगा पेय्याल-वग्ग, १–१२ बलादि-सुत्त** (p. 218, 6th syn. Edn.)

र फल-ज्ञान प्राप्तार्थ शमथ र विपश्यना भावना साधन समान भएको आनापान-सति, आदि कुनै एक स्मृति-प्रस्थान कार्यमा उद्योगाभ्यास गरी वृद्धि भएको भावना-वीर्य, भावना-स्मृति, भावना-समाधि र भावना-प्रज्ञा हुन् ।

यी पाँच बल **योगावचर**[I] का बल हुन् । यसैले बुद्ध-शासनमा शमथ र विपश्यना भावना सफल गर्नको निमित्त यी पाँच बलको वृद्धि गर्नु पर्दछ । यो हो, माथि उल्लेखित पद्यांशमा **'भावेति'** शब्दको अर्थ ।

पाँच बल समाप्त ।

I: योगावचर– शमथ वा विपश्यना अथवा दुबै अभ्यास गर्ने व्यक्ति ।

सप्तम परिच्छेद

सात सम्बोज्झङ्ग

"चतुसच्चधम्मे सुट्ठु बुज्झतीति सम्बोधि।
सम्बोधिया अङ्गे सम्बोज्झङ्गो।"

अर्थ– चार आर्य-सत्य यथार्थतः अवबोध गर्न सक्ने भएकोले सम्बोधि भनिन्छ। अर्को शब्दमा: मार्ग-ज्ञानसंग सम्बन्धित् भएकोले सम्बोज्झङ्गो भनिन्छ।

चराहरू पहिलो पटक आमाको पेटबाट फुलको रूपमा निस्कन्छन्। दोस्रो पटक तिनीहरू फुलबाट निस्कन्छन्। त्यस पछि तिनीहरू प्वाँख र पखेताले युक्त भई उड्न योग्य भइसकेपछि र जहाँ मन लाग्छ त्यहाँ जान सक्ने भइसकेपछि आफ्ना गुडबाट निस्कन्छन्। यस्तै किसिमले योगावचर व्यक्तिहरूमां कायगता-स्मृति अथवा शमथ भावनाको सफलता प्राप्त भइसकेपछि तिनोहरू अनन्त संसारसंग सम्वन्धित् मनको उन्माद र क्षुब्धतावाट प्रथम पटक निस्कछन्। विपश्यना-भावनाद्वारा नाम, रूप, स्कन्ध, आदिको ज्ञान प्राप्त भइसकेपछि दोस्रो पटक तिनीहरू स्थूल अविद्यावाट मुक्त हुन्छन्। सात सम्बोज्झङ्गको वृद्धि गरी परिपक्व अवस्थामा पुगिसकेपछि लोकोत्तर मार्ग ज्ञानको पखेताले पूर्ण सम्वोधि नामक मार्ग-ज्ञानमा पुगी लौकिक-भुवन वासी, लोकमा डुबेको भावबाट एक पटक मुक्त भई पृथकजन-भुवनवाट उडी जन्म-जन्मान्तर आशिका, प्रार्थना गरी

आएको आर्य-भूवन-वासी, लोकोत्तर-भूवन-वासी, निर्वाण-भूवन-वासी भावमा पुग्दछन् ।

बोज्झङ्ग सात प्रकारका छन् । ती हुन्—

(१) **सतिसम्बोज्झङ्ग** (स्मृति-सम्वोध्यङ्ग)
(२) **धम्मविचय सम्बोज्झङ्ग** (धर्मविचय-सम्वोध्यङ्ग),
(३) **वीरियसम्बोज्झङ्ग** (वीर्य- सम्वोध्यङ्ग),
(४) **पीति सम्बोज्झङ्ग** (प्रीति-सम्वोध्यङ्ग),
(५) **पस्सद्धि सम्बोज्झङ्ग** (प्रश्रब्धि-सम्वोध्यङ्ग),
(६) **समाधि सम्बोज्झङ्ग** (समाधि-सम्वोध्यङ्ग) र
(७) **उपेक्खा सम्बोज्झङ्ग** (उपेक्षा-सम्वोध्यङ्ग ।

(१) **सतिपट्ठान, सतिन्द्रिय, सतिबल, सम्मा सति मग्गङ्ग** नामक **सति** चेतसिकलाई **सतिसम्बोज्झङ्ग** भनिन्छ ।

(२) **विमंसिद्धिपाद, पञ्ञिन्द्रिय, पञ्ञाबल, सम्मादिट्ठि मग्गङ्ग** नामक **पञ्ञा** चेतसिकलाई **धम्मविचय सम्बोज्झङ्ग** भनिन्छ ।

अर्को शब्दमा: **दिट्ठि-विसुद्धि** शुरु भई पाँच **पञ्ञाविसुद्धि**, तीन **अनुपस्सना ञाण**, दस **विपस्सना ञाण**[1] **धम्मविचय सम्बोज्झङ्ग** हुन् । कपासको गाँठ (वीयाँ)लाई धुनीले काट्दा मसिनो कपास निस्के झैं पञ्चस्कन्ध र नाम-रूपलाई विपश्यना-ज्ञानले वारम्वार भावना गर्नुलाई **धम्मविचय सम्बोज्झङ्ग** भनिन्छ ।

---

1. कृपया पञ्चम परिच्छेदको पाद टिप्पणी हेर्नुहोस् । (पृष्ठ ९७, ९८)

(३) **सम्पप्पधान, वीरियिद्धिपाद, वीरियिन्द्रिय, वीरियबल** र **सम्मा वायाम मग्गङ्ग** नामक **वीरिय चेतसिक**लाई **वीरिय सम्बोज्झङ्ग** भनिन्छ ।

(४) **कायगता सति,** आदि **सतिपट्ठान** भावनाको वृद्धि पश्चात् दर्शन हुने र साक्षात्कार हुने तरिका देखा पर्दा आनन्द सुखको अनुभव हुने स्थितिलाई **पीति सम्बोज्झङ्ग** भनिन्छ ।

(५) मानसिक क्षुब्धता, चञ्चलता र कल्पना घट्दै जाँदा शरीर र मन दुवै शान्त र निस्तब्ध हुन्छ । त्यस स्थितिलाई **पस्सद्धि सम्बोज्झङ्ग** भनिन्छ । यो चेतसिकको **काय-पस्सद्धि** र **चित्त पस्सद्धि** हो ।

(६) समाधि धर्म हुन्; **समाधिन्द्रिय, समाधिबल** र **समाधि-मग्गङ्ग**— यसैलाई **समाधि-सम्बोज्झङ्ग** भनिन्छ । अर्को शब्दमा: शमथ विषयमा चित्त-विशुद्धिसंग सम्वन्धित् **परिकम्म समाधि, उपचार समाधि** र **पञ्ञा-विशुद्धि**संग सम्बन्धित् **सुञ्ञत समाधि, अनिमित्त समाधि, अप्पणिहित समाधि**लाई **समाधि सम्बोज्झङ्ग** भनिन्छ । **विपस्सना ञाण**संग सम्बन्धित् **समाधि मग्ग-ञाण** र **फल-ञाण**संग सम्वन्धित् समाधिलाई **सुञ्ञत समाधि, अनिमित्त समाधि** र **अप्पणिहित समाधि** भनिन्छ ।

(७) कर्मस्थान भावना गर्दा भावना गर्ने तरिका क्रमबद्ध नभएसम्म अनेक व्यवस्थाको जरूरत पर्दछ । तर भावनाको तरिका क्रमवद्ध भइसकेपछि यी व्यवस्थामा ध्यान दिने क्रिया-

बाट मुक्त हुने अवस्थालाई **तत्रमज्झत्तता चेतसिक** भनिन्छ । यही **उपेक्खा सम्बोज्झङ्ग** हो ।

चार द्वीपका मालिक, सप्त रत्नले संयुक्त भएका चक्रवर्ती राजाले संसारमा अतुलनीय र अद्वितीय सुख सुविधा अनुभव गरे झैं यी सात सम्वोधि गुणाङ्ग समभावले विभूषित भएको योगावचरले यस शासनमा सांसारिक कुनै सुखसंग तुलना गर्न नसकिने अतुलनीय र अद्वितीय श्रमण-सुख आनन्द अनुभव गर्दछ ।

धम्मपदमा यसरी भनिएको छ–

"सुञ्ञागारे पविट्ठस्स सन्तचित्तस्स भिक्खुनो,
अमानुसी रति होति सम्मा धम्मं विपस्सतो ।"

–(गाथा ३७३)

अर्थ– सुनसान भएको कर्मस्थान विहारमा प्रवेश गरी राम्रोसंग नाम-रूप धर्मलाई विशेष रूपले समर्शन (देखी) गरी शान्त-चित्त भएको योगी-भिक्षुलाई चार द्वीपको अधिपति भएको सम्राटको सुख-आनन्द भन्दा श्रेष्ट सुख-आनन्द अनुभव हुन्छ ।

"यतो यतो सम्मसति खन्धानं उदयब्बयं,
लब्भति पीतिपामोज्जं अमतं तं विजानतं ।"

–(गाथा ३७४)

I. Please see the Light of the Dhamma (Vol. VII, No. 1. p. 28).

अर्थ– जुन जुन शरीरको अङ्गमा नाम-रूप स्कन्धको उत्पत्ति र विनाश समर्शन गर्दछ त्यस अमृत सुख रासीलाई जान्न सक्ने योगी पुद्गललाई समर्शन गरेको क्षण क्षणमा प्रीति प्रमोद प्राप्त हुन्छ ।

राजा, देव र इन्द्रले जुन लौकिक सुख अनुभव गर्दछन् त्यस सुख सात सम्बोधि अङ्ग पूर्ण गरी विपश्यना भावना गर्ने योगावचर पुद्गलले अनुभव गर्ने सुख आनन्द भन्दा २५६ भागको एक भाग बराबर पनि हुँदैन । यसकारण भगवान बुद्धले भन्नु हुन्छ—

"सब्बरसं धम्मरसो जिनाति"[A]

अर्थात् सबै रसलाई धर्म-रसले जित्छ ।

यी सात सम्बोधि अङ्गको पाठ गरेको सुनेर बस्दा पनि ठूल-ठूला रोग, व्यथा निको भएका कथाहरू छन् ।[B] तर श्रद्धाले विभोर भई सतर्क भई अर्थ लगाएर सुन्न सकेमा मात्र ठूल-ठूला रोग, व्यथा निको हुन सक्छन् ।

यी सात सम्बोधि अङ्ग समान रूपले प्राप्त गर्न सकेमा योगावचर पुद्गललाई कायगता-स्मृतिमा कुनै अभाव नभई

A. धम्मपद, गाथा ३५४

B. Please see the Light of the Dhamma, (Vol. VII. No. 1 page 9).

संयुक्त निकाय, बोज्झङ्ग संयुक्त (p. 12, 6th syn. Edn.)

उसको चित्त शान्त हुन्छ। अनित्य र अनात्म देख्नलाई कुनै अभाव नभई चित्त शान्त हुन्छ। कायिक वीर्य र चेतसिक वीर्यमा पनि चित्त शान्त हुन्छ। यी तीन स्थानमा चित्त शान्त भएको कारणले **अनमत्तग्ग** संसारमा सपनामा पनि नदेखेको निर्वाणको आलोक 'मैले निश्चय पनि देख्ने भयो' भनी प्रशन्न हुन्छ। चेतसिकको दाह हुने अवस्थाबाट ऊ मुक्त भई शान्त हुन्छ। यसरी चित्त अत्यन्त प्रमुदित भएर आउँछ, चित्त चेतसिक शान्त भएर आउँछ र कर्मस्थान आलम्बनमा अति एकाग्र भएर आउँछ। स्मृतिको लागि ध्यान दिनु पर्ने, अनित्य अनात्मलाई देख्न ध्यान दिनु पर्ने, वीर्यको लागि ध्यान दिनु पर्ने अवस्थाबाट मुक्त भएको उपेक्षा धर्म पनि उत्पन्न हुन्छ।

माथि उल्लेखित सबै सम्वोध्यङ्ग ठीकसंग मिल्दा सम्वोधिकृत्य विशेष प्रकट भएकोलाई उद्देश्य गरी भनेको हो। साधारण **सम्बोज्झङ्ग**को सम्वन्धमा कायगता स्मृति अभ्यास गरेको क्षणदेखि स्मृति, आदि धर्म समूह **सम्बोज्झङ्ग** नाम हुन आउँछ।

भगवान बुद्ध भन्नुहुन्छ– सात **सम्बोज्झङ्ग**को भाविता गर्दा: **"सतिसम्बोज्झङ्गं भावेति, विवेक निस्सितं, विराग निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं; धम्मविचय सम्बोज्झङ्गं भावेति, विवेक निस्सितं, विराग निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं; वीरिय सम्बोज्झङ्गं भावेति, विवेक निस्सितं; विराग निस्सितं, निरोध निस्सितं वोस्सग्गपरिणामिं; पीति सम्बोज्झङ्गं भावेति, विवेक निस्सितं, विराग निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं; परसद्धिसम्बोज्झङ्गं भावेति, विवेक निस्सितं, विराग निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं;**

समाधिसम्बोज्झङ्गं भावेति, विवेक निस्सितं, विराग निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं; उपेक्खासम्बोज्झङ्गं भावेति, विवेक निस्सितं विराग निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं"[A] अर्थात् आनापान आदि कायगता स्मृति भावनाको स्थापना आदिलाई पनि सामान्य रूपले सात सम्बोज्झङ्गको भाविता गरेको हुन आउँछ । बोज्झङ्गको विशेष रूपले अलग्ग अलग्ग भाविता गर्न-को निमित्त बोज्झङ्ग विभङ्ग[B] का अर्थकथाहरू हेर्नुहोस् ।

'विवेकनिस्सितं'– सम्पूर्ण संस्कार पलिबोध शान्त भएकोलाई आधार गरेको, 'विराग निस्सितं'– राग शान्त भएकोलाई आधार गरेको, 'निरोध निस्सितं'– सम्पूर्ण वट्ट दुःख निरोध भई शान्त भएकोलाई आधार गरेको, 'ओस्सग्गपरिणामिं'– चार उपधि[I] लाई त्याग गरी शान्त भएकोलाई आधार गरेको, 'सति सम्बोज्झङ्गले स्मृतिलाई भाविता गर्दछ ।

A. अभिधम्म पिटक, विभङ्ग पालि, १०. बोज्झङ्गविभङ्ग (p. 234, 6th syn. Edn.).

B सम्मोहविनोदनी अट्ठकथा 1 सुत्तन्त भाजनीय वण्णना (p. 296, 6th syn. Edn.).

I. उपधि चार प्रकारका छन् । ती हुन्—

(क) कामुपधि = पञ्चकाम गुणमा आशक्ती,

(ख) किलेसुपधि = क्लेशमा आशक्ती,

(ग) अभिसङ्खारुपधि = अभिसंरकारमा आशक्ती र

(घ) खन्धुपधि = पाँच उपादान स्कन्धमा आशक्ती ।

'भव सम्पत्ति[II] र भोग सम्पत्ति'[III] मा कुनै प्रकारको झुकाउ नहुनु, यसै जीवनमा सत्काय-दृष्टि, अनुसय-भूमि सम्पूर्ण रूपले निरोध हुनेमा झुकाउ भई केवल **'विवट्टनिस्सितं'** हुनेलाई **'विवेक निस्सितं', विरागनिस्सितं, निरोध निस्सितं'** भनेको हो । **बोज्झङ्ग,** **सम्बोज्झङ्ग** र समाधि अङ्गका अर्थ पनि यस्तै हुन् ।

सात सम्बोज्झङ्ग समाप्त ।

II. भवसम्पत्ति = स्वर्गलोकमा उत्पन्न हुने तृष्णा ।
III. भोग सम्पत्ति = धनको तृष्णा ।

अष्ठम परिच्छेद

आठ मग्गङ्ग

मग्गङ्गको परिचय हो —

"किलेसे मारेन्तो निब्बानं गच्छति एतेनाति मग्गो ।"*

अर्थ– यी धर्मले सत्काय-दृष्टि, आदि क्लेशलाई हटाई अप्राय दु:ख र वट्ट दु:ख अन्त गरी निर्वाणसम्म पुऱ्याइदिनमा समर्थ भएकोले **मग्ग** (मार्ग) भनिन्छ ।

मार्ग आठ प्रकारका छन् । जस्तै—

(१) **सम्मा-दिट्ठि**— सम्यक्-दृष्टि,
(२) **सम्मा-संकप्प**— सम्यक्-संकल्प,
(३) **सम्मा-वाचा**— सम्यक्-वचन,
(४) **सम्मा-कम्मन्त**— सम्यक्-कर्मान्त्,
(५) **सम्मा-आजीव**— सम्यक्-आजीविका,
(६) **सम्मा-वायाम**— सम्यक् व्यायाम,
(७) **सम्मा-सति**— सम्यक्-स्मृति र
(८) **सम्मा-समाधि**— सम्यक्-समाधि ।

यी आठै मार्ग लोकोत्तर ज्ञान दर्शन विशुद्धिमा समावेश

---

* "किलेसे मारेन्ता निब्बाणं गच्छन्ति एतेनाति मग्गो" । (अंग्रेजी)

भएका छन् । पहिलो लौकिक विशुद्धिको शील-विशुद्धिमा सम्यक्-वचन, सम्यक्-कर्मान्त् र सम्यक्-आजीविका मात्र समावेश भएका हुन्छन् । यी मार्गाङ्ग (सम्यक्-वचन, सम्यक्-कर्मान्त् र सम्यक्-आजीविका) चित्त-विशुद्धि, आदिमा समावेश हुँदैनन् ।

यसकारण वोधिपक्षीय-धर्ममा शील विशुद्धिको अर्थ हो– **'विवेक निस्सितं र विराग निस्सितं'**; जस अनुसार–

"सम्मावाचं भावेति, विवेक निस्सितं, विराग निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं ।

सम्माकम्मन्तं भावेति, विवेक निस्सितं, विराग निस्सितं, निरोध निस्सितं, वोसग्गपरिणामिं ।

सम्मा-आजीवं भावेति, विवेक निस्सितं, विराग निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं ।"A

यहाँ **भव-सम्पत्तिमा** झुकाउ भएको **वट्ट निस्सित** शीललाई लिँदैन । यसै जीवनमा आर्य-मार्ग र फल प्राप्त गर्न सकिने शील-विशुद्धिलाई जानाजानी पालन गर्न छोड्नेहरूलाई **आदि-ब्रह्मचरियक** शील[I] को विशुद्धता हुँदैन, त्यसकारण यसमा वोधिपक्षीय श्रेणीका विशुद्धता पनि हुँदैन । अर्को भवमा निर्वाण

A. **सम्मोहविनोदनी अट्ठकथा, १ सुत्तन्त-भाजनीय वण्णना,** (p. 305, 6th syn. Edn.).

I. **नैतिक जीवनको आधारभूत अथवा सिद्धान्त अनुरूपको शीलाचरण भएको ।**

प्राप्त गर्ने लक्ष्य लिई शील पालन गरिएमा त्यो पारमी शील हुन जान्छ जुन **विवट्ट-निस्सित-सील**का एक अंश हुन् ।

सम्यक्-वचन, सम्यक्-कर्मान्त र सम्यक्-आजीविका मार्गाङ्ग केवल शीलका अङ्ग भएकोले शुद्ध शील-विशुद्धिमा पर्दछ । यी नै लाई तीन **विरति-चेतसिक**[I] पनि भनिन्छ ।

सम्यक्-संकल्प वितर्क चेतसिक हो । यसैले यो प्रज्ञाको अग्रदूत हो । यो प्रज्ञाको श्रेणीमा पर्दछ । तीन प्रकारका संकल्प छन् । ती हुन्– नैष्क्रम्य संकल्प, अव्यापाद संकल्प र अविहिंसा संकल्प । जसरी कोही व्यक्तिलाई कारावासमा राख्दा वा त्यसलाई शत्रुपक्षले सेनाद्वारा घेरा हाल्दा वा त्यसलाई जङ्गलको आगोले घेरिंदा अथवा पोखरीमा माछालाई जालमा पार्दा अथवा चरालाई पिंजरामा थुन्दा त्यस व्यक्ति वा त्यस प्राणीले नखाइकन, नसुतिकन केवल यही चिन्तामा मात्र डुब्दछ कि 'यस बन्धनबाट कसरी मुक्त होउँ', त्यस्तै किसिमले सम्यक्-प्रधान वीर्य भएका व्यक्तिहरूले आफ्ना सन्तानमा निरन्तर भई आएको पुराना उत्पन्न अकुशल कर्म र नयाँ अनभ्न अनुत्पन्न अकुशल कर्मको बन्धनबाट मुक्त हुने उपाय र कोशिश गर्दछन् । त्यसैलाई नैष्क्रम्य-संकल्प मार्गाङ्ग भनिन्छ । यसै जीवनमा वट्ट-दुःख (भव-चक्र)बाट मुक्त हुने उपाय सोच्ने– यो एक प्रकारको संकल्प हो ।

I. तीन विरत्ति चेतसिकहरू हुन्— सम्यक्-वचन, सम्यक्-कर्मान्त् र सम्यक्-आजीविका ।

मेत्ता-झान (मैत्री-भावना)संग सम्बन्धित् संकल्पलाई अव्यापाद-संकल्प भनिन्छ। **करुणा-झान** (करुणा-भावना)संग सम्बन्धित् संकल्पलाई अविहिंसा-संकल्प भनिन्छ। बाँकी रहेको सबै ध्यान-मार्गसंग सम्बन्धित् संकल्पलाई **नेक्खम-संकप्प** (नैष्क्रम्य-संकल्प) भनिन्छ। यसरी प्रकट भएको स्थान विशेषलाई जान्नु पर्दछ।

सम्यक्-दृष्टि, सम्यक्-व्यायाम, सम्यक्-स्मृति, र सम्यक्-समाधि यी चार मार्गङ्गका स्वरूप माथि बोज्झङ्गमा उल्लेख भइसकेको छ।

सम्यक्-दृष्टि र सम्यक्-संकल्प **पञ्ञा-क्खन्ध** (प्रज्ञा-स्कन्ध) हुन्। यी दुइ मार्ग प्रज्ञा स्कन्धमा पर्दछन्। स्कन्धको अर्थ हो–भाग वा समूह। सम्यक्-वचन, सम्यक्-कर्मान्त् र सम्यक्-आजीविकालाई शील-स्कन्ध भनिन्छ। यी शील-स्कन्धमा पर्दछन्। सम्यक्-व्यायाम, सम्यक्-स्मृति र सम्यक्-समाधि समाधि-स्कन्ध हुन्। यी समाधि-स्कन्धमा पर्दछन्।

सीलक्खन्धमग्गङ्ग–– यसै जन्ममा **दिट्ठि-अनुसयभूमि**लाई नष्ट गर्ने हेतुले पालन गरिएमा **आजीवट्ठमक** शील लौकिक शील-स्कन्ध मार्गङ्ग हुन आउँछ। यो शील-विशुद्धि हो।

दुइ प्रकारका **आजीवट्ठमक** शील छन्– गृहस्थको **आजीवट्ठमक** शील र भिक्षुको **आजीवट्ठमक** शील। ती मध्ये तीन **काय-दुच्चरित्त** र चार **वची दुच्चरित्त**[A]बाट विरत रहनु गृहस्थहरूको

A. (Please see the Light of the Dhamma, Vol. VII, No. 2. p. 10.)

आजीवट्ठमक शील हुन् । **अट्ठङ्ग उपोसथ** शील र **दसङ्ग** शील **आजीवट्ठमक** शीललाई पालिश लगाउनु झैं हुन् ।

विनय पिटकमा उल्लेखित २२७ शिक्षाको पालन भिक्षुका निमित्त **आजीवट्ठमक** शील भित्र पर्दछन् । **अट्ठकथामा** वर्णन गरिए अनुसार यी २२७ शिक्षापद **काय-कम्म** र **वची-कम्म** दुइमा समावेश भएको हुन्छ । विनय पिटकमा उल्लेखित अरू बाँकी रहेका शील-स्कन्धले भिक्षु **आजीवट्ठमक** शीललाई पालिश लगाउँदछ ।

जमिनमा रूख बढे झैं चित्त-विशुद्धि, आदि ६ प्रकारका विशुद्धि शील-विशुद्धिको आधारमा बढ्छन् । शील-विशुद्धि चित्तविशुद्धि, आदि बीचका पाँच विशुद्धिसंग आफू नमिसिकन पहिले झैं शुद्ध भई रहेको हुन्छ । लोकोत्तर ज्ञान-दर्शन विशुद्धि शील-स्कन्ध मार्गङ्गको तीन अङ्गको (सम्यक्-वचन, सम्यक्-कर्मान्त्, सम्यक्-आजीविका) रूपमा मिल्दछ । बीचका पाँच विशुद्धि किन नमिलेको भने आलम्वन समान नभएको कारणले हो । लोकोत्तर-विशुद्धि आलम्वन समान भएकोले सहजात रूपले मिलेर काम गर्दछ ।

सीलक्खन्ध मग्गङ्ग समाप्त ।

समाधिक्खन्ध मग्गङ्ग--**समाधिक्खन्ध मग्गङ्ग** अनुसार भावनाको तरिका दुइ प्रकारका छन्– **सुद्ध विपस्सना यानिक** (शुद्ध विपश्यना भावना मात्र गर्ने) र **समथ विपस्सना यानिक** (शमथ र विपश्यना दुबै भावना गर्ने) । शील-विशुद्धि पूर्ण भइसकेपछि

कायगता-स्मृतिको अभ्यासद्वारा शमथ भावनामा नलागिकन दृष्टि-विशुद्धि, आदि शुद्ध-विपश्यना भावना गर्ने तरिकालाई शुद्ध विपश्यना-यानिक भनिन्छ । कायगता-स्मृति स्थापना गरिसकेपछि ध्यान समापत्ति, आदि शमथ मार्गमा आरूढ भई प्रथम-ध्यान समोपत्ति, दुतीय ध्यान-समापत्ति, तृतीय ध्यान-समापत्ति, चतुर्थ ध्यान-समापत्ति, पञ्चम ध्यान-समापत्ति, **आकासानञ्चायतन, विञ्ञाणञ्चायतन, आकिञ्चञ्ञायतन, नेवसञ्ञा-नासञ्ञायतन**-ध्यान-समापत्ति प्राप्त भइसकेपछि दृष्टि-विशुद्धि, आदिवाट विपश्यना मार्गमा आरूढ भई कोशिश गर्ने तरिका-लाई शमथ-विपश्यना-यानिक मार्ग भनिन्छ ।

यी दुइ तरिका मध्ये (१) शुद्ध-विपश्यना-यानिकमा यी समाधि-स्कन्ध मार्गङ्ग तीन– **सुञ्ञत-समाधि, अनिमित्त-समाधि** र **अप्पणिहित-समाधि** द्वारा शमथ कृत्य र चित्त-विशुद्धि कृत्य पूर्ण गर्दछ ।

(२) शमथ-विपश्यना-यानिकमा तोन प्रकारका समाधि- **परिकम्म-समाधि, उपचार-समाधि** र **अप्पना-समाधि** द्वारा विपश्य-नाको क्षेत्रमा पुग्ने बेलामा **सुञ्ञत-समाधि, अनिमित्त-समाधि** र **अप्पणिहित-समाधि**– तीन समाधिको नामले शमथ कृत्य र चित्त-विशुद्धि कृत्य परिपूर्ण गर्दछ ।

उपर्युक्त शील-विशुद्धि र कायगता-स्मृतिको अनुगमन गर्दा **खणिक** (क्षणिक) **समाधि**कृत्य-पूर्ण हुन्छ ।

समाधिक्खन्ध मग्गङ्ग समाप्त

पञ्ञाक्खन्ध मग्गङ्ग—**पञ्ञाक्खन्ध मग्गङ्ग** दुइमा शील-विशुद्धि र कायगता-स्मृति देखि शुद्ध-विपश्यना यानिक मार्ग र शमथ विपश्यना यानिक मार्गको दुबै तरिकामा योग्यतानुसार प्रज्ञा कृत्य पूर्ण गर्दछ। यी कथन दुवै **लौकिय मग्गङ्ग** र **लोकुत्तर मग्गङ्ग** संग सम्वन्धित् छन्।

अव म **लोकुत्तर मग्गङ्ग**मा स्रोतापत्ति मार्गङ्गको तरिका दर्शाउँछु। बुद्ध-शासनमा प्राप्त भई गएका आर्यहरू मध्ये सबभन्दा तल्लो तहका जसलाई **वट्टाभिरत** (वों-सी-साँ = Bon-Sin-San) अर्थात् **सुक्खविपस्सक सोतापन्न** भनिन्छ, त्यसलाई चिनाउने कार्य यस पुस्तकले लक्ष लिइएको कुरो याद राख्नु पर्दछ। वर्तमान कालमा विशाखा, अनाथ-पिण्डिक, देवराज शक्र, चूलरथ देव[A], महारथ देव[B], अनेक वर्ण देव[C], चार चतुरमहाराजिक देव राजाहरू[D] सूर्य चन्द्रका आरक्ष देवाताहरू[E], आदि **वट्टाभिरत** स्रोनापन्न आर्यहरू चतुरमहाराजिक देवलोकमा असंख्य छन्, तावर्तिस देवलोकमा पनि असंख्य छन् र अरू उच्च देवलोकहरूमा पनि असंख्य छन्। ती पुद्गलहरूले

A. **विमान वत्थु** (p. 87, 6th syn. Edn.)

B. **विमान वत्थु** (P. 90, 6th syn. Edn.).

C. **विमान वत्थु**, (P. 112, 6th syn. Edn.).

D. **दीघ निकाय, महावग्ग, महागोविन्द सुत्त**, (p. 178, 6th syn. Edn.).

E. **सूर्य-चन्द्रका आरक्ष देवता, संयुक्त निकाय, सगाथ-वग्ग संयुक्त** (p. 43, 6th syn. Edn.).

काम-लोकमा बढीमा सात पटक मात्र प्रतिसन्धि लिन्छन्, प्रत्येकले छ (चतुर्थ ध्यान ब्रह्मलोक) मध्ये एक जन्म चतुर्थ ध्यान लोक अथवा **वेहप्फल ब्रह्म-लोक**मा लिन्छ ।(?)प्रथम, दुतीय र तृतीय ध्यान ब्रह्मलोकमा जन्म लिने संख्या अनिश्चित छ ।

तिनीहरूलाई स्रोतापन्न किन भनिएका हुन् ? हिमालय मुहान भएका पाँच ठूला नदीहरू र पाँचसय सान-साना नदीहरू माथितिर नवगिकन केवल तलतिर बग्दै महासागरमा मिल्दछन् । यसैले ती स्रोत भनिएका हुन् । त्यस्तै किसिमले आर्यहरू पृथक्जनहरूको अवस्थामा फर्कन्दैनन् बरू **अनुपादिसेस निब्बान** प्राप्त नभएसम्म अगाडि बढ्दै जान्छन् । पृथक्जनहरूमा उचस्थ ब्रह्मलोक (**भवग्ग**) सम्म उत्पन्न हुन सक्ने क्षमता भएता पनि अवीचि नरकसम्म खस्न सक्ने उत्तरदायित्व पनि रहेको हुन्छ; तर आर्यहरू अपाय-लोकमा उत्पन्न हुँदैनन् र पतन हुँदैनन् बरू तिनीहरूमा लगातार उच्चलोकमा उत्पन्न हुने प्रवृति रहेको हुन्छ । पृथक्जनहरूमा रूप र अरूप-लोकमा **तिहेतुक** ब्रह्मा हुन सक्ने क्षमता भएता पनि तिनीहरू कुकुर, सुंगुर, आदि अहेतुक-दुर्गति प्राणीमा जन्मने उत्तरदायित्व पनि रहेको हुन्छ; जहाँ आर्यहरू पृथक्जनहरूको अवस्थामा फर्कनुको बदलामा प्रत्येक जन्म आर्यहरूको उच्च स्थितिमा उक्लंदै जान्छन् ।

यसरी, आर्यहरू जुन लोकमा जन्मे पनि अथवा जुन अवस्था प्राप्त गरे पनि तिनीहरूले प्रत्यागमन गर्नुको सत्तामा एक लोकवाट अर्को लोकमा, एक अवस्थाबाट अर्को अवस्थामा

झन झन माथि उक्लन्दै अनेक जन्म र अनेक कल्प नवितुन्जेल सम्ममा उच्चस्थ लोक र उच्चस्थ-अवस्था प्राप्त गरी त्यहीं स्कन्ध नामक पाँच महाभूतलाई परित्याग गरी **अनुपादिसेस-निब्बान** प्राप्त गर्दछन् । यस एक मात्र मार्गको आरोहण गरी पार लाग्ने तरिकालाई **धम्म सोत** (धर्म स्रोत) भनिन्छ । धर्म-स्रोतमा सम्यक्-दृष्टि स्रोत, सम्यक्-संकल्प स्रोत, सम्यक्-वचन स्रोत, सम्यक्-कर्मान्त् स्रोत, सम्यक्-आजीविका स्रोत, सम्यक्-व्यायाम स्रोत, सम्यक्-स्मृति स्रोत र सम्यक्-समाधि स्रोत समावेश छन् ।

सम्यक्-दृष्टि स्रोत–– सत्काय-दृष्टिको अनुसय भूमि विनाश भएपछि त्यसको स्थानमा चार आर्य-सत्यको आभास (ज्योति) साक्षात्कार गर्न सक्ने सम्यक्-दृष्टि-भूमि रहन्छ ।

रातभरी अन्धकार भइरहेको ठाउँमा सूर्य उडाउँदा आलोक प्रकाशित भए झैं सम्यक्-दृष्टि रूपी आलोक-भूमि **अनुपादिसेस निब्बान** प्राप्त नभएसम्म अनेक जन्म र एक पछि अर्को कल्पसम्म स्थिर रहन्छ । सम्यक्-दृष्टि रूपी महान ज्योतिपुन्ज **अनुपादि-सेस निब्बान** प्राप्त नभएसम्म अनेक जन्म र अनेक कल्पसम्म एक भवबाट अर्को भवमा प्रकाश झन झन बढ्दै गई स्थिर रूपले प्रतिस्थापित हुन्छ ।

लोकमा आमाको पेटबाट जन्मन्दैमा दुबै आँखा आँखाको जालोले ढाकिएर आलोक कहिल्यैं नदेखेकोलाई **विज्जामय** (असल औषधी) औषधी लगाई दिएमा त्यस जालो हट्न गई आँखाले

देख्ने मानिस जस्तै हुन्छ। आँखाको जालो हट्ने वित्तिकै पृथ्वीका दृश्य, पर्वत्, आकाश, सूर्य, चन्द्र, ताराहरू, आदि उसको निमित्त प्रष्ट हुन्छ र त्यसपछि उसको जीवनभर देखी नै रहन्छ।

यस्तै किसिमले स्रोतापन्न आर्यलाई प्रत्येक जन्ममा तीन लक्षण (ति-लक्खण) र चार आर्य-सत्य प्रकाश हुन्छ। माथि उल्लेखित उदाहरण कैं यदि उसले देख्न चाहेमा आकाश, चन्द्र, सूर्य जसरी स्पष्ट देख्दछ त्यस्तै तीन लक्षण र चार आर्य-सत्य देख्दछ।

यसरी सम्यक्-दृष्टि स्रोतको स्थापना हुन्छ।

"सम्मा दिट्ठिस्स सम्मा संकप्प पहोति।"A

अर्थ– सम्यक्-दृष्टि स्थापना भयो भने सम्यक्-संकल्पको वृद्धि हुन्छ।

मग्ग-संयुत्त पालि अनुसार आर्य-पुद्गलको वट्ट दुःखबाट मुक्त हुने संकल्प, प्राणीहरूलाई विनाश नगर्ने संकल्प, प्राणीहरूलाई दुःख पीडा नदिने संकल्प नामक सम्यक्-संकल्पको साथै यसले **अनुपादिसेस-निब्बान** प्राप्त नभएसम्म एक जन्मबाट अर्को जन्ममा उत्तरोत्तर वृद्धि गर्दै लैजान्छ।

A. संयुक्त निकाय, महावग्ग संयुक्त पालि, १. मग्ग संयुक्त, १. अविज्जा वग्ग, १. अविज्जा सुत्त (p. 2. 6th syn. Edn.)

यसरी सम्यक्-संकल्प स्रोत्तको स्थापना हुन्छ । अर्थकथामा भनिएको छ– **सम्मादिट्ठिस्स**= सम्यक्-दृष्टि ज्ञान स्थापना गर्ने आर्य पुद्गललाई **'सम्मा-संकप्प'**= उत्तम विचार **'पहोति'**= वृद्धि हुन्छ ।

"सम्मा संकप्पस्स सम्मा वाचा पहोति ।"

सांसारिक क्लेशबाट मुक्त हुने संकल्प र अरूहरूको सुख र सुविधा हेर्ने संकल्प सँधैं स्थापना भएमा **वची दुच्चरितबाट** अलग्ग भएका वचन सँधैं स्थापना भई वृद्धि हुन्छ ।

यसरी सम्यक्-वचनको स्थापना हुन्छ ।

"सम्मा वाचस्स सम्मा कम्मन्तो पहोति ।"

वची दुच्चरित्तबाट अलग्ग रहेको वचन स्थापना भएमा **काय दुच्चरित्तबाट** अलग्ग रहेका प्रसन्न भएको काय-कर्म सदाको लागि देखा पर्दछ र यसको वृद्धि हुँदै जान्छ ।

यसरी सम्यक्-कर्मान्त् स्रोतको स्थापना हुन्छ ।

"सम्मा कम्मन्तस्स सम्मा आजीवो पहोति ।"

दृष्टि, संकल्प, काय-कर्म र वची-कर्म शुद्ध भएपछि आजीविका पनि सदाको लागि शुद्ध हुन्छ र त्यस व्यक्ति नीच र हीन आजीविकाबाट सदाको लागि मुक्त हुन्छ ।

यसरी सम्यक्-आजीविका स्रोतको स्थापना हुन्छ ।

"सम्मा आजीवस्स सम्मा वायामो पहोति ।"

दृष्टि, संकल्प, काय-कर्म, वची-कर्म र आजीविका परि-शुद्ध भएमा **दुच्चरित्त**[I] र **दुराजीव**[II]बाट परिशुद्ध भएको वीर्य सदाको लागि स्थापना हुन्छ ।

यसरी सम्यक्-व्यायाम स्रोतको स्थापना हुन्छ ।

"सम्मा वायामस्स सम्मा सति पहोति ।"

यसरी शील, समाधि र प्रज्ञामा स्थिर भएको सम्यक्-स्मृति **मग्गङ्ग** एक भववाट अर्को भवमा प्रतिस्थापित हुँदै जान्छ ।

यसरी सम्यक्-स्मृति स्रोतको स्थापना हुन्छ ।

"सम्मा सतिस्स सम्मा समाधि पहोति ।"

शील, समाधि र प्रज्ञामा स्थिर भएको चित्तलाई आफ्नो वशमा राख्ने सम्यक्-समाधि **मग्गङ्ग** सदाको लागि वृद्धि हुन्छ ।

यसरी सम्यक्-समाधि स्रोतको स्थापना हुन्छ

यसरी स्रोतापन्न अवस्था प्राप्त गरेको क्षणदेखि **अनुपादिसेस निब्बान** प्राप्त नभएसम्म त्यस सत्वले अनेक जन्म र अनेक कल्पमा आठ **मग्गङ्ग** नामक **धम्मसोत** प्रतिस्थापना गरी वृद्धि गर्दै लैजान्छ ।

कायगता-स्मृति स्थापना गरेको क्षणदेखि माथि दर्शाइए अनुसार वृद्धि हुँदै जाने भए तापनि नियामको अवस्थामा नपुगे-

---

I. मिथ्या-कर्म ।

II. मिथ्या जीविका ।

सम्म त्यस सत्वलाई **अरियसोत** भनिन्दैन । स्रोतापत्ति मार्ग आर्यस्रोतदेखि आरम्भ हुन्छ । सत्वहरू स्रोतापत्ति मार्गमा पुग्ने वित्तिकै आर्य-स्रोतको क्षेत्रमा प्रवेश गर्दछन् ।

यसकारण भनिएको छ–

"सोतं आदितोपज्जित्सु पापुर्निस्सुति सोतापन्न ।"

अर्थ– सर्व प्रथम आर्य स्रोतमा पुगेकालाई स्रोतापन्न भनिन्छ ।

"स्रोतापन्न किन भनिएका हुन् ?" भन्ने प्रश्नको उत्तर समाप्त ।

सत्व आर्यहरूको अवस्थामा पुग्ने वित्तिकै पृथक्जनको अवस्थावाट अतिक्रमण गर्दछ । उनीहरू लौकिक भूमि निवासीमा गनिन्दैनन्; लोकोत्तर भूमि निवासीमा गनिन्छन् । उनीहरू **वट्ट-दुक्ख** संग सम्बन्धित् प्राणीमा गनिन्दैनन्; निर्वाण भूमि निवासीमा गनिन्छन् । उनीहरू अनेक जन्म र अनेक कल्पको क्रममा निर्वाणको प्रथम अवस्थावाट च्यूत हुँदैनन् । उनीहरू सत्काय दृष्टिको अनुसय भूमिमा फर्कन योग्य हुँदैनन् अर्थात् पृथक्जनको अवस्थामा फर्कन्दैनन् । उनीहरू **स-उपादिसेस निब्बान-**को पहिलो अवस्थामा स्थायि रूपले आरूढ भइसकेका हुन्छन् र अनेक भव-चक्र र लोक-चक्रको अवधिमा इच्छानुसार उनीहरूले मनुष्य, देव र ब्रह्माको सुख-सुविधा अनुभव गर्दछन् ।[A]

A. **विशेष व्याख्याको निमित्त मेरो "चतुसच्च दीपनी" र "परमत्थ संखित्त"** हेर्नहोस

यी आर्यहरूलाई मार्ग र फल प्राप्त हुना साथै यस आठ मग्गङ्ग तत्क्षणमा नै प्राप्त हुन्छ। उदाहरण स्वरूप– लौकिक कुशल क्षणमा तीन शील-स्कन्ध मार्गङ्ग शील कुशलसंग सम्बन्धित् रहन्छ। तीन समाधि-स्कन्ध मार्गङ्ग र दुइ प्रज्ञा-स्कन्ध मार्गङ्ग चाहिं अनेक प्रकारका कुशल कर्मसंग सम्बन्धित् रहेको हुन्छ।

तीन शील-स्कन्ध मार्गङ्ग शील कुशल कर्मसंग मात्र सम्वन्धित् रहेता पनि आर्यहरूमा अनेक जन्म, अनेक कल्पसम्म अवीतिक्कम शीलको[I] रूपमा स्थिर रूपले स्थापना हुन्छ।

आठ मग्गङ्ग समाप्त।

सैंतीस बोधिपक्षीय धर्ममा १४ सार धर्म[II] समावेश भएका छन्। ती हुन्– छन्द, चित्त, तत्र-मज्झत्तता, सद्धा, पस्सद्धि, पञ्ञा, वितक्क, वीरिय, तीन विरति, सति, पीति, र एकग्गता।

I उल्लंघन नगर्ने।

II (१) छन्द (इच्छा), (२) चित्त (चेतना), (३) तत्रमज्झत्रता (उपेक्षा-भाव) (४) सद्धा (श्रद्धा), (५) पस्सद्धि (प्रश्रब्धि), (६) पञ्ञा (प्रज्ञा), (७) वितक्क (वितर्क), (८) वीरिय (वीर्य, (९) सम्मा वाचा (सम्यक्-वचन), (१०) सम्मा-कम्मन्त (सम्यक्-कर्मान्त), (११) सम्मा-आजीव (सम्यक्-आजीविका), (१२) सति (स्मृति), (१३) पीति (प्रिति), (१४) एकग्गता (एकाग्रता)।

नवम् परिच्छेद

बोधिपक्खिय धम्म कसरी अभ्यास गर्ने ?

बुद्ध-शासनमा समागम भएका सत्वहरूले **अरियसोत** (आर्य स्रोत) को स्तर सम्म पुग्नको लागि पहिले शील-विशुद्धिको स्थापना गरी माथि उल्लेखित् बोधिपक्षीय-धर्मको अभ्यास गर्नु पर्दछ ।

अब म अभ्यास गर्ने तरिकाको छोटो विवरण प्रस्तुत गर्दछु ।

सात विशुद्धिको अभ्यास नै बोधिपक्षीय धर्मको अभ्यास हुन आउँछ ।

विशेषत: "चित्त-विशुद्धि" शमथ यानिक तरिका अपनाउने साधकहरूलाई मात्र आवश्यक हुन्छ ।

"मग्गामग्ग ञाणदस्सन विसुद्धि" 'आर्य मार्ग र फल प्राप्त नभएतापनि प्राप्त भइसक्यो' भनी ठान्ने ती **अधिमानिक** व्यक्तिहरू[I] लाई मात्र आवश्यक हुन्छ ।

सील विसुद्धि, कङ्खावितरण विसुद्धि, पटिपदा ञाणदस्सन विसुद्धि र **लोकुत्तर ञाणदस्सन विसुद्धि** – यी पाँच विशुद्धि सबै प्रकारका

I. **अति अहंकारी व्यक्तिहरू**

व्यक्तिहरूसंग सम्बन्धित् रहन्छन् ।

यी पाँच विशुद्धि मध्ये शील-विशुद्धि तीन **सीलक्खन्ध मग्गङ्ग**-मा उल्लेख भइसकेको छ। यो **आजीवट्ठमक सील** पालन गर्नु पर्छ हुन् ।

साधारणतः चित्त-विशुद्धि कायगता स्मृतिको स्थापना गर्नु हो । **आनापान** (श्वास-प्रश्वास) बाट कायगता-स्मृतिको अभ्यास गर्न सकिन्छ । शरीर जुनसुकै **इरियापथ**मा रहेता पनि इच्छा हुने बेलामा श्वास-प्रश्वासमा ध्यान दिनु सामान्य रूपले कायगता-स्मृतिको अभ्यास गर्नु हो । "**गच्छन्तो गच्छामीति पजानाति**" अर्थात् 'गइरहे गइरहेको छु' आदि रूपले जान्नुमा ध्यान दिई कायगता-स्मृतिको अभ्यास गर्न सकिन्छ र शारीरिक सञ्चालन कार्यमा स्मृति सम्प्रजन्यद्वारा कायगता-स्मृतिको स्थापना हुन्छ । **द्वत्तिंसाकार** मध्ये **तचपञ्चक** द्वारा पनि कायगता-स्मृतिको स्थापना गरिन्छ । यहाँ, कपाल, रौं, नङ्ग, दाँत र छालालाई **तचपञ्चक**[A] भनिन्छ । शरीर जुन सुकै **इरियापथ**मा रहेता पनि इच्छानुसार यी **तचपञ्चक**मा अविछिन्न रूपले ध्यान दिन सकेमा कायगता-स्मृतिको स्थापना गरेको हुन्छ । आफ्नो शरीरमा भएको **अट्ठि** (हाड) द्वारा पनि कायगता-स्मृतिको स्थापना गर्नु हुन्छ । आफ्नो टाउकोको हाडमा स्थिर र अविछिन्न रूपले ध्यान दिन सकेमा पनि कायगता-स्मृतिको अभ्यास

A. **अंगुत्तर निकाय, एक-निपात, ९ अप्पञ्ञात सुत्त,** (p. 53, 6th syn. Edn.)

गरेको हुन्छ । शुरू शुरूमा शरीरका नाम र रूप स्कन्धलाई विश्लेषणात्मक रूपले विभाजित गरी यसमा स्थिर र अविछिन्न रूपले ध्यान दिन सकेमा कायगता-स्मृति भावना पूर्ण हुन्छ ।

यो भयो कायगता-स्मृति भावना गर्ने संक्षिप्त तरिका ।

दिट्ठि-विसुद्धिको क्रममा **पथवी धातु, आपो धातु, तेजो धातु, वायो धातु, आकास धातु, विञ्ञाण धातु** भनी यी ६ धातुलाई शरीर- स्कन्धमा विश्लेषणात्मक रूपले छुट्याउन सकेमा **दिट्ठि विसुद्धिको** कार्य पूर्ण हुन्छ ।

कङ्खावितरण विसुद्धिको क्रममा माथि उल्लेखित् चार **धातु** र **आकास धातु** उत्पति-हेतु कर्म, चित्त, ऋतु र आहार हुन् । छ **विञ्ञाण** उत्पत्ति हेतु भिन्न-भिन्न आलम्बन छ वस्तु रूप हुन् । यी ६ हेतु-समूहलाई नियन्त्रण गर्न सकेमा **कङ्खावितरण विसुद्धि** पूर्ण हुन्छ ।

पटिपदा ञाणदस्सन विसुद्धिको अर्थ हो– अनित्य, दु:ख र अनात्मका तीन लक्षण । माथि उल्लेखित् ६ धातुमा यी तीन लक्षणलाई राम्रोसंग जान्न सकेमा **पटिपदा ञाणदस्सन विसुद्धि** प्राप्त हुन्छ ।

लोकुत्तर ञाणदस्सन विसुद्धिको अर्थ हो, चार **लोकुत्तर मग्ग ञाण** ।

यो भयो पाँच विशुद्धिको संक्षिप्त विवरण ।[A]

संक्षेपमा बोधिपक्खिय धम्म समाप्त ।

★

A. चार धातु, ६ विञ्ञाण छुट्याउने विधि, भावना गर्ने विधिको विस्तृत वर्णनको निमित्त मेरो "लक्खण दीपनी", "विज्जामग्ग दीपनी" र "आहार दीपनी" हेर्नुहोस् ।

दसम् परिच्छेद

सासन–दायाद

यी सैंतीस बोधिपक्षीय धर्मलाई बुद्धका शासन-दायाद भनिन्छ। यी उत्तम शासनमा असंख्य अनन्त मूल्यवान धन हुन्।

अब '**सासनदायज्ज**मा के के समावेश भएका छन्' भन्ने परीक्षा गरुँला।

सासनदायज्जको अर्थ हो, शासन अंश प्राप्त गर्ने क्रिया।

"दातब्बन्ति दायं।"

अर्थ– जुन वस्तु अंशको रूपमा दिइन्छ त्यसलाई '**दाय**' भनिन्छ।

आमा-बाबुले आफ्ना छोरा-छोरीलाई यो साँचिकै दिन योग्य अंश हो।

"दायं आदयातीति दायादो।"

अर्थ– अंश पाउन योग्य भएकोले **दायादो** भनिएको हो।

छोरा-छोरीहरू अथवा उत्तराधिकारीहरू जो अंश पाउनमा योग्य छन्।

"दायादस्स कम्मं दायज्जं।"

अर्थ– अंशियारहरूले अंश पाउने क्रियालाई '**दायज्जं**'

भनिन्छ।

"सासनस्स दायज्जं सासनदायाज्जं।"

अर्थ– शासनको अंश पाउने कार्यलाई **सासनदायाज्जं** भनिन्छ।

बुद्धको अंश प्राप्त गर्ने क्रियालाई **'बुद्धदायाज्ज'** भनिन्छ।

पहिले म दायाद-प्रकृतिलाई दर्शाउँछु। दुइ अंश– शासनमा **आमिस** र **धम्म** नामक दुइ प्रकारका दायाद छन्।

(१) आमिस दायाद–– भिक्षुको भिक्षा, चीवर, सयनासन र गिलानप्रत्यय नामक चतुप्रत्ययलाई आमिस दायाद भनिन्छ।

(२) धर्म दायाद–– शील, समाधि, प्रज्ञा नामक तीन शीक्षा; **सील विसुद्धि, चित्त विसुद्धि,** आदि **सात विसुद्धि;** चार **सतिपट्ठान,** चार **सम्मप्पधान,** आदि सैंतीस वोधिपक्षीय धर्मलाई धर्म-दायाद भनिन्छ।

धर्म-दायाद पनि दुइ किसिमका छन्– ती हुन्– (क) **लोकिय धम्म-दायाद** र (ख) **लोकुत्तर धम्म-दायाद।**

(क) शील, समाधि प्रज्ञाको लौकिक शीक्षा, छ लौकिक विशुद्धि र लौकिक विशुद्धिसंग सम्बन्धित् सैंतीस वोधिपक्षीय धर्मलाई **लोकिय धम्म दायाद** भनिन्छ।

(ख) लोकोत्तर मार्ग र फल अन्तर्गत तीन शिक्षा, **लोकुत्तर ञाणदस्सन** विसुद्धि एक र सैंतीस **लोकुत्तर बोधिपक्खिय धम्म**लाई **लोकुत्तर धम्म दायाद** भनिन्छ।

लोकिय धम्म दायाद दुइ प्रकारका छन्–

(I) **वट्ट निस्सित धम्म-दायद,**

(II) **विवट्ट निस्सित धम्म-दायाद ।**

अथवा यसरी पनि विभाजित गरिन्छ–

(अ) **नियत धम्म-दायाद र**

(आ) **अनियत धम्म-दायाद ।**

(I) बुद्ध-शासनमा राजाका गुरु-पुरोहित, आदि हुने लक्ष लिई, अथवा दर्जा, शक्ति, परिजन र धन आर्जन गर्ने लक्ष्य लिई अथवा अर्को जन्ममा राम्रो र उच्च तहका देवता र मनुष्य भई जन्म लिने लक्ष्य लिई गरिने शील, समाधि र प्रज्ञाको अभ्यासलाई **वट्ट निस्सित धम्म दायाद** भनिन्छ ।

(II) संसार चक्र (लोक-चक्र) तीन प्रकारका छन् । ती हुन् –

(१) **किलेस वट्ट** (क्लेश–चक्र)

(२) **कम्म वट्ट** (अकुशलकर्म-चक्र)

(३) **विपाक वट्ट** (फलभोग-चक्र)

यी संसार-चक्रको अन्तलाई **विवट्ट** वा निर्वाण भनिन्छ । यी तीन प्रकारका **वट्ट** सबै वा आंशिक रूपमा अन्त गर्ने लक्ष्य लिई गरिने शील, समाधि र प्रज्ञाको अभ्यासलाई **विवट्ट निस्सित** भनिन्छ ।

निर्वाण प्राप्त गर्ने अन्तिम लक्ष्यका साथै निर्वाण प्राप्त

नभएसम्म जन्म जन्मान्तरमा सांसारिक सुख-सुविधा प्राप्त गर्ने लक्ष्य लिई गरिने कुशल कर्मको अभ्यास **वट्ट** र **विवट्ट**संग सम्बन्धित् भएको कारणले यसलाई **उभय निस्सित** भनिन्छ । पालि पिटकमा केवल **वट्ट** र **विवट्ट** मात्र उल्लेख गरिएको छ । '**वट्ट-फल** प्राप्तार्थ बढी झुकाव भएकाहरूले **वट्ट निस्सित कम्म** गर्नु पर्दछ र **विवट्ट-फल** प्राप्तार्थ बढी झुकाव भएकाहरूले **विवट्ट निस्सित कुसल कम्म** गर्नु पर्दछ' भनी भन्न सकिन्छ ।

(I) **नियत र अनियत** दुइ मध्ये पृथक्जन पुद्गलमा भएको सत्काय-दृष्टि **अनुसय भूमि** अत्यन्त व्यापक बल्दो अग्निपुञ्ज समान हुन् । पृथक्जन पुद्गलमा बेला मौकामा गरिने शील, समाधि र प्रज्ञाको अभ्यास त्यस अत्यन्त व्यापक बल्दो अग्नि-पुञ्जमा मसिनो थोपाको रूपमा परेको पानी समान हुन् । "म शील पालन गर्दछु ; म शीलले संयुक्त छु ; म समाधिको अभ्यास गर्दछु ; मलाई समाधि-ध्यान थाहा छ ; ममा समाधि छ ; म जान्दछु ; म बुद्धिमान छु ; म चलाक छु ; मैले नाम-रूपलाई जान्दछु ; म नाम-रूपको भावना गर्दछु ;" भनी आदि प्रकारले पालन गरिएका शील, समाधि र प्रज्ञाले 'म' 'म' भन्ने सत्काय-दृष्टि नै उत्पन्न गराउने हुनाले अत्यन्त व्यापक बल्दो अग्निपुञ्जमा —यी शील, समाधि प्रज्ञा मसिनो थोपाको रूपमा परेको पानी समान हुन् । जसरी अत्यन्त व्यापक बल्दो अग्निपुञ्जमा मसिनो थोपाको रूपमा वर्सेको पानीलाई सुकाएर विलीन गराइदिन्छ त्यस्तै किसिमले यस प्रकारका शील,

समाधि, प्रज्ञालाई सत्काय-दृष्टि रूपी विशाल क्षेत्रले विलीन गराई दिन्छ। यसकारण पृथक्जनमा रहेको लौकिक शील, समाधि, प्रज्ञा अनियत जातिका हुन्। पृथक्जनमा शील, समाधि, प्रज्ञा छ भने तापनि ती **तदङ्ग** वा क्षणिक हुन्।

(II) स्रोतापन्नहरूका आजीवट्टमक लौकिक शील; बुद्ध, धर्म, संघका अतुलनीय आर्यगुणमा दृढ रूपले जरा हालिसकेका तिनीहरूका लौकिक समाधि; चार आर्य सत्यलाई साक्षात्कार गर्ने भएका तिनीहरूका लौकिक प्रज्ञा नियत जातिमा पर्दछ।

अनोतप्त दहमा पानीका मसिनो थोपा परिरहे झैं यस प्रकारका लौकिक शील, समाधि, प्रज्ञा स्रोतापन्न पुद्गलमा अनेक जन्म र अनेक कल्पमा विलीन हुँदैनन्।

यो भयो **लोकिय धम्म दायाद** को निर्देशन।

सात शासनाधिकारी :–

(१) **भिक्खु** (भिक्षु)
(२) **भिक्खुणी** (भिक्षुणी)
(३) **सामणेर** (श्रामणेर)
(४) **सामणेरी** (श्रामणेरी)
(५) **सिक्खमाना** (शिक्षमाणा)
(६) **उपासक** र
(७) **उपासिका**

'सिक्खमाना' को अर्थ हो, भिक्षुणी हुनु भन्दा पहिलेको अवस्था।

उपर्युक्त सात प्रकारका उत्तराधिकारीहरू मध्ये पहिलो पाँच 'पञ्चसहधर्मी'[I] हुन् । बाँकी रहेका दुइ स्थिर रूपले त्रि-शरण शरणागत ब्रह्मा, देव, मनुष्य, उपासक र उपासिकामा परिगणित हुन्छन् ।

यी सात प्रकारका उत्तराधिकारीहरू मध्ये चतु-प्रत्यय आमिस दायाद केवल पञ्चसहधर्मीले मात्र उपभोग गर्न सक्छन् । बाँकी दुइले ग्रहण गर्न सक्तैनन् । **लोकिय** तथा **लोकुत्तर धम्म दायाद** चाहिं सबै सातै पक्षले पाउन सक्छन् । यस किसिमको दायाद स्वीकार गर्नमा **लोकिय सील दायाद** को सम्बन्धमा विशेष तथ्यहरू छन् । **लोकुत्तर-सील दायाद** मा पनि **लोकिय-लोकुत्तर समाधि दायाद** दुबैमा पनि; **लोकिय-लोकुत्तर पञ्ञा दायाद** दुबैमा पनि केही विशेषता छैनन् ।

लोकिय सील दायाद--**लोकिय सील** अनुसार विशेष तथ्यहरू उत्पन्न हुने कारण के हो भने पञ्चसहधर्मीले **विनय सील** र **सुत्तन्त सील** दुबैको अंश प्राप्त गर्दछन् । तर उपासक र उपासिकाहरूले केवल **सुत्तन्तसील** को अंश मात्र पाउँदछन् । **विनय-सीलको** अंश पाउँदैनन् ।

सुत्तन्त-सीलको अर्थ हो– पञ्चसहधर्मीको सम्बन्धमा दीघ निकाय, ब्रह्मजाल सूत्र[A]मा उल्लेखित् शील-समूह ।

I. **भिक्षु, भिक्षुणी, श्रामणेर, श्रामणेरी, शिक्षमाणा ।**

A. See the Light of the Dhamma, Vol III, No.2. and the Brahmajala Sutta pudlished by the Union Buddha Sasan Council.

उपासक र उपासिकाहरूको सम्बन्धमा त्यस त्यस सुत्तन्तमा उल्लेखित् आजीवट्ठमक सील, अट्ठङ्ग उपोसथ सील र दसङ्ग सील हुन् । धुतङ्ग सील, इन्द्रिय संवर सील र पच्चयसन्निस्सित सील पनि सुत्तन्त सील नै हुन् ।

लोकुत्तर सील दायाद– लोकुत्तर मग्गङ्गमा समावेश भएका सम्मा-वाचा, सम्मा-कम्मन्त र सम्मा-आजीवलाई लोकुत्तर सील दायाद भनिन्छ । यी शील शासनका पञ्चसहधर्मीले प्राप्त गर्न सक्नेले मात्र प्राप्त गर्न सक्तछन् साथै उपासक र उपासिकाहरूले पनि क्षमता भएकाहरूले मात्र प्राप्त गर्न सक्तछन् । यसकारण लोकुत्तर सीलको सम्बन्धमा कुनै विशेष तथ्यहरू छैनन् । लोकिय-लोकुत्तर समाधि र लोकिय-लोकुत्तर पञ्ञा दुइ दुइमा पनि यही नियम लागू हुन्छ । सात विशुद्धि र सैंतीस बोधिपक्षीय धर्म यी शील, समाधि र प्रज्ञामा समावेश भएका छन् ।

सात शासनधिकारीहरू मध्ये पञ्चसहधर्मीले आफ्नै हितका लागि पनि शासन-अंश प्राप्त गरेका हुन्छन् । साथै त्रिपिटक सहित जम्मा पाँच हजार वर्ष (५०००) सम्म बुद्ध-शासन सुरक्षा गरेको पनि हुन आउँछ । बाँकी रहेका दुइ शासनाधिकारीहरूले केवल शासन-अंश मात्र प्राप्त गरेका हुन्छन् । शासन-अंश प्राप्त गरेको पुद्गलको स्थान भन्दा भेष धारण सहित अंश सुरक्षा गर्ने पुद्गलको स्थान उच्च छ । यसकारण आर्य भई साठी वर्ष भइसकेको उपासकले जन्मले सात वर्षको आज मात्र प्रव्रजित भएको पृथक्जन श्रामणेरलाई पनि वन्दना

गर्नु पर्दछ । त्यस्तै प्रकारले अर्हत् भइसकेको भिक्षुले उनी भन्दा एक घण्टा मात्र उपसम्पन्नले जेष्ट भएको पृथक्जन भिक्षुलाई वन्दना गर्नु पर्दछ ।

यो भयो शासनाधिकारीको विविध रूप ।

धम्मानुधम्म पटिपत्ति– तीन शिक्षा, सात विशुद्धि, सैंतीस वोधिपक्षीय धर्म र **नव लोकुत्तर धर्म**[I] अनुकूल प्रतिपदा भएकोले **धम्मानुधम्म पटिपत्ति** भनिन्छ । यस प्रतिपदा राम्रोसंग आचरण गर्ने सात शासनका अंश प्राप्त पुद्गलहरूलाई **सुप्पटिपन्न** पुद्गल भनिन्छ । तिनीहरूलाई **उजुप्पटिपन्न** पुद्गल, **ञायप्पटिपन्न** पुद्गल र **सामिचिप्पटिपन्न** पुद्गल[A] पनि भनिन्छ । तिनीहरू पृथक्जन भएता पनि आठ आर्यहरूमा प्रथम स्रोतापत्ति **मग्गत्थसेक्ख** पुद्गलहरूमा[II] गणना गरिन्छ । तिनीहरूलाई **धम्मानुधम्म पटिपन्न अरिय** पनि भनिन्छ । तिनीहरू अझै पृथक्जन भएकोले **परमत्थ अरिय**-हरूमा गनिन्दैनन् ।

उपर्युक्त कथनलाई यसरी स्पष्ट गर्दछु ।

सेक्खप्पटिपदा, आदि सूत्रमा[B] भगवान बुद्धले भन्नु भएको

I चार मार्ग, चार फल र निर्वाण ।

A. See NANAMOLI'S VISUDHIMAGGA p. 236 ete.

II. श्रोतापत्ति मार्गको निमित्त प्रशिक्षणमा रहेका व्यक्तिहरू ।

B. संयुक्त निकाय, महावग्ग, संयुक्त पालि, १ मग्ग-संयुक्त ३ सेक्स-सुत्त, (P, 12, 6th syn. Edn.)

छ—

"इमिना अरियेन सीलक्खन्धेन समन्नागतो होति।"

अर्थात् आजीवट्ठमक सील, आदि बोधिपक्षीय धर्मलाई अरिय सील, अरिय समाधि र अरियपञ्ञा भनी देशना गर्नु भएको छ।

आंशिक गुणले परिपूर्ण पुद्गलः---

यसैले बुद्ध-शासनमा त्रि-शरण सहित सदा आजीवट्ठमक शील पालन गरी स्थिर भएको उपासक र उपासिकाहरू भएता पनि आंशिक रूपले सुपटिपन्न, उजुपटिपन्न, ञायपटिपन्न, सामिचिप्पटिपन्न गुणले संयुक्त भएका हुन्छन्। तिनीहरूलाई धम्मानुधम्मप्पटिपन्न अरिय पनि भनिन्छ।

"संघं सरणं गच्छामि।
सुप्पटिप्पन्नो भगवतो सावक संघो।"

आदि रूपले 'संघ' शब्दमा आएको शीलवन्त कल्याण पृथक्जन[I] भिक्षु र भिक्षुणी दुइलाई मात्र गणना गरिन्छ। विनयमा श्रामणेर, श्रामणेरी, शिक्षमाणा, उपासक र उपासिका बाहेक केवल उपसम्पन्न संघलाई मात्र लिइएका छन्।

सुत्तन्त पिटकको उपदेशानुसार बोधिपक्षीय धर्म अन्तर्गतको धम्मानुधम्म पटिपत्तिको राम्रोसंग आचरण गर्ने उपासक वा उपा-

---

I. नैतिक शीलाचरणले सम्पन्न पुद्गल।

सिका भए पनि तिनीहरूलाई श्रमण, ब्राह्मण, भिक्षु, भिक्षुणी पनि भन्न सकिन्छ ।

धम्मपदमा यसरी भनिएको छ––

"अलंकतो चे पि समं चरेय्य, सन्तो दन्तो नियतो ब्रह्मचारी,
सब्बेसु भूतेसु निधाय दण्डं, स समणो, स ब्राह्मणो, स भिक्खु ।"

(–धम्मपद गाथा १४२)

अर्थ– गहणा र वस्त्रले सिंगारिएर पनि शान्त, दान्त, नियम तत्पर ब्रह्मचारी तथा सबैं प्राणी माथि दण्ड दिने कुत्सित विचारलाई त्याग गर्न सक्यो भने त्यो श्रमण हो ; त्यो ब्राह्मण हो, त्यो भिक्षु हो ।

उपर्युक्त गाथानुसार वोधिपक्षीय धर्ममा अन्तर्गत **धम्मानुधम्म पटिपत्तिको** अभ्यास गरी निर्मल चित्त भएको व्यक्ति साधारण गृहस्थ भए पनि उसलाई भिक्षु भन्न सकिन्छ ।

यसरी शासन-अंशियारको महत्ता र उच्चता दर्शाइएको छ ।

शासन-अंश दुइ प्रकारका छन्– असल र खराव । शासन-अंशियार पनि असल र खरावको विभेदले दुइ प्रकारका छन् ।

मज्झिम निकायको मूलपण्णास पालिको **धम्म दायादमा**[A]

A. १ मूलपरियाय-वग्ग, ३, धम्मदायाद सुत्त
(P. 15, 6th syn.)

उल्लेख गरिए अनुसार त्यसको सारांशको रूपमा यहाँ म दर्शाउँछु–

"धम्म दायादा मे भिक्खवे भवथ,
मा आमिसदायादा । अत्थि मे तुम्हेसु अनुकम्पा ।
किन्ति मे सावका धम्म दायादा भवेय्युं,
नो आमिस दायादा ति ।"

अर्थ– भिक्षुहरू, धर्मका अंशियार होऊ । तिमीहरू भौतिक पदार्थका अंशियार नहोऊ । तिमीहरू प्रति मेरो अनुकम्पा छ । मेरो शिष्यहरूमा कुन किसिमले आमिस-दायादलाई त्यागी धम्म-दायाद हुन सकुन्– यही तिमीहरू प्रति मेरो अनुकम्पा हो ।

यस गद्यांशको अर्थ निम्न प्रकारले हुन आउँछ ।

बुद्ध-दायाद दुइ प्रकारका छन्–

(१) आमिस-दायाद र
(२) धम्म-दायाद
(३) आमिस-दायाद तीन प्रकारका छन्––

(क) पच्चयामिस,
(ख) लोकामिस र
(ग) वट्टामिस ।

(क) पात्र (भोजन), चीवर (वस्त्र), सयनासन (विहार, मन्दिर) र गिलान-प्रत्यय (औषधी) को लाभ सत्कारलाई पच्चयामिस भनिन्छ ।

(ख) लोकमा नाउँको प्रसिद्धता, गुण शक्तिको प्रभाव-कारीता, राज गुरु, सेंठ गुरु, शिष्य-संघ र दायक-परिषद बहुलता भएकोलाई **लोकामिस** भनिन्छ ।

(ग) उच्च स्थानमा जन्म लिने, धनाढच परिवारमा जन्म लिने, इच्छा गरेको वस्तु प्राप्त हुने स्थानमा उप्पन्न हुने, आदि भव-सुखलाई **वट्टामिस** भनिन्छ ।

धम्म-दायादको विषयमा व्याख्या गरिसकेको छु ।

भगवान बुद्धले देख्नु भयो कि उहाँको महापरिनिर्वाण पश्चात् जसरी महासागरले घेरिएको द्वीप बाढी बढेकोले तीन प्रकारका छालद्वारा जलमग्न भई वर्वाद पार्दछ । त्यस्तै किसिम-ले शासन पनि तीन श्रेणीका **आमिस-दायाद** सीमान्त सम्म बढ्-नाको कारणले व्याकुल पार्दछ । यसैले भगवान बुद्धले यस उपदेश दिनु भएका हुन्–

"धम्म दायावा मे भिक्खवे भवथ,
मा आमिसदायादा ।"

'अनुकम्पा'को अर्थ हो, भगवान बुद्ध आफ्ना शिष्यहरूलाई हित गर्ने कार्यमा चिन्तित हुनु ।

बाढीले गर्दा महासागरको पानी बढ्छ र द्वीपमा रहेका मानिसहरू डुब्छन् र तिनीहरूलाई यताउति बगाउँछन् । भगवान बुद्धको आनुभावले **आमिस-दायाद** वृद्धिको कारणले उहाँको शासनमा रहेका शिष्यहरू पनि डुब्ने छन् र बगाइने

छन् । अतः तिनीहरूलाई यस महत्वपूर्ण धर्म-दायाद प्राप्त गराउनको निमित्त भगवान बुद्ध चिन्तित हुनुहुन्थ्यो ।

यसैले उहाँले यस उपदेश दिनु भएका हुन्–

"किन्ति मे सावका धम्म दायादा भवेय्युं,
नो आमिस दायादा ।"

यी तीन **दायाद** (अंश) भगवान बुद्धलाई चिन्तित गराउने हेतु भएकोले यी **दायाद**लाई उहाँले निरुत्साह गराउनु भएका हुन् । यसैले यी तीन **आमिस-दायाद** खराब अंश हुन् । भगवान बुद्धले प्रसन्न चित्त गर्नु भई धारण गर्नु भएका स्मृति-प्रस्थान आदि सैंतीस बोधिपक्षीय-धर्मलाई असल-अंश भनिन्छ ।

असल र खराब अंश (दायाद) दर्शाइसकेपछि असल र खराब अंशियारहरू पनि स्पष्ट हुन आउँछ ।

खास गरी, भगवान बुद्धले प्रशंसा गर्नु भएका आमिस श्रेणीका कुनै अंश पनि छन् भन्ने कुरा बिर्सनु हुँदैन । ती हुन्– **पिण्डियाल्लोप भोजन**[I] , **पंसुकूल चीवर**[II] , **रुक्खमूल विहार**[III] र **पूतिमुत्त भेसज्ज** [IV] । यी चार **बुद्ध-दायाज्ज** हुन् । यी चार भगवान बुद्धले पसन्द गर्नु भएका महान् दायाद (अंश) हुन् ।

I **भिक्षाद्वारा प्राप्त भोजन ।**

II **फोहर-मैलामा फ्याँकिएका कपडाका टुक्राहरू गाँसी बनाउने वस्त्र ।**

III **वृक्ष-मुनी एकान्त-स्थानमा बनाइएको बस्ने ठाउँ**

IV **औषधीको लागि प्रयोग गरिने गाई-वस्तुका गन्ध-युक्त पिसाब ।**

त्यसो हो भने दाताहरूले दिएका **अतिरेक लाभ**[1] लाई भगवान बुद्धले किन स्वीकृति प्रदान गर्नु भएको' भन्ने विषयमा पनि जान्न आवश्यक हुन आउँछ । जस्तै उहाँ भन्नुहुन्छ–

"**अतिरेक लाभो विहारो अड्ढयोगो ।**" आदि

अर्थात्, त्रिपिटक नामक **परियत्ति**-शासन **पटिपत्ति**-शासन र **पटिवेध**-शासनको मूल आधार हो । परियत्ति-शासन स्थिर रूपले प्रतिस्थापित भएमा मात्र अरू दुइ शासन स्थिर रूपले स्थापित हुन सक्तछ । मानिसको आयु क्षय हुँदै जाने यस क्षय-कल्पमा परियत्ति-शासनलाई पाँच हजार (५,०००) वर्ष सम्म जोगाई राख्ने काम सानो होइन । शासन-भार बहन गर्ने भिक्षु-संघहरूको काय-बल र ज्ञान-बल दुर्बल हुँदै जान्छन् । "भविष्यमा अतिरेक-लाभलाई त्याग गरी रूख-मूल, इत्यादिमा बसी परियत्ति-शासनको भार वहन गर्न सकिन्दैन" भनी भगवान बुद्धले पहिल्यै देख्नु भयो । एक कारण यो भयो ।

"पारमी परिपक्व नभएका व्यक्तिहरूका लागि सक्दो मात्रामा परियत्ति-कार्य, दान दिने, शील पालन गर्ने, **पञ्ञवानुग्गह** (दया दर्शाउने) क्रियासंग सम्बन्धित् अभ्यास गर्ने मौका प्रदान गरी अर्को जन्ममा अपाय-लोकवाट मुक्त हुने क्षमता प्राप्त गरी भावी बुद्ध-शासनमा संसार-दुःखवाट मुक्त हुन सकुन्" भन्ने भगवान बुद्धको अभिलाषा थियो । यो भयो अर्को

---

1 बढी उपभोग्य वस्तु ।

कारण ।

यी कारणहरूले गर्दा **अतिरेक-लाभ आमिस-दायाद**लाई अनुमति दिनु भएका हुन्

त्यसो भए भगवान बुद्धले **आमिस-दायाद**मा डुब्नको लागि नै भन्नु भएको भएन त ? विशेषतः यसमा भगवान बुद्धले परियत्ति-शासनको लागि **पच्चयामिस** र **लोकामिस** दुइसंग सम्बन्ध भएका परियत्ति पुद्गललाई **आमिस-तण्हा** र **आमिस-दायाद**मा डुब्नबाट बचावत्को निमित्त "**पटिसंखायोनिसो चीवरं पटिसेवती**" आदि **पच्चवेक्खण सुद्धि**को[I] विधिको निर्देशन दिनु भयो । त्यस कारण दुइ प्रकारका **आमिस-तण्हा**संग सम्बन्धित् भएता पनि **पच्चवेक्खणसुद्धि विधि** अनुसार दुइ **आमिस-तण्हा**मा लिप्त नहुने **पच्चयसन्निसित** शील चेतना ज्ञान-प्रज्ञा रूपी जहाजमा चढेमा **आमिस-दायाद** रूपी समुद्रमा डुब्ने, बगाउने सम्भव छैन ।

'**डुबाउनु**' र '**बगाउनु**' शब्दको अर्थ निम्न अनुसार हुन्–

'**डुबाउनु**' को अर्थ हो, **पच्चयामिस, लोकामिस, वट्टामिस** –यी तीन **आमिसमा आदीनव-ञाण** नहुनु । '**बगाउनु**' को अर्थ हो, जीवनको तीनै कालमा (जीवन भर) तीन **आमिसमा** सुख आनन्द अनुभव गरी निकै समयसम्म **आदीनव** (दोष) मा स्मृति नहुनु ।

I समाधिको विशुद्धता अथवा दृष्टि विशुद्धि ।

यसैले प्राणीलाई 'डुबाउनु' र 'बगाउनु'बाट बचाउन **धम्मपद**-मा भगवान बुद्धले भन्नु भएको छः–

"तिण्णं अञ्ञतरं यामं पटिजग्गेय्य पण्डितो ।"

(–धम्मपद गाथा– १५७)

अर्थ– पण्डितजनले जीवनको तीन अवस्था मध्ये एक अवस्थालाई परिशुद्ध पार्नु पर्दछ ।

भनाईको तात्पर्य हो, कोही व्यक्ति जीवनको पहिलो अवस्थामा 'डुबिएछ' र 'बगाइएछ' भने जीवनको दोस्रो अवस्थाना उसले आफूलाई उतार्नको निमित्त परिशुद्ध गर्ने कोशिश गर्नु पर्दछ । कोही व्यक्तिलाई जीवनको दोस्रो अवस्था सम्म पनि 'डुबाइएछ' र 'बगाइएछ' भने उसले आफूलाई तेस्रो अवस्थामा उतार्ने र परिशुद्ध गर्ने कोशिश गर्नु पर्दछ ।

यहाँ 'आफूलाई परिशुद्ध गर्ने' शब्दको अर्थ हो, आफूलाई **आमिस-दायाद**को तृष्णाबाट हटाई बोधिपक्षीय-धर्ममा प्रतिस्थापन गर्नु । अर्थात् चार आर्य-वंश धर्म[1] को राम्रोसंग स्थापना गर्नु । ती हुन्–

चीवर सन्तोस– वस्त्रमा सहजै सन्तोष हुने,
पिण्डपात सन्तोस– भिक्षामा सहजै सन्तोष हुने,
सेनासन सन्तोस– वस्ने ठाँउमा सहजै सन्तोष हुने,
भावनाराम– भावनामा आनन्द अनुभव गर्ने ।

---

1 उच्चवर्गका आर्यहरूका अभ्यास ।

भगवान बुद्धले भन्नु भएको छ–"जीवनको तीनै अवस्थाका सम्पूर्ण समयमा **आमिस-दायाद** (अंश) मा कोही व्यक्ति 'डुबेको' र 'बगेको' छ भने ऊ अपाय लोकमा पतन हुनेछ ।"

उहाँले **धम्मपद**मा यसरी भन्नु भएको छः—

"अयसाव मलं समुट्ठाय, तदुट्ठाय तमेव खादति ।
एवं अतिधोन चारिनं, तानी कम्मानि नयन्ति दुग्गतिं ।"

(–धम्मपद गाथा– २४०)

अर्थ– जसरी फलामबाट निस्केको खियाले फलामलाई नै खान्छ; त्यस्तै केवल सदाचारको उल्लंघन गर्ने व्यक्तिलाई उसको कर्मले उसैलाई दुर्गतिमा पुर्‍याउंछ ।

जुम्रा प्रेत– भगवान बुद्धले यो उपदेश एक भिक्षुको सम्बन्ध-मा दिनु भएको थियो; जो भिक्षु जेतवनमा मरेर आफ्नै पहि-लेको चीवरमा जुम्रा भई जन्मेको थियो । किनभने मर्नु भन्दा पहिले त्यस भिक्षुको चित्त चीवरको तृष्णामा परेको थियो । एक जोर चीवरमा परेको तृष्णाले त मानिसलाई अपाय-लोकमा पुर्‍याउँछ भने यो भन्दा बढी तृष्णामा लागेकालाई भन्नु नै के ?

चीवर दान लिंदा सांघिक-सम्पत्ति (विनयानुसार संघको-सम्पत्ति) को रूपमा लिइन्छ । यसैले यसलाई **धम्मिक-सम्पत्ति** (धार्मिक वा नियमानुसारका सम्पत्ति) भनिन्छ । भिक्षुहरू पनि २२७ विनय शिक्षा-पद भएका हुन् । २२७ विनय-नियमले सम्पन्न भएको भिक्षुलाई धार्मिक अनुसार प्राप्त भएको एक

जोर चीवरले त अपाय-लोकमा पुऱ्याएछ भने लोभको वशमा परी धेरै सम्पत्ति आर्जन गर्ने केवल पाँच शिक्षाले सम्पन्न साधारण गृहस्थहरूका विषयमा भन्नु नै के ? यस्तो कुरामा ध्यान दिई मानिसले संवेग[I] उत्पन्न गर्नु पर्दछ ।

महाजन उपमा– करोडौं रूपियाँका चाँदी, करोडौं रूपियाका सुन, र करोडौं रूपियाका मोति भएको एउटा धनी मानिस थियो । 'आपत्ति आइ-पर्दा पाँच शत्रुबाट[II] बच्नको निमित्त र छोरा-नातिहरूले समेत उपभोग गर्न सकुन्' भन्ने मनसायले उसले सबै धन जमिनमा गाड्यो र तुरन्त प्रयोगमा ल्याउनलाई केवल साठी हजार रूपियाँ, धान, चामल, लुगा-फाटो र गहणा बाहिर राख्यो ।

यस धनी मानिसका छ वटा छोराहरू थिए । उसको मृत्यु पछि छ वटै छोरा (अंशियार)हरूले ती सम्पत्ति छं भागमा बराबर गरी बाँडे । त्यस्तै गरी जमीन मुनि गाडिएका धनमा पनि चिह्नो राखे । 'यी गाडिएका धन ती अंशियारहरूले आफ्-आफैले खनेर लिन सके मात्र पाउँथे' भन्ने प्रस्ताव राखे ।

ती छोराहरू मध्ये एक जना साह्रै लोभी थियो । तुरन्त प्रयोगमा ल्याउन सकिने ती धनले मात्र ऊ सन्तोष भएन । गाडिएका धन पाएमा मात्र उसलाई पूर्ण संतुष्टि आउने भए-

I भावनाद्वारा यस संसारको दुःखमा भय उत्पन्न हुनु (see the Light of the Dhamma, Vol. VII. No 3. P 17)
II राज-भय, चोर-भय, शत्रु-भय जल-भय र अग्नि-भय ।

कोले यसलाई पाउन ऊ धेरै समय पर्खन सकेन । प्रवल लोभको कारणले उसले दु:ख-कष्ट गरी आफैले जमीन खनी सम्पत्ति प्राप्त गरी धनी भए ।

अर्को चाहिं छोरो साह्रै उद्योगपरायण थियो । धेरै समय-सम्म दु:ख कष्ट भोग्नु परे तापनि ऊ दु:ख कष्टमय काम नसम्झने खालको थियो । बरु सरल कार्य भनी सम्झन्थ्यो । यसरी प्रवल वीर्यद्वारा करोडौं रूपियाँको सुन, चाँदी झिकी धनी भयो ।

अर्को छोरो तृष्णाले आल्पावित थियो । अंश प्राप्त भएको क्षणदेखि उसको मन रत्नमा मात्र टाँसिएको थियो । उसको मन धनमा यतिको अनुरक्त थियो कि खाएको, सुतेको नै उस-लाई पत्तो भएन । यस किसिमको दु:ख कष्ट सही चाडै नै गाडिएका सुन, चाँदी र करोडौं रूपियाँका सम्पत्ति झिकी सेंठ भयो ।

अर्को छोरो साह्रै चलाक र मेधावी थियो । उसले 'यन्त्र-द्वारा गाडिएको सम्पत्ति सहजै झिक्न सकिन्छ' भनी निर्धक्क भइरह्यो । अनि त्यस बुद्धिलाई प्रयोगमा ल्याई गाडिएको सुन, चाँदी र करोडौं सम्पत्ति झिकी धनी भयो ।

अर्को छोरो निर्लोभी थियो । दश हजार रूपियाँ पाउँदा नै आफूलाई सेंठ भनी ठान्यो । उसले गाडिएको सम्पत्ति लिने इच्छा गरेन । त्यसलाई आफ्नो धन भनेर पनि ठानेन । प्राप्त भएको सम्पत्तिमा नै ऊ संतुष्ट भयो ।

अर्को छोरोले प्राप्त भएको धन-सम्पत्तिलाई थोरै समयमा

नै उडाएर सिध्यायो । उसले गाडिएको धन खनेर लिन साधन किन्नलाई समेत पैसा बाँकी नराखी सबै पैसा व्यर्थमा खर्च गऱ्यो । ऊ यस्तो खराब मानिस भएकोले अन्तमा उसलाई देशबाट निकालि दियो ।

उपमेय– यस उपमामा भगवान बुद्ध त्यस धनी पिता समान हुन् । शील-विशुद्धि र परियत्ति धर्म– खर्च गर्न बाहिर राखिएको धन-सम्पत्ति समान हुन् । ध्यान-अभिज्ञा नामक चित्त-विशुद्धि– गाडिएको चाँदी रूपी सम्पत्ति समान हुन् । दृष्टि-विशुद्धि, आदि चार लौकिक प्रज्ञा-विशुद्धि गाडिएको सुन रूपी सम्पत्ति समान हुन् । लोकोत्तर ज्ञान दर्शन-विशुद्धि गाडिएको मोति-पन्ना रूपी सम्पत्ति समान हुन् । बुद्ध-शासनका भिक्षु र गृहस्थहरू ६ वटा छोरा (अंशियार)हरू समान हुन् ।

(१) शासनका गृहस्थ र श्रमणहरू मध्ये **छन्द-इद्धिपादले** संयुक्त भएका पुद्गलहरू अति लोभले युक्त भएको पहिलो छोरो समान हुन् । **छन्द-इद्धिपादले** युक्त भएको पुद्गल (श्रमण र गृहस्थ)हरू आफूमा भएको शील-विशुद्धि र परियत्ति धर्मको प्राप्तिले मात्र सन्तुष्ट हुँदैनन् । तिनीहरूले 'बुद्ध-शासनमा समागम हुन वा शासनको अंशियार बन्न यतिले पर्याप्त भयो' भनी ठान्दैनन् । उच्च विशुद्धि प्राप्त गर्न प्रबल छन्द, उत्साह गरी त्यस स्थिति प्राप्त गर्न नसके सम्म तिनीहरू रोक्तैनन् ।

(२) **वीरिय-इद्धिपादले** संयुक्त भएका पुद्गल (श्रमण-गृहस्थ)हरू उद्योगपरायण भएको दोस्रो छोरो समान हुन् ।

यस प्रकारका पुद्‌गलहरू आफूले अहिलेसम्म प्राप्त नगरेको उच्च अवस्थाहरू प्राप्तार्थ अभ्यास गरिरहनमा आनन्दित हुन्छन् ।

(३) **चित्त-इद्धिपाद**ले युक्त भएका पुद्‌गल (श्रमण-गृहस्थ) हरू तृष्णाले आल्पावित भएको तेस्रो छोरो समान हुन् । यस प्रकारका व्यक्तिहरू महान-फल आनिसंश कार्य भनी थाहा पाए पछि तिनीहरूको मन अरू विषयमा नलागिकन केवल यसैमा मात्र एकोहोर लागिरहन्छन् ।

(४) **पञ्ञा-इद्धिपाद**ले युक्त भएका पुद्‌गल (श्रमण-गृहस्थ)-हरू चलाक र मेधावी चौठो छोरो समान हुन् । यस प्रकारका व्यक्तिहरू गम्भीर र प्राप्त गर्न गाह्रो महानिसंश प्राप्त हुने प्रज्ञालाई प्राप्त गर्न पाएमा मात्र मन पसन्द गर्दछन् ।

(५) कुनै पनि **इद्धिपाद**ले संयुक्त नभएका पुद्‌गल (श्रमण-गृहस्थ)हरू केवल तुच्छ **छन्द**, तुच्छ **वीरिय**, तुच्छ **चित्त** र तुच्छ **पञ्ञा**ले युक्त भएका व्यक्तिहरू प्राप्त भएको (नगाडिएको)-सम्पत्तिमा नै सन्तोष भई सेंठ सम्झने खालको पाँचौं छोरो समान हुन् । यस्ता व्यक्तिहरू श्रद्धा र छन्द हीन भएको कारणले उच्च उच्च विशुद्धिलाई यसै जीवनमा आफैले प्राप्त गर्नु पर्ने, आफूलाई चाहिने र आफ्नो हक लाग्ने अंश भनेर सम्म पनि ठान्दैनन् । निन्द्रा कम गरी दीर्घ समय सम्म कोशिश गर्नु पर्ने कार्य भयो भने यसमा तिनीहरूको ध्यान जाँदैनन् । 'यो कार्य गर्न सम्भव छैन' भनी एकातिर फ्याँकी राख्छन् ।

इच्छा शक्ति कमजोर भएको कारणले तिनीहरूको मन यस्तो कार्यमा स्थिर रहँदैन । विविध प्रकारका सिद्धान्त र व्याख्या सुन्दा तिनीहरूले आफ्ना मन बदलिदिन्छन् । तिनीहरूमा प्रज्ञा-ज्ञानको कमिले गर्दा 'यस्ता कार्यहरू आफ्ना क्षमताबाट बाहिरका हुन्' भनी भन्छन् । यसै कारणले भगवान बुद्धले भन्नु भएको छ–

"छन्दिद्धिपादं भावेति, वीरियिद्धिपादं भावेति, चित्तिद्धिपादं भावेति, विमंसिद्धिपादं भावेति ।"

यी शब्दमा भगवान बुद्धले कुलपराम्परादेखि आएको छन्द, आदि हीन भएको **इद्धिपाद**लाई बलियो गर्न जोड दिनु भएको छ । त्यसपछि मात्र नयाँ छन्द र विचार उत्पन्न हुन सक्तछ ।

(६) बुद्ध-शासनमा गृहस्थ-दु:शील, भिक्षु-दु:शील छैठौं छोरो समान हुन् । त्रि-शरण सहित पञ्चशील, **आजीवट्ठमक** शील नामक **निच्च** शील पालन नभएको गृहस्थ उपासक-उपासिकाहरू शासन-अंशले मात्र विमुख हुने होइनन् कि तिनीहरू उपासक-अङ्ग र उपासिका-अङ्गबाट अलग्ग भई हीन-उपासक, हीन-उपासिकामा स्थित हुन्छन् । पाराजिकामा[I] लागेका भिक्षु र श्रामणेरहरू शीलवन्त भिक्षु-अङ्ग र शीलवन्त श्रामणेर-अङ्गको अंशले मात्र विमुख हुने होइनन् कि तिनीहरू हीन-भिक्षु हीन-श्रामणेरको रूपमा स्थित हुन्छन् । गृहस्थहरूले आजैदेखि

I **भिक्षुत्व गुमाउने अपराध ।**

पञ्च शील अथवा **आजिवट्ठमक** शील पालन गर्ने प्रतीज्ञा गरेमा तिनीहरू तुरन्तै उपासक र उपासिका बन्न सक्छन् र शासनका अंशियार पनि ।

यो भयो एउटै पिता (बुद्ध) का सन्तान भएता पनि चार **इद्धिपाद** मध्ये एक न एक **इद्धिपाद** आधार स्वरूप भएमा मात्र आफ्नो हकमा भएको अंश ग्रहण गर्न सकिने कुरो । चार **इद्धिपाद** मध्ये एक **इद्धिपाद** पनि नभएका व्यक्तिहरूले केवल निःसार सम्पत्ति मात्र प्राप्त गर्दछन् । तिनीहरू सार भएको अंश-बाट विमुख हुन्छन् । कोही व्यक्तिहरू निःसार सम्पत्तिलाई पनि दुरुपयोग गरी बुद्ध र बुद्ध-शासनको अंशबाट विमुख हुन्छन् ।

यो भयो भिन्न भिन्न अंश लिनेहरूको कुरा ।

शासनका अंशियारहरूलाई यसरी पनि विभक्त गर्न सकिन्छ–

(१) अनियत अंशियार र
(२) नियत अंशियार ।

(१) **अनियत अंशियार–** आफ्नो पञ्चस्कन्धमा **अनिच्च-ञाण र अनत्तञाण** कहिल्यैं प्राप्त नगरेका व्यक्तिहरूलाई अनि-यत-अंशियार भनिन्छ अनियतको अर्थ हो– ती अनुयायीहरू जो आज सर्वज्ञ-बुद्धको शिष्य र अंशियार छन् भने भोलि तिनीहरू अर्कै गुरूका शिष्य र अंशियार बन्न पुग्छन् । तिनी-हरूले आफू शरणमा गइसकेका बुद्ध-शासनलाई नै तिरस्कार

गरी विगार्न सक्तछन् । लोकमा बुद्ध-धर्मबाट क्रिष्चियन धर्ममा परिणत भई बुद्ध-धर्मलाई तिरस्कार गरी विगार्छन् भने अर्को जन्ममा तिनीहरूले कति सजिलैसंग धर्म परिवर्तन गर्दछन् भन्ने कुरा अनुमान गर्न सकिन्छ ।

त्यस्तै व्यक्ति यो महिनामा सर्वज्ञ बुद्धका शिष्य वन्छ भने अर्को महिनामा अर्कै गुरूका शिष्य । यो वर्षमा सर्वज्ञ बुद्धका शिष्य वन्छ भने अर्को वर्षमा अर्कै गुरुका शिष्य । जीवनको प्रथम वयसमा सर्वज्ञ बुद्धका अनुयायी वन्छ भने दुतीय वयसमा अर्कै गुरुका अनुयायी । जीवनको दुतीय वयसमा सर्वज्ञ बुद्धका अनुयायी वन्छ भने तृतीय वयसमा अर्कै गुरुको शिष्य भई अंश ग्रहण गर्दछ । यस जीवनमा सर्वज्ञ बुद्धका शिष्य र अंशियार छ भने अर्को जन्ममा अर्कै गुरुको शिष्य र अंशियार वन्न पुग्छ ।

यसैले **पटिसम्भिदामग्गमा** भगवान बुद्धले भन्नु भएको छ–

"नानासत्थारानं मुखं उल्लोकेन्तीति पुथुज्जना ।"A

अर्थ– विविध प्रकारका गुरुहरूको मुख हेर्ने भएकोले पृथक्जन भनिन्छ ।

यसको अभिप्राय हो– **अनमतग्ग** संसारमा पृथक्जनहरूको स्थायी रूपले शरण जाने स्थान छैन । आज एउटाको शरण

A. **पटिसम्भिदामग्ग अट्ठकथा, ९ संखारुपक्खञाणदस्सन वण्णना ।** (p. 245 6th syn. Edn.).

भए भोलि अर्कैको शरण। यस महिनामा एउटाको शरण गए अर्को महिनामा अर्कैको शरण। यस वर्षमा एउटाको शरण भए अर्को वर्षमा अर्कैको शरण। यस वयसमा एउटाको शरण भए अर्को वयसमा अर्कैको शरण। यसजन्ममा एउटाको शरण भए अर्को जन्ममा अर्कैको शरण। यस प्रकार भिन्न भिन्न रूपले गुरुको शरण परिवर्तन हुँदै जान्छन्। अनन्त संसारमा सर्वज्ञ बुद्धको शरणागत भएको जन्म साह्रै कम छ। कहिले ब्रह्मालाई भगवान सम्झी शरण जान्छ भने कहिले इन्द्रलाई। कहिले विभिन्न प्रकारका देवताहरूलाई भगवान सम्झी शरण जान्छ भने कहिले सूर्यलाई। कहिले चन्द्रलाई भगवान सम्झी शरण जान्छ भने कहिले नक्षत्रलाई। कहिले भूमस्थ देवतालाई भगवान सम्झी शरण जान्छ भने कहिले दैत्यहरूलाई।

लोकमा दुष्ट र मिथ्या-दृष्टि गुरुहरूको संख्या अनगिन्ति छन्। ती गुरुहरूलाई देख्ने वित्तिकै भगबान भनी शरण गएको पृथक्जनहरूको जन्म पनि अनगिन्ति छन्। कहिले तिनीहरू भगवान भनी नागको शरणमा पर्छन् भने कहिले गरुड, नदी, बन, जङ्गल, वृक्ष, डाँडा, अग्नि, जल[A]लाई भगवान भनी शरण जान्छन्। सत्काय-दृष्टिले मुछिएका पृथक्जनहरूको एक एक जन्ममा भिन्न भिन्न शरणागत भएको भगवान यस लोक-धातुमा अनगिन्ति छन्। जति जति तिनीहरू दृढ भई यिनीहरूको शरणमा जान्छन् उत्ति उत्ति नै तिनीहरू अपाय-लोकमा डुब्दै

A. धम्मपद गाथा—१८८.

जान्छन् ।

यस जन्मबाट अर्को जन्ममा सत्काय-दृष्टि सहित भई घुमिरहेमा शरणागत भगवान पनि फेर्दै जान्छन् । पृथक्जन भाव कस्तो डरलाग्दो, भयंकर र बाधाजनक छ ।

यो भयो– **"नानासत्थारानं मुखं उल्लोकेन्तीति पुथुज्जना ।"** को व्याख्या ।

शरणागत भगवान परिवर्तन भएमा शरण गएको धर्म पनि बदलिन्छ । कहिले पृथक्जनहरू सर्वज्ञ बुद्धद्वारा प्रज्ञप्त गर्नु भएको **अधिसील** धर्मको[I] शरण जान्छन् भने कहिले **गो-सील, गो-व्रत** धर्मको शरणमा पर्छन् । कहिले तिनीहरू कुकुर-व्रतमा शरण जान्छन् भने कहिले अश्व-व्रतमा, कहिले हस्थि-व्रतमा । यसरी तिनीहरूको शरण र शरणागत भगवानको संख्या अतन्त हुन जान्छन् ।

दिट्ठिको विषयमा पनि–– सम्यक्-दृष्टियुक्त धर्मको शरण गएको जन्म भन्दा मिथ्या-दृष्टियुक्त धर्मको शरण गएको जन्म धेरै बढी छन् । जति जति यी मिथ्या-दृष्टिमा लागेर अभ्यास बढाउँदछन् उति उति तिनीहरू अपाय र निरय-लोकमा डुब्दै जान्छन् ।

महानभूल– संसारमा घुमिरहेका पृथक्जनहरूमा अन-गिन्ति महान भूलहरू मध्ये शरणागत भगवान र शरणागत

I. नैतिकताको परिशुध्याई ।

धर्म भुल्नु जस्तो महान भूल अरू छैन । शरणागत भगवान भुल्न गएको कारणले गर्नु पर्ने सबै नियमाचरण पनि भुल्न गई कल्पवृक्ष समान कुशल फल-प्रदायक दुर्लभ मनुष्य-जन्म (**मनुस्सत्त दुल्लभ**)बाट वञ्चित् भई खराब-फल दिने वृक्ष समान निरय-लोकमा उत्पन्न हुनु पर्ने हुन्छ ।

यो भयो अनियत-अंशियारको भविष्यमा हुने अनियत-गति दर्शाइएको कुरो ।

(२) नियत अंशियार– जसले आफ्ना पञ्चस्कन्ध देहमा अनित्य र अनात्म देखी सकेका हुन्छन्; तिनीहरू सत्काय-दृष्टि भूमिबाट मुक्त हुन्छन् र नियत अंशियार हुन्छन् । नियतको अर्थ हो, भावी **अनमत्तग्ग** संसारमा मिथ्या गुरुको शरणबाट मुक्त हुनु । जन्म जन्मान्तरमा तिनीहरू सर्वज्ञ बुद्धका साँच्चैकै सन्तान हुन्छन् । तिनीहरू **बुद्धाभिरत** स्रोतापन्न जाति भई संसारमा अनेक जन्म अनेक कल्प सम्म घुम्नु परेता पनि भगवान बुद्धको गुणलाई एक जन्मबाट अर्को जन्ममा झन् झन् स्पष्ट रूपले साक्षात्कार गर्दै जान्छन् तथा धर्म-गुण र संघ-गुणलाई पनि ।

सील, समाधि, पञ्ञा नामक तीन शासन; **सतिपट्ठान, सम्मप्पधान, इद्धिपाद, इन्द्रिय, बल, बोज्झङ्ग र मग्गङ्ग** नामक सैंतीस बोधिपक्षीय धर्म; यी सबै धर्म-दायाद एक जन्मबाट अर्को जन्ममा तिनीहरूको चित्तमा उत्तरोत्तर वृद्धि हुँदै जान्छन् ।

भगवान बुद्धको परियत्ति-शासन, पटिपत्ति-शासन र पटिवेध-शासन– यी तीन शासन बट्टाभिरत स्रोतापन्नहरूमा अनेक जन्म र अनेक कल्पमा स्थायी रूपले प्रतिस्थापना भएको हुन्छ ।

मनुष्य-सुख, देव-सुख र ब्रह्म-सुख अनुभव गर्दै निरन्तर यस संसारमा घुमिरहेता पनि तिनीहरूको एक जन्मबाट अर्को जन्ममा शरणागत भगवान परिवर्तन हुँदैनन् र तिनीहरू लौकिक भूमि-वासीमा गनिन्दैनन् । तिनीहरू लोकोत्तर भूमि-वासी, आर्य-भूमि-वासी भई घुमिरहन्छन् । तिनीहरू संसार रूपी ओघमा डुबी टाउको मात्र देखिने गरी बगाइएका संसार-वासी, बट्ट दु:ख भोगी पुद्गलहरू झैं हुँदैनन् । स-उपादिसेस नामक प्रथम निर्वाणको साँचै कै भूमि-वासी भई बट्टाभिरत आर्य पुद्गलहरूको सुखानन्द अनुभव गर्दै क्रमिक रूपले अनुपादिसेस निर्वाण तिर माथि माथि उक्लन्दै जान्छन् ।

अनन्त संसारमा सबै बुद्धिमान मनुष्य, देव र ब्रह्माहरूले सर्वज्ञ बुद्धका सच्चा सन्तान भई नियत भूमि वासी हुने इच्छा गरी बुद्ध, धर्म र संघको प्रतीक्षा गरी रहन्छन् र शासनको पनि आशा गरिरहन्छन् । 'यस्तो समागम हुने मौका प्राप्त होस्' भन्ने इच्छाले तिनीहरूले अनेक प्रकारका दान-कार्य गर्दछन् । 'यस्तो समागम हुने अवसर मिलोस्' भन्ने दृढ धारणा लिई अनेक शील पालन गर्दछन् । 'यस्तो समागम हुने मौका प्राप्त होस्' भन्ने मनसायले भावनामा अनेक प्रकारका अभ्यास गर्दछन् ।

यो भयो नियत-अंशियारको यस जन्मबाट अर्को जन्ममा जाने नियत-गति दर्शाइएको कुरो ।

यस उद्देश्यलाई लिएर भगवान बुद्धले सुत्तन्त र अभिधम्म पिटकको अनेक स्थानमा भन्नु भएको छ—

> "तिण्णं संयोजनानं परिक्खया सोतापन्नो होति,
> अविनिपात धम्मो नियतो सम्बोधिपरायनो ।"A

अर्थ– तीन संयोजन[I] लाई काटे पछि पुद्गल स्रोतापन्न हुन्छ । उनी दुःखको भवचक्रवाट मुक्त हुन्छ । उनी बोधिपक्षीय धर्मको नियत अंशियार बन्दछ । उच्च आर्य-मार्ग र फलका भागी बन्दछ ।

नियत र अनियत अंशियार दर्शाइएको कुरो समाप्त ।

प्रेरणा– यसरी विभाग गरी दर्शाएर आएका 'खराब-अंश र असल-अंश दुइ, अनियत-अंश र नियत-अंश दुइ, खराब-अंशियार र असल अंशियार दुइ, अनियत-अंशियार र नियत अंशियार दुइ छन्' भनी बुझेका श्रमण, गृहस्थ, सत्पुरुष, सज्जनहरूले पूर्व-जन्म र पूर्व कल्पमा बुद्ध-शासनमा खराब-अंश लिने इच्छाले प्रार्थना गरी आएका होइनन् । असल-अंश प्राप्त

A. अभिधम्म पिटक, पुग्गलपञ्ञत्ति पालि । (P. 120, 6th syn. Edn.).

I. तीन संयोजन हुन्– सत्काय-दृष्टि, विचिकित्सा र सीलब्रतपरामास । यी मध्ये सत्काय-दृष्टि मुख्य अर्थात् मूल हो ।

गर्ने इच्छाले नै प्रार्थना गरी आएका हुन् । अनियत तदङ्ग अंश प्राप्त गर्ने इच्छाले दान, शील, भावना गरी आएका होइनन् । नियत-अंश प्राप्त गर्ने इच्छाले नै प्रार्थना गरी आएका हुन् भनी आफू-आफूले नै परिश्रम गरी दुःख कष्ट सही सत्य रूपमा गरी आएको काममा ध्यान राखी खराब अंशलाई भगवान बुद्धले प्रतिक्षेप गर्नु भएको जानी बुझी यस जन्ममा बुद्धको शिष्य बुद्धको अंश भएको समयमा आफूलाई खराब अंशियार बन्न नदेऊ । अनियत तदङ्ग अंश ग्रहण गर्ने हुन नदेऊ । बोधिपक्षीय-धर्म नामक असल अंश ग्रहण गर्ने हुन देऊ । नियत अंशियार हुन देऊ ।

दीर्घ संसारमा गरी आएको दान, शील, भावना र वर्तमान कुशल कर्मद्वारा 'भावी जन्ममा मनुष्य भई बुद्धको दर्शन-भेट गरी सांसारिक दुःखबाट मुक्त होस् अथवा मार्ग-ज्ञान, फल-ज्ञान र निर्वाण प्राप्त होस्' भनी धर्म-दायादको प्रार्थना गर्नु युक्तिसंगत हुन आउँछ । यी कुशल-कार्यहरूद्वारा 'भावी जन्ममा भगवान बुद्धलाई दर्शन-भेट गरी धेरै धन-सम्पत्ति होस्; राज-गुरु, सेठ होस्' भनी आमिस दायादको आशिका गर्नु युक्तिसंगत हुँदैन । कुशल-कार्यद्वारा '**भव-सम्पत्ति, भोग-सम्पत्ति, र इस्सरिय-सम्पत्ति** प्राप्त गर्न सकोस्' भनी प्रार्थना गर्नु युक्तिसंगत हुँदैन ।

तर, आजकल गृहस्थ, श्रमणहरूमा **पच्चयामिस तण्हा, लोकामिस तण्हा** र **वट्टामिस तण्हा**को राज्य चलिरहेको छ । वर्तमान युगका स्त्री वा पुरुषले यी तीन **तण्हा**का विपरीत भएका चार

अरिय-वंस धर्मको कुरा सुन्न मन पराउँदैनन् । माथि उल्लेख गरिएका चार **अरिय-वंस** धर्म हुन्—

(१) भोजन प्रत्ययमा सन्तोष हुनु,
(२) चीवर प्रत्ययमा सन्तोष हुनु,
(३) विहार प्रत्ययमा सन्तोष हुनु र
(४) भावना-कार्यमा रमाउनु ।

यी चारलाई भगवान बुद्ध, बुद्धका शिष्यहरू परस्परागत बुद्धका अंशियार भएका श्रमण, गृहस्थ-आर्यहरूले त्याग गर्न अयोग्य धर्म भएकोले **अरिय-वंस** धर्म भनिन्छ ।

[प्रज्ञा-बुद्धि भएका व्यक्तिहरूले यो होस गर्नु पर्ने कुरा हो ।]

प्रज्ञा-ज्ञान कमि भएका व्यक्तिहरूले अनेक कुशल र पुण्य-कार्य नै पर्याप्त छ भनी ठान्दछन् ।

प्रचूर मात्रामा प्रज्ञा-ज्ञानले युक्त भएका व्यक्तिहरूले यस जन्ममा देव-लोकमा **नियत धम्म दायाद**को अंशियार हुन र **वट्टाभिरत** स्रोतापन्न भावमा निश्चित् रूपले पुग्न इच्छा भएमा **आजीवट्ठमक** शील राम्रोसंग पालन गरी माथि उल्लेखित् कायगता-सति भावना स्थापना गरी पञ्चस्कन्ध धर्ममा अनित्य दुःख, अनात्म भावले कम से कम दिनको तीन घण्टा भावनामा अभ्यास गर्नु पर्दछ ।

नियत-अंशियार वट्टाभिरत स्रोतापन्न– पञ्चस्कन्ध मध्ये कुनै एउटामा त्रि-लक्षणद्वारा साक्षात्कार गर्न सकेमा तिनीहरू

नियत-अंशियार र वट्टाभिरत स्रोतापन्न भावमा पुग्दछन् । त्रि-लक्षण मध्ये अनित्य-लक्षण एउटा राम्रोसंग साक्षात्कार गर्न सकेमा नियत-अंशियार र वट्टाभिरत स्रोतापन्न भावमा पुग्दछ ।[A]

शासन अंशको निर्देशन समाप्त ।

बोधिपक्खिय दीपनी समाप्त ।

A. यसको निमित्त 'मेरो लक्खण दीपनी', 'विज्जामग्ग दीपनी' 'आहार दीपनी' र 'कम्मट्ठान दीपनी' हेर्नु होस् । नियत अंशियार वट्टाभिरत स्रोतापन्न पुद्गलको निमित्त मेरो 'चतुसच्च दीपनी' र 'परमत्थ संक्खित' को 'निब्बान प्रकरण' हेर्नु होस् ।

मेरो अरू पुस्तकहरू : —

प्रकाशित:

(१) बुद्ध-वचन (अनु.)
(२) नारी प्रति बुद्धका देन
(३) विधुर जातक
(४) मग्गङ्ग दीपनी (अनु.)
(५) विपश्यना अभ्यास पद्धति (अनु.)
(६) महाचीन यात्रा (अनु.)
(७) बुद्धका प्रथम सन्देश (अनु.)

प्रकाशन प्रतीक्षामा:

(१) बुद्ध-धर्म-संघ
(२) जिगु पौ
(३) महायान छगू लघु अध्ययन
(४) उपयोगी विचार धारा
(५) A SHORT NOTE ON BUDDHISM IN NEPAL
(६) नियाम दीपनी

काठमाडौंस्थित शाक्य प्रेसमा मुद्रित । फोन नं. १३६०४